




नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

बुधबार, कात्तिक १५, २०७४ | Wednesday, November 1, 2017 | www.newsofnepal.com | नेसं ११३८ कछलाथ्व: १२ | वर्ष २३, अंक २८६ | पृष्ठ १२ | मूल्य रू. १०/–



२ { हुम्लामा वाम गठबन्धन र कांग्रेसबीच कडा प्रतिस्पर्धा
५ { सर्वोच्चमा निर्वाचन सम्बन्धी रिटैरिट
९ { कांग्रेसको घोषणापत्र सार्वजनिक
१० { मलको अभावले हिउँदे बाली प्रभावित


# पूर्वसभासद् ढुंगेल जेल चलान

मधुसूदन रायमाझी
काठमाडौं

सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैदको सजाय तोकिएका नेकपा माओवादी केन्द्रका पूर्वसभासद् बालकृष्ण ढुंगेललाई जेल चलान गरिएको छ। ढुंगेललाई काठमाडौं जिल्ला अदालतको अनुमतिपत्रपछि सदरखोर डिल्लीबजार जेल चलान गरिएको हो।

अदालतका अनुसार ढुंगेलले १२ वर्ष ५ महिना २२ दिन जेल बस्नुपर्नेछ। आठ वर्षअघि द्वन्द्वकालीन घटनामा ओखलढुंगा पोकलीका उज्जनकुमार श्रेष्ठको हत्या अभियोगमा ढुंगेललाई सर्वस्वसहित जन्मकैदको सजाय सुनाइएको थियो। तर द्वन्द्वकालीन घटना भएको भन्दै ढुंगेललाई यसअघि प्रहरीले पक्राउ गरेको थिएन। मंगलबार ललितपुरको सातदोबाटोस्थित डेराबाट ढुंगेललाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको थियो। जेल चलान हुने क्रममा प्रतिक्रिया दिँदै पूर्वसभासद् ढुंगेलले आफूलाई जनयुद्धकालीन मुद्दामा फसाउन खोजिएको बताउँदै यो घटनाबाट शान्ति प्रक्रिया भंग हुने चेतावनी दिनुभएको थियो। ढुंगेललाई डिल्लीबजारस्थित सदरखोरको 'ख' ब्लकमा राखिएको छ।



यसअघि ओखलढुंगा जिल्ला अदालतमा ढुंगेलले ८ वर्ष बन्दी जीवन बिताइसकेका छन्। सो अवधि कटाएर बाँकी बसेको १२ वर्ष ५ महिना जेल बस्दै ढुंगेलले आफ्नो निजी आर्जन र अंशबापत प्राप्त चलअचल सम्पत्ति सरकारलाई बुझाउनुपर्ने हुन्छ। जेलमा राम्रो आचरण भएमा जेलरको सिफारिसमा मन्त्रिपरिषद्को बैठकले ५० प्रतिशत कैद भुक्तान गरेपछि आममाफी दिन सक्ने व्यवस्था रहेको छ। त्यस्तो आममाफी दशैं-तिहार र संविधान दिवसको अवसरमा सरकारको सिफारिसमा राष्ट्रपतिले दिन सक्ने कानुनविद्हरूको तर्क छ।

सर्वस्वसहित जन्मकैदको सजाय पाएका माओवादी नेता ढुंगेललाई सातदोबाटोबाट पक्राउ गरेलगत्तै प्रहरीले बबरमहलस्थित काठमाडौं जिल्ला अदालतमा ल्याएको थियो। अदालती प्रक्रिया सकेर उहाँलाई बाहिर निकाल्ने क्रममा अदालतको ढोकाबाट निस्कँदै गर्दा ढुंगेल हात हल्लाउँदै बाहिरिनुभएको थियो।

नेकपा माओवादी केन्द्रले पूर्वसभासद् ढुंगेलको पक्राउ शान्ति सम्झौताविपरीत रहेको बताउँदै तत्काल रिहा गर्न सरकारसँग माग गरेको छ। ढुंगेलको पक्राउ शान्ति सम्झौताविपरीत रहेको निष्कर्ष निकाल्दै माओवादी केन्द्रले तत्काल रिहा गर्न माग गरेको हो।

माओवादी केन्द्रका प्रवक्ता पम्फा भुसालले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'द्वन्द्वकालीन मुद्दा सत्य तथा मेलमिलाप आयोगबाटै समाधान गरिनुपर्छ, शान्ति सम्झौताको मर्मविपरीत ढुंगेलको गिरफ्तारी निन्दनीय छ। ढुंगेललाई तत्काल विनासर्त रिहा गर्नुपर्छ।' माओवादीले ढुंगेलविरुद्ध लगाइएको मुद्दा सत्य तथा मेलमिलाप आयोगले नै हेर्नुपर्ने माग गरेको छ।

निर्वाचनका समयमा आएर ढुंगेललाई पक्रनु निर्वाचन नगर्ने षड्यन्त्र हुन सक्ने आशंका गर्दै प्रवक्ता भुसालले विस्तृत शान्ति सम्झौताको क्षेत्राधिकार नाघेर ढुंगेललाई पक्राउ गर्नु दुर्भाग्यपूर्ण रहेको प्रतिक्रिया दिनुभयो। निर्वाचनको मुखमा आएर ढुंगेललाई पक्राउ गर्नुले सरकारले तोकिएकै मितिमा निर्वाचन नगर्ने हो कि भन्ने आशंका जन्माएको बताउँदै उहाँले भन्नुभयो- 'ढुंगेललाई रिहा गर्नुपर्छ सरकारले तोकिएकै मितिमा निर्वाचन सम्पन्न गराउनै पर्छ, अहिलेको सरकारको काम भनेकै तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्नु हो।' ढुंगेल पहिलो संविधानसभामा ओखलढुंगा-२ बाट निर्वाचित सभासद् हुन्।

क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्यले द्वन्द्वकालीन घटनाको विषयलाई लिएर ढुंगेल पक्राउ पर्नु गलत भएको प्रतिक्रिया दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# मौसमविद् फेल

## 'पोस्ट मनसुन' सक्रिय

टीका बन्धन, काठमाडौं



मौसमविद्हरूको पूर्वानुमानलाई गलत सावित गर्दै मनसुन उत्तरार्द्धको वर्षा 'पोस्ट मनसुन'को प्रभाव मुलुकका अधिकांश भेगमा फैलिएको छ। यस्तो प्रभाव अझै केही दिन दोहोरिने भएको छ।

यसअघि मौसमविद्हरूले अस्ति सोमबारदेखि मौसममा सुधार आउने बताएका थिए। तर वायुमण्डलमा रहेको न्यून चापीय क्षेत्र (वर्षा गराउने प्रणाली)को प्रभाव मुलुकको पूर्वी र मध्य भेगसम्म यथावत् छ। यससँगै गत साताको अन्यतिर बंगलादेशमा विकास भएको अर्को न्यून चापीय क्षेत्रको प्रभाव पूर्वी भेगसम्म फैलिएको जल तथा मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सुवास रिमालले बताउनुभयो।

'मुलुकको पूर्वी भेगबाट बाहिरिनुपर्ने वायु हामीले गरेको अपेक्षाअनुसार बाहिरिन सकेन', उहाँले भन्नुभयो- 'केही दिनअघि बंगलादेशमा सतहीरूपमा विकास भएको न्यून चापीय क्षेत्रको प्रभाव पनि थपिँदा मौसम राम्ररी खुल्न नसकेको हो।' सोही प्रभावका कारण अधिकांश भेगको मौसम धुमिएर धेरैजसो पहाडी र तराईका केही क्षेत्रमा छिटफुट वर्षा हुने रिमालले बताउनुभयो।

उहाँका अनुसार यस्तो प्रभाव आज बुधबार र भोलि बिहीबार पनि अधिकांश भेगमा दोहोरिनेछ भने हिमाली भेगमा हिमपातको उच्च सम्भावना छ। 'पोस्ट मनसुन' सक्रिय भएसँगै यो हप्ता अधिकांश भेगमा वर्षा हुने क्रम दोहोरिएको छ। मंगलबार पनि काठमाडौं, ओखलढुंगा, धनकुटा, विराटनगर, धरान, जनकपुर, जिरीलगायत आसपासका क्षेत्रमा वर्षा भएको थियो।

वर्षाका कारण मुलुकका अधिकांश स्थानको तापक्रम घटेर जनजीवन प्रभावित हुन थालेको छ। मनसुनलगत्तै अक्टोबर र नोभेम्बर महिनामा हुने वर्षालाई पोस्ट मनसुनका रूपमा बुझ्ने गरिन्छ।

'पोस्ट मनसुन'को प्रभावका कारण गत आइतबार काठमाडौं उपत्यकामा यस वर्षको सबैभन्दा बढी चिसो महसुस गरिएको थियो। सो दिन उपत्यकाको न्यूनतम तापक्रम ९ दशमलव ५ डिग्री सेल्सियस रेकर्ड भएको थियो। अन्यत्र पनि तापक्रम घट्दो अवस्थामा छ। तर महाशाखाका अधिकारीहरू भने अहिलेको चिसो असामान्य भइनसकेको दाबी गर्छन्। महाशाखाकै तथ्यांकअनुसार अंग्रेजी महिनामा काठमाडौं उपत्यकाको औसत न्यूनतम तापक्रम १३ दशमलव ४ डिग्री सेल्सियस हो।

मंगलबार अपराह्न उपत्यकाको न्यूनतम तापक्रम १२ डिग्री रेकर्ड भएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# सुरक्षा व्यवस्था अन्तिम चरणमा

काठमाडौं, (नेस)

भोलि बिहीबार हुने उम्मेदवार मनोनयन दर्ताको सुरक्षा व्यवस्था सुदृढ बनाइएको बताइएको छ।

मंसिर २१ गते हुने दोस्रो चरणको निर्वाचनका लागि भोलि उम्मेदवार मनोनयन दर्ता हुन लागेको हो। त्यसका लागि सुरक्षा तयारी अन्तिम चरणमा पुगेको पनि मंगलबार निर्वाचन आयोगमा बसेको बैठकमा जानकारी गराइयो। बैठकमा प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले आगामी निर्वाचनका लागि तयार गरिएको सुरक्षा योजना र त्यसको कार्यान्वयनको तयारीप्रति सन्तोष व्यक्त गर्नुभयो।

दोस्रो चरणमा निर्वाचन हुने प्रतिनिधिसभाका १ सय २८ सदस्य र प्रदेशसभातर्फ २ सय ५६ सदस्यको निर्वाचनका लागि बिहीबार उम्मेदवारको मनोनयनपत्र दर्ताको कार्यक्रम रहेको छ। उहाँले समग्र निर्वाचन प्रक्रिया शान्तिपूर्णरूपमा सम्पन्न गर्न भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सुरक्षा निकायहरूलाई निर्देशन दिनुभयो।

निर्वाचन आयुक्त सुधीरकुमार शाहले निर्वाचनका लागि तयार गरिएको सुरक्षा योजनालाई त्रुटिरहित ढंगबाट कार्यान्वयन गर्न चारवटै सुरक्षा निकायलाई उच्चस्तरको समन्वय र सम्पर्कमा रही काम गर्न निर्देशन दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# राजपा र फोरमबीच सिट बाँडफाँडमा सहमति

काठमाडौं, (नेस)

आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम नेपालबीच सिट बाँडफाँडमा सहमति भएको छ।

सातैवटै प्रदेशमा तालमेल गरेर जाने भनिए पनि राजपा र फोरमबीच २ नम्बर प्रदेशका लागि मात्र सहमति भएको छ। सहमतिअनुसार २ नम्बर प्रदेशको प्रतिनिधिसभाको ३२ सिटमध्ये १७ सिट फोरम नेपालको भागमा परेको छ भने १५ सिट राजपाको भागमा परेको छ। त्यस्तै, प्रदेशसभाको ६४ सिटमध्ये ३३ फोरम र ३१ राजपाको भागमा परेको छ।

मंगलबार दिउँसो काठमाडौंको तीनकुनेस्थित कार्यालयमा राजपा र फोरमका नेताहरूबीच सहमतिपत्रमा हस्ताक्षर भएको राजपाका महासचिव मनिष सुमनले *नेपाल समाचारपत्र*लाई बताउनुभयो। सुमनले प्रत्यक्षतर्फको सिटमा मात्र सहमति भएको बताउनुभयो।

उहाँले समानुपातिकमा आ-आफ्नो दलको प्रचार-प्रसार आफैले गर्ने बताउनुभयो। सुमनका अनुसार प्रत्यक्षमा राजपाको भागमा परेको स्थानमा राजपाको निर्वाचन चिह्न मात्र रहनेछ भने फोरमको भागमा परेको सिटमा फोरमको चुनाव चिह्न मात्र रहनेछ। जसका लागि निर्वाचन आयोगसँग समेत छलफल भएको सुमनले बताउनुभयो। कांग्रेससँग पनि तालमेल भएको खण्डमा दुवै पार्टीले आ-आफ्नो भागमा परेको सिट छोड्ने सहमति भएको सुमनले जानकारी दिनुभयो।

# बागदरबार भत्काएर नयाँ भवन

ईश्वरराज ढकाल, काठमाडौं

कार्यालय भवन बनाउने विषयमा काठमाडौं महानगरपालिका र पुरातत्त्व विभागबीच कुनै पनि विवाद नरहेको र महानगरले तत्कालीन बागदरबार पुनर्निर्माण ढाँचा स्वीकृत गरिनसकेको महानगरका प्रमुख विद्यासुन्दर शाक्यले बताउनुभएको छ।

'अहिले सबैले बागदरबार भनिरहेको भवन हरिभवन हो। यो विसं १९९० सालभन्दा पछि निर्माण भएको हो। यस भवनमा पुरातात्त्विक वस्तु राखिएका छैनन्। पुनर्निर्माणका क्रममा फेला परे हामी पुरातत्त्व विभागसँग समन्वय गरेर संरक्षण गर्छौं।' -प्रमुख शाक्यले जानकारी दिनुभयो।

उहाँले भवनको पुनर्निर्माण पुरातात्त्विक आधारमै गर्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'विभागसँग हाम्रो कुनै विवाद छैन पुरानै संरचनाको आधारमा पुनर्निर्माण गर्नेछौं।' कामपाले भवन भत्काउन टेन्डर आह्वान गरी प्रक्रिया थालिसकेको छ। सरकारले पुरानो दरबार रेक्ट्रोफिट गर्ने तयारी गरेको अवस्थामा कामपाले सो भवन भत्काउन लागेको हो।




२०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पनबाट कार्यालय सञ्चालन गर्न नसकिने अवस्थामा पुगेको बागदरबारमा राजस्व विभाग, शहरी विकास विभागबाहेक काठमाडौं महानगरपालिका कार्यालय राष्ट्रिय सभागृहमा सरेको थियो। हाल ती कार्यालयमध्ये अधिकांश पुरानै भवनमा सञ्चालन भइसकेको छ। कामपाले सामान्य अध्ययन गरी स्थान अभावका कारण करिब एक दर्जन कार्यालय बागदरबारबाटै सञ्चालन गरिरहेको छ। सभागृह कार्यालय सञ्चालनका लागि नभई सार्वजनिक कार्यक्रमका लागि हो, त्यसैले सभागृहबाट कार्यालय सार्नू भनेर निर्देशन दिइसकेपछि महानगर बागदरबारसँगै जोडिएको जेडीए कम्प्लेक्सको पाँचौं तल्लाका केही भाग र छैटौं तल्लाका केही भाग भाडामा लिएर सरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)






प्रतिनिधिसभा-प्रदेशसभा

# निर्वाचन विशेष

# हुम्लामा वाम गठबन्धन र कांग्रेसबीच कडा प्रतिस्पर्धा





**अर्जुन बोहरा, हुम्ला**

मंसिर १० गते हुने पहिलो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा हुम्लामा वाम गठबन्धन र नेपाली कांग्रेसबीच प्रतिस्पर्धा हुने भएको छ।

गएको वैशाख ३१ गते भएको पहिलो चरणको स्थानीय तह निर्वाचनमा हुम्ला जिल्लाका ७ गाउँपालिका अध्यक्षका उम्मेदवाले पाएको मतको आधार हेर्दा ४ हजार ५ सय मत कांग्रसभन्दा वाम गठबन्धन अगाडि रहेको छ। वाम गठबन्धनबाट माओवादीका जिल्ला इन्चार्ज छिमीदोर्जे लामा प्रतिनिधिसभाको उम्मेदारी बनेपछि माओवादी केन्द्रकै सल्लाहकार छक्कबहादुर लामाले पनि प्रतिनिधिसभाका लागि वागी उम्मेदवारी दिएपछि वाम गठबन्धन र कांग्रेसबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय, हुम्लाको एक निर्वाचन क्षेत्रमा एक प्रतिनिधिसभा र दुई प्रदेशसभा सदस्यका लागि १३ जनाले उम्मेदवारी दिएका छन्। ७ गाउँपालिका, ४४ वडामा ५२ मतदानस्थल रहेको हुम्लामा जम्मा २७ हजार ४ सय ३५ मतदाता संख्या रहेका छ। हुम्लामा माओवादी केन्द्रबाट छक्कबहादुर लामाले वागी उम्मेदवारी दिएका छन्। गत स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले लगभग समान हाराहारीमा मत पाएका थिए। नेपाली कांग्रेसले ६ हजार ८ सय ८६, नेकपा एमालेले ६ हजार ८ सय ६८ र माओवादी केन्द्रले ६ हजार २ सय ७७ मत ल्याएका थिए।

यस आधारमा हेर्दा यहाँ वाम गठबन्धनको १३ हजार १ सय ४५ मत रहेको छ। जुन नेपाली कांग्रेसले पाएको मतभन्दा ६ हजार २ सय ५९ मत बढी हो। हुम्लामा आगामी प्रतिनिधिसभा निर्वाचनका लागि एक निर्वाचन क्षेत्र तोकिएको छ भने यहाँ २७ हजार ४ सय ३५ मतदाता रहेका छन्।

वाम गठबन्धनबाट प्रतिनिधिसभाका लागि छिमीदोर्जे लामा, प्रदेशसभा 'क' बाट दल रावल र प्रदेशसभा 'ख' बाट विजय भण्डारी चुनावी मैदानमा उत्रिएका छन्। नेपाली कांग्रेसबाट प्रतिनिधिसभाका लागि मंगल शाही, प्रदेशसभा 'क' बाट ठानबहादुर रोकाया र 'ख' बाट नेपाली कांग्रेस केन्द्रीय सदस्य भूतपूर्व खानेपानी तथा सरसफाइमन्त्री जीवनबहादुर शाही चुनावी मैदानमा उत्रेका छन्।

उता माओवादी केन्द्रकै वागी उम्मेदवार छक्कबहादुर लामा प्रतिनिधिसभाका लागि उम्मेदवार बनेपछि वाम गठबन्धन र नेपाली कांग्रेसबीच कडा प्रतिस्पर्धा हुने भएको छ।

### माओवादी केन्द्रभित्रै उम्मेदारीको किचलो

हुम्लामा माओवादी केन्द्रभित्रैबाट वाम गठबन्धन तोड्दै पूर्वराज्यमन्त्री छक्कबहादुर लामाले स्वतन्त्र उम्मेदारी दिएका छन्।

केन्द्रमा एमाले र माओवादीबीच चुनावी तालमेल भएपछि प्रतिनिधिसभाको सिट माओवादी केन्द्र हुम्लाका जिल्ला इन्चार्ज छिमीदोर्जे लामाको नाममा टिकट आएपछि माओवादी केन्द्रका जिल्ला नेताहरूबीच किचलो भएको छ। पूर्वमन्त्री लामा स्वतन्त्र उम्मेदवार भएपछि हुम्लामा वाम गठबन्धन धरापमा परेको छ। प्रतिनिधिसभा सदस्य चुनावका लागि एक क्षेत्र रहेको हुम्लामा वाम गठबन्धनका तर्फबाट माओवादी केन्द्रका जिल्ला इन्चार्ज छिमीदोर्जे लामा आशाकारको नाममा टिकट पाएपछि छक्कबहादुर लामा पक्षधरले विरोध जनाएका छन्। २०७० सालको संविधानसभाको चुनावामा तत्कालीन एकीकृत नेकपा माओवादीबाट उठेका बेला पार्टीभित्रैका नेता छिमीदोर्जे लामा आशाकारलगायतका नेताहरूले अन्य पार्टीलाई चुनावी सहयोग गरेकाले आफूले भारी मतले हार्नुपरेको कारण पनि अहिले माओवादी केन्द्रभित्रै वागी उम्मेदवारी दिएको लामाले बताउनुभयो।

माओवादी केन्द्रका सल्लाकार सदस्यसमेत रहेका पूर्वमन्त्री छक्कबहादुर लामाले जिल्लामा आफ्नो पक्षमा जनमत भएको भन्दै केन्द्र पार्टीले हचुवाको भरमा टिकट दिएकाले माओवादी पार्टीभित्रैका नेताहरूले समेत आफूलाई जिताउन स्वतन्त्र उम्मेदवारी दिन दबाब आएपछि आफूले उम्मेदारी दिएको पूर्वमन्त्री लामाले बताए। हुम्लामा अहिले माओवादी केन्द्रका नेता कार्यकर्ता दुई पक्षमा विभाजित भएका छन्। माओवादीका कार्यकर्ता गठबन्धनको तर्फबाट पार्टीका आधिकारिक उम्मेदवारको प्रचारमा गएका छन् भने उता स्वतन्त्र उम्मेदवार छक्कबहादुर लामाको पक्षमा चुनावी अभियानमा पनि लागिरहेका छन्।

गठबन्धनको तर्फबाट प्रदेशसभा 'क' मा नेकपा एमाले पार्टीका जिल्ला अध्यक्षसमेत रहेका दल रावलले आधिकारिक टिकट पाए पनि माओवादी केन्द्रका नेता लालकेश जैसीले वागी उम्मेदवारी दिएर उम्मेदवारी फिर्ता लिएका थिए। उता वागी उम्मेदवार लामालाई फिर्ताका लागि जिल्ला पार्टीदेखि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' समेतले उम्मेदारी फिर्ता लिन अनुरोध गरे तापनि पूर्वमन्त्री लामाले आफ्नो उम्मेदवारी कायम राखेकाले संघका लागि वाम गठबन्धनभित्रै विभाजनको भएको छ।

वाम गठबन्धनविरुद्ध हुम्लामा माओवादीकै नेताहरूले वागी उम्मेदवारी दिएपछि गठबन्धनभित्रै समस्या देखिएको छ ।

उता नेपाली कांग्रेसबाट प्रतिनिधिसभा उम्मेदवार मंगलबहादुर शाहीलाई भने सहज हुने देखिन्छ। पूर्वमन्त्री लामा २०४८ को चुनावमा तत्कालीन जनमोर्चा पार्टीको तर्फबाट नेपाली कांग्रेसका चक्रबहादुर शाहीलाई जम्मा ८ मतले पछि पार्दै विजयीसमेत हुनुभएको थियो। तत्कालीन राजा ज्ञानेन्द्र शाहको पालमा स्थानीय विकासमन्त्री हुँदै भौतिक मन्त्रालयका सहायकमन्त्रीसमेत बन्नुभएको थियो भने २०७० सालको संविधानसभाको निर्वाचनमा पराजित हुनुभयो।

### पूर्वमन्त्री शाही मुख्यमन्त्री बन्ने दाउमा

२०७० सालमा सम्पन्न भएको संविधानसभाको निर्वाचनमा हुम्ला जिल्लाबाट जीवनबहादुर शाही निर्वाचित भएका थिए। संविधानसभाको दोस्रोपटक भएको निर्वाचनमा निर्वाचित भएका उनलाई मंसिर १० गते हुने प्रदेशसभाको निर्वाचनमा निर्वाचित भए प्रदेश नम्बर ६ कै मुख्यमन्त्री बनाउने दाउमा हुम्लाका नेपाली कांग्रेसले चुनावीय नारा बनाएका छन्। नेपाली कांग्रेसका केन्द्रीय सदस्य जीवनबहादुर शाही हुम्ला जिल्लाबाट नै पहिलोपटक क्याबिनेटमन्त्री भएपछि हुम्लामा कांग्रेस कार्यकर्ताले नै नेपाली कंग्रेसबाट पूर्वमन्त्री शाहीलाई प्रदेश नम्बर ६ को मुख्यमन्त्रीका रूपमा अघि सारेपछि चुनावीय प्रचार अभियान शुरू गरेको छ। प्रदेश ६ बाट प्रदेशसभा सदस्यमा नाम सिफारिस भएका नेताहरूमध्ये पूर्वमन्त्री शाही नै वरिष्ठ भएकाले पनि हुम्लामा कांग्रेसले हरेक प्रकारका रणनीति अपनाएर विपक्ष उम्मेदवारलाई कमजोर बनाउँदै तीव्ररूपमा प्रचारमा जुटेका छन्।

उता माओवादी केन्द्र हुम्लाका पूर्वजिल्ला संयोजक विजय भण्डारी प्रतिरोध भने वाम गठबन्धनबाट प्रदशसभाका लागि हुम्ला जिल्लाकै (ख) नम्बरबाट उम्मेदारी दिएका छन्। तर, वाम गठबन्धनले पूर्वखानेपानी तथा सरसफाइमन्त्री शाहीकै पकट मानिएको क्षेत्रमा माओवादी केन्द्रका जिल्लामा प्रभावशाली मानिएका नेतासमेतले उम्मेदारी दिन नमानेपछि कांग्रेसकै गढ मानिएको गाउँ ठेहेबाटै माओवादी नेता भण्डारीले प्रदशसभाको उम्मेदारी दिएका छन्।

हुम्लाको प्रदेशसभा क्षेत्र नम्बर माओवादी केन्द्र र नेकपा एमालेको मत जोडेर हेर्दा कांग्रसको भन्दा २ गुणा बढी मत भएको क्षेत्र मानिन्छ। २०७० सालको निर्वाचनमा कांग्रेस मतका हिसाबले पहिलो, दोस्रो माओवादी केन्द्र र तेस्रो एमालेको रहेको छ। मंसिर १० गते हुने प्रदेशसभाको चुनावको पूर्वसन्ध्यामा नेपाली कांग्रेस हुम्लाले ६ नम्बर प्रदेशकै मुख्यमन्त्री हुने आशाका साथ आफ्ना उम्मेरदारलाई विजयी गराउने उद्देश्यले प्रचार अभियान तीव्र पारेको छ। नेपाली कांग्रेस हुम्लाले प्रतिनिधिसभाका उम्मेदवारी मंगलबहादुर शाहीलाई भन्दा कांग्रेसका कार्यकर्ता बढी प्रदेशसभा (ख) का उम्मेदवार जीवनबहादुर शाहीका लागि चुनावी अभियानमा लागिरहेको समते नेपाली कांग्रेसकै नेताहरूले बताएका छन्। उता माओवादी केन्द्रका वागी उम्मेदारी पूर्वसहायकमन्त्री छक्कबहादुर लामालाई प्रतिनिधिसभामा स्वतन्त्र उम्मेदवारलाई सघाउने र प्रदेशसभाका लागि हुम्लाको क्षेत्र नम्बर 'ख' बाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री जीवनबहादुर शाहीलाई बहुतमले जिताउने गोप्य रणनीतिसमेत भएको वाम गठबन्धनका नेताहरूले आरोप लगाएका छन्।

अहिले नेपाली कंग्रेसका प्रदेश 'ख' का उम्मेदवार एवं पूर्वपर्यटनमन्त्री शाही नेतृत्वको प्रचार टोलीले हुम्लाको उत्तरी क्षेत्र नाम्खा गाउँपालिकामा अभियान सञ्चालन गरेको छ। जिल्लामा दुई वटा प्रचार टोली बनाएको कांग्रेसले प्रदेश 'क' रहेको जिल्लाको दक्षिण क्षेत्रमा जिल्ला पर्टी सचिव मोहनविक्रम सिंहको नेतृत्व र प्रदेश 'ख' रहेको सदरमुकाम आसपासको क्षेत्रमा केन्द्रीय सदस्य शाहीले नेतृत्वमा चुनावी प्रचार अभियान सञ्चालन गरेको नेपाली कांग्रेसका पार्टी सचिव हुम्लाका मोहनविक्रम सिंहले जानकारी दिए।

### चुनावी अभियान शुरू गर्दै वाम गठबन्धन

नेकपा एमाले र नेकपा माओवादी केन्द्र हुम्लाले तीनवटै सिट जिताउनका लागि चुनावी अभियान शुरू गरेको छ। वाम गठबन्धनले हुम्लालाई माओवादी केन्द्रबाट प्रतिनिधिसभा र एक प्रदेशसभा 'ख' गरी दुई वटा सिट र प्रदेशसभा 'क' एमाले हुम्लालाई एक सिट दिएपछि वाम गठबन्धनले निकै उत्साहका साथ प्रचार अभियानको शुरू गरेको छ।

माथिल्लो प्रदेशमा एमालेका नेता लोकबहादुर हमालको संयोजकत्वमा र दक्षिण क्षेत्रमा नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक लालकेश जैशीको संयोजकत्वमा ५१-५१ सदस्यीय चुनाव प्रचारप्रसार समिति गठन गरेर चुलावी अभियान शुरू गरेको छ। त्यसै गरी नेकपा एमाले वैकल्पिक पोलिट ब्युरो सदस्य गोखरबहादुर बोकटीको संयोजकत्वमा ७ सदस्यीय मूल समारोह समिति र ५ सय ८ जानको चुनाव प्रचारप्रसार परिचालन कमिटी बनाएको छ। हुम्लाका तीनवटै सिटमा वाम गठबन्धनलाई जित निश्चित गर्न माओवादी केन्द्र र एमालले अरूभन्दा भिन्न चुनावी अभियान बनाएको वाम गठबन्धनका प्रचार विभागका संयोजक तथा नेकपा एमाले जिल्ला पार्टी सचिव तीर्थराज रोकायाको भनाइ छ।

हुम्लामा निर्वाचनको तयारीका लागि युवा, विद्यार्थी, महिलालगायत अन्य जनवर्गीय संगठनहरूको भेला तथा बैठक बसाली चुनावलाई पहिलो एजेन्डा बनाएका छन्। वाम गठबन्धनले कात्तिक १६ गते हुम्लाको सिमकोटमा अगुवा कार्यकता तथा नेताहरूको चुनावी आमसभाको आयोजना गरेको वाम गठबन्धनका प्रचार विभागका संयोजक रोकायाले बताए।

हुम्लामा पूरै शक्ति परिचालन गरी मंसिर १६ गतेसम्म चुनावी आमसाभाको कार्यक्रममा केन्द्रित बनाउने र आवश्यक सबै तयारीका लागि हुम्लाका ७ गाउँपालिका ४४ वटा वडा र ५२ वटा मतदानस्थलसम्म चुनाव प्रचार गरिसक्ने बताएका छन्। लामो समयको राजनीतिक अस्थिरताले हुम्लाजस्ता पछाडि पारिएका क्षेत्रको विकास सम्भावना नभएकाले स्थायी सरकार निर्माण र राष्ट्रियतालाई जोगाउन एमाले-माओवादीको गठबन्धनलाई भोट हाल्नुपर्ने नारालाई गठबन्दनले निकै प्राथमकिताका साथ अगाडि बढाएको छ।

वाम गठबन्धनले तडकभडकका साथ प्रचार अभियान थालेको छ। विगतमा जति सरकार आए पनि वामपन्थी सरकारले जेष्ठ नागरिकलाई भत्तादेखि थुप्रै सामाजिक काममा उल्लेखनीय काम गरेको उदाहरण दिँदै प्रचार अभियान थालेको प्रदेश 'ख' का उम्मेरदारसमेत रहेका माओवादी केन्द्रका जिल्ला संयोजक विजय भण्डारी प्रतिरोधले बताए।



### साना दलको पनि प्रचार

हुम्ला जिल्लाबाट मनोनयन दर्ता गराएका साना राजनीतिक दलहरूले पनि आफ्नो चुनाव प्रचारप्रसार अभियान तीव्र पारेका छन्। हुम्लाको मुख्य निर्वाचन कार्यालयमा सबै सिटमा मनोनयन दर्ता गराएको नयाँ शक्ति पार्टी हुम्लाले आफ्नो चुनावी प्रचार अभियानलाई शुरू गरेको छ।

जिल्लाको उत्तरी सीमानामा रहेको नाम्खा गाउँपालिकाको लिमीबाट नयाँ शक्तिका केन्द्रीय सचिवालय सदस्य एवं प्रदेश 'ख' का समानुपातिक प्रत्यासी वीरजंग शाहीले प्रचार अभियान शुरू गरेका छन्। प्रदेशसभा 'ख' का हुम्लाबाट उम्मेदार बनेका प्रेमबहादुर शाहीले मंगलबारबाट हुम्लाको उतरी नामख्या गाउँपालिकाबाट चुनावी अभियान शुरू गरेको समेत प्रदेशसभाका उम्मेदवार प्रेमबहादुर शाहीले बताए। प्रतिनिधिसभाका लागि जिल्ला संयोजक तुलबहादुर शाही र प्रदेशसभा 'क' मा धर्मराज ऐडीले समेत आफ्नो पक्षमा मतदान गराउन घरदैलो अभियान सञ्चालन गरेका छन्।

उता संघमा मात्रै मनोनयन दर्ता गरेको जनसमाजवादी पार्टीले पनि नाम्खा गाउँपालिकामा आफ्नो प्रचार अभियान शुरु गरेको छ। पार्टीका प्रदेश नं. ६ का संयोजक तथा संघका उम्मेरदवार रणबहादुर रम्तेलले दक्षिण क्षेत्रमा विशेष प्रचार अभियान सञ्चालन गर्ने जानकारी गराएका छन्।



# राजधानीको नाचघरमा मोरङको पर्खाल





दामोदर न्यौपाने

झोराहाट नाट्य समूह मोरङका कलाकारले राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा मंगलबार *पर्खाल* शीर्षकको नाटक मञ्चन गरेका छन्। समूहका अध्यक्ष भरत गुरागाईंको लेखन तथा प्रयाग न्यौपानेको निर्देशनमा तयार पारिएको नाटक सांस्कृतिक संस्थानले प्रस्तुत गरेको हो।

समसामयिक सामाजिक विषयमा केन्द्रित नाटकमा भरत गुरागाईं, प्रयाग न्यौपाने, अनु श्रेष्ठ, सुदीप कार्की, ओमप्रकाश निरौला, निराशा ढुंगेललगायतले अभिनय गरेका छन्। करिब डेढ घण्टाको नाटक आज बुधबार पनि मञ्चन गरिनेछ।

समाजमा विद्यमान विकृत पक्ष र विशेष गरी दुई दाजुभाइबीचको कलह तथा द्वन्द्वलाई मुख्य विषयवस्तु बनाइएको नाटकमा पर्खाललाई सांकेतिकरूपमा देखाइएको छ। नाटकमा पर्खाललाई दाजुको अहंकारको रूपमा देखाइएको छ। नाटकमा सौतेनी आमाको दमन र बाबुले छोरा र छोरीमाथि गर्ने विभेदपूर्ण अत्याचारलाई पनि रोचक र घोचकरूपमा प्रस्तुत गरिएको छ। सौतेनी आमा र बाबुबाट माया नपाएका ती दुई दाजुबहिनीले काकाको परिवारबाट भने प्रशस्तै माया र स्नेह पाएका हुन्छन्।

दुई दाजुभाइको बीचमा फुट ल्याउनका लागि तेस्रो व्यक्तिले खेल्ने भूमिकालाई पनि नाटकको प्राथमिकतामा राखिएको छ। यसका साथै घरभित्रको कलहले बाल मनोविज्ञानमा पार्ने नकारात्मक प्रभाव र कुलतमा फसेको समाजको हविगतलाई यस नाटकले जस्ताको त्यस्तै छर्लङ्गरूपमा पर्दामा उतार्ने प्रयास गरेको गरेको छ। एकातिर बालिकामाथि सौतेनी आमाको कचकच र धम्कीपूर्ण यातना देखाइरहँदा अर्कोतिर स्वयं सौतेनी आमा बजारिया संस्कृतिको प्रभावमा परेर अरू कसैको प्रेममा फस्न पुगेको वर्तमान समयको समस्यालाई पनि चित्रण गरिएको छ।

विशेष गरी सम्पत्ति र अंशवण्डाले कसरी दाजुभाइबीचमा फुट ल्याउँछ? नाटकले यो प्रश्नको उत्तर खोज्ने प्रयत्न गरेको छ। कुलतमा फसेका कारण दाजुलाई अत्यधिक रिस उठ्नु र भाइप्रति बातैपिच्छे कटुवचन र आशंका गर्नु पनि यस नाटकको मूल मर्म हो। यसका साथै वर्तमान समयमा राजनीतिले हरेक पक्षमा गरेको हस्तक्षेपलाई पनि देखाउन खोजिएको छ। नाटकमा जेलमा परेको व्यक्तिलाई आफ्नो कार्यकर्ताका नाममा छुटाउन राजनीतिले प्रहरी प्रशासनमा पनि आफ्नो वर्चस्व राख्ने प्रचलनलाई स्पष्टरूपमा देखाइएको छ।

दाजुभाइबीचको कलहबाट शुरु भएको नाटक झण्डै अन्तिममा पुग्न लाग्दा दाजुले दुई घरको बीचमा पर्खाल लगाएर भाइको घरतिर नहेर्नेसम्मको स्थितिमा पुग्छ। पर्खालको सानो छिद्रबाट भाइको छोरीले जेठाको छोरीलाई भात खुवाइदिएको दृश्य देखिरहँदा सबैको परेली रसाउन पुग्छ। त्यसै क्रममा हत्या आरोपमा जेल परेको दाइको छोरो जेलबाट छुटेर आउँछ र उसलाई दुई घरबीचमा लगाएको पर्खाल देखेर असह्य हुन्छ। ऊ पर्खाल भत्काउने मनस्थितिमा पुग्दा बाबु भत्काउन नदिने निर्णयमा पुग्छ। यससँगै नाटकको दुःखद अन्त्य हुन पुग्दछ।

नाटकमा भौतिक पर्खाल भत्किए पनि मनको पर्खाल भत्काउन आह्वान गरिएको छ। निकै रोचक र मर्मस्पर्शी नाटकले ग्रामीण जनजीवनको गरिबीको चित्रण र मनभित्र रहेको कुण्ठित विचार, रिस, रागलाई सदाका लागि हटाउन जोड दिएको छ। कार्यक्रममा प्रमुखि अतिथि साहित्यकार चिन्तामणि शिवाकोटीले नाटकको प्रशंसा गर्दै जीवन्त अभिनय गर्ने सबै कलाकारलाई बधाई दिए।



तस्वीरहरु : रंगराज आचार्य

# अमेरिकामा पञ्चायत र नीतालाई अवार्ड



नेपाली फिल्म र अभिनेतृले अमेरिकामा भएको फिल्म फेस्टिवलमा अवार्ड चुमेको छ। ५० वर्षअघिको कथालाई पर्दामा उतारिएको फिल्म *पञ्चायत* र त्यसकी अभिनेतृ नीता ढुंगानाले अवार्ड चुमेका हुन्।

अमेरिकाको क्यालिफोर्नियास्थित सानफ्रान्सिस्कोमा आयोजित *सानफ्रान्सिस्को फिल्म फेस्टिवलमा पञ्चायतले विदेशी भाषाको फिल्म* विधाको अवार्ड पाएको छ। नीताले सोही फिल्मबाट *विदेशी भाषाको फिल्म अभिनेतृ* विधाको अवार्ड पाएकी हुन्। फिल्ममा नीताले पश्चिम क्षेत्रकी किशोरीले भोग्ने समस्यालाई उतारेकी छिन्। अंग्रेजीबाहेक अन्य भाषाका विदेशी फिल्मबाट *पञ्चायत* चुनिएको हो। फेस्टिवल गत अक्टोबर २५ देखि २९ सम्म चलेको थियो। फेस्टिवलमा हलिउड र एसियन फिल्म गरी २ सय फिल्मले प्रतिस्पर्धा गरेका थिए।

१५ वर्षअघिबाट शुरु भएको फेस्टिवलमा गत वर्षदेखि नेपाली फिल्मले पनि सहभागी हुने अवसर प्राप्त गरेको छ। गत वर्ष नेपाली फिल्म *तीन घुम्तीले उत्कृष्ट विदेशी भाषाको फिल्म*को अवार्ड पाएको थियो।

नायिका नीता ढुंगानाले फिल्मसँगै आफूले अन्तर्राष्ट्रिय अवार्ड पाएकोमा नेपाली भएर गर्व लागेको बताएकी छिन्। अमेकिरमा एक शो प्रदर्शन भएको फिल्मको अन्य शोसमेत गरिने निर्माण पक्षले जानकारी गराएको छ।



शिवम् अधिकारीको लेखन र निर्देशनमा बनेको फिल्ममा गणेश गिरीको प्रस्तुति तथा सुशान्त श्रेष्ठ र शंकर सुवेदीको निर्माणमा बनेको हो। फिल्ममा सरोज खनाल र नीता ढुंगाना मुख्य भुमिकामा छन् भने रूपा राना, गीता अधिकारी, गणेश गिरी, जाह्नवी बस्नेत, विशाल पहाडी, किरण थापा, राजुबाबु श्रेष्ठलगायतले अभिनय गरेका छन्।



# विचार

जुन कार्यका लागि पर्दाको जरुरत पर्दछ, त्यस कार्यको उद्देश्य जति नै पवित्र भए पनि त्यो कार्य अपमानजनक हो।
– प्रेमचन्द

कुशल शासकहरु भविष्यको सोचाइ गर्छन् तर नेताहरुलाई चुनावको मात्र चिन्ता हुन्छ।
– अब्राहम लिंकन

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

### आचारसंहिता पूर्णरुपमा पालना गर

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि उम्मेदवार छनोट गरेर राजनीतिक दलहरु चुनावी अभियानमा होमिएका छन् । आगामी मंसिर १० गते पहिलो चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा उम्मेदवारहरु चुनावी अभियानमा जुटिसकेका छन् । राजनीतिक दलका उम्मेदवाहरु निर्वाचनमा आफ्नो पक्षमा जनमत पार्नको लागि विभिन्न एजेन्डा लिएर गाउँ–गाउँमा पुगेका छन् । विगतको निर्वाचनभैँ यसपटक पनि राजनीतिक दलका उम्मेदवाहरुले समृद्धिको सपनाको नारा जनतासमक्ष लिएर गएका छन् ।

निर्वाचनको लागि निर्वाचन आयोगले राजनीतिक दल र तीनका उम्मेदवारहरुका लागि आचारसंहिता लागू गरेको छ । तर उम्मेदवारले आचारसंहिताको बेवास्ता गर्दै निर्वाचनलाई भड्किलोरुपमा अगाडि बढाइरहेका छन् । निर्वाचनमा चुनावी एजेन्डाभन्दा पनि आर्थिक प्रलोभनमा पार्ने र जनमत आफ्नो पक्षमा तान्ने दाउमा उम्मेदवारहरु लागेको देखिन्छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित ढंगले सम्पन्न गराउन भन्दै निर्वाचन आयोगले जारी गरेको आचारसंहिता देखावटीरुपमा मात्र हो कि भन्ने प्रश्नसमेत जन्मिएको छ । निर्वाचन आयोगले आचारसंहिता जारी गरेपछि सो अनुरुप उम्मेदवारहरुले पालना गरेका छन् कि छैनन् भन्ने विषयमा आयोगले अनुगमन गर्न सकेको छैन ।

निर्वाचन आचारसंहिता विपरीत आर्थिकरुपमा सक्षम भएका उम्मेदवाहरुले निर्वाचनलाई प्रभाव पार्ने गरी एम्बुलेन्स वितरण गर्ने, जोडर दिने, सडक निर्माण गरिदिने काम खुल्लंखुल्लारुपमा भइरहेको छ । यतिसम्म कि भड्किलोरुपमा भोजभतर खुवाउने, टिर्सट, टोपी वितरण गर्ने काम पनि रोकिएको छैन । तर निर्वाचन आयोगले यस्ता विषयमा अझै ध्यान दिन सकेको छैन । निर्वाचन आयोगले आचारसंहिता जारी गरेर कार्यान्वयनको पक्षलाई ध्यान दिनने हो भने आचारसंहिता बोलीमा मात्र सीमित हुने देखिन्छ । निर्वाचन आयोगले आचारसंहिता पालना गराउनको लागि राजनीतिक दलका शीर्ष नेताहरुलाई प्रतिबद्धता मात्र जनाउन लगाउने हो कि स्थगलगतरुपमा निर्वाचन आचारसंहिताको अनुगमन पनि गर्ने हो ?

निर्वाचन आचारसंहिताले नै निर्वाचनको विश्वासनियता बढाउँछ । आचारसंहिता भनेको राज्यले जबरजस्ती लाद्ने विषय मात्र नभई स्वयंको नैतिकता र प्रतिबद्धतामा आउने विषय हो । यस अर्थमा उम्मेदवारहरुको नैतिकता र प्रतिबद्धतासँग जोडिएको विषय पनि हो । यसले लोकतन्त्रको अभ्यासलाई अझ स्वस्थ बनाउने अपेक्षा गर्न सकिन्छ। विगतमा निर्वाचनहरुमा प्रसारप्रसार निकै भड्किलो भएको देखिन्छ । विगतमा आचारसंहिता उल्लंघन भएको घटनालाई मध्यनजर गर्दै आगामी निर्वाचनमा त्यस्तो भड्किलो प्रचारप्रसार रोक्न निर्वाचन आयोग सजग हुनुपर्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# वर्तमान अवस्था र लोकतान्त्रिक गठबन्धन



निरञ्जन थापा

> प्रमुख वाम पार्टीहरुमा स–साना वाम पार्टीहरु समाहित भई एक भएर चुनावमा कसरी बढीभन्दा बढी सिट जित्न सकिन्छ भनी गठबन्धन गरिरहेका छन्। त्यसै गरी प्रजातान्त्रिक पार्टीहरुले समान विचारधाराका पार्टीहरुबीच तालमेल र गठबन्धन गरी चुनाव लड्ने अनि बढीभन्दा बढी सिट जित्ने भनेर लागिरहेको अवस्था छ अहिले।

अहिले देश विषम परिस्थितिमा छ। हामीले अपेक्षा गरेअनुसार देश चल्न सकेको अवस्था छैन। देशमा न्याय हराएको छ। जनताले सामान्यभन्दा सामान्य कुराहरुमा पनि समस्या झेलिरहेको अवस्था छ। विगतमा हेर्ने हो भने राजनीतिक पार्टीहरु र तिनका नेताहरुले जनतामाझ धेरै आश्वासन बाँडे, भ्रमका कुरा गरे। प्रजातन्त्रको कुरा गरे, लोकतन्त्रका कुरा गरे तर आज ती दल र तिनका नेताहरुले जनताको नाममा केवल जनताको रगत-पसिना चुसेर शासन सत्तामा बस्ने काम मात्र गरे। नेपाली राजनीतिले विगतदेखि आजसम्म आउँदा विभिन्न आरोह-अवरोह पार गऱ्यो। केही मात्रामा उपलब्धि पनि हासिल गऱ्यो। विभिन्न आन्दोलनमार्फत जनताको माग उठान र सम्बोधन नभएका पनि होइनन्। तर वास्तविक प्रजातन्त्र जनताले अनुभूत गर्न नसकेको र एक-दुईजना टाठाबाठाहरुले मात्र उपयोग गरिरहेका छन्। यही तन्त्र र वादका नाममा नेपालमा धेरै पार्टीहरु छन्। कोही लोकतन्त्र र प्रजातन्त्रको कुरा गर्छन् त कोही गणतन्त्रको कुरा गर्छन्।

नेपाली राजनीतिमा हालसालै भएको स्थानीय तहको निर्वाचनमा विभिन्न पार्टीहरुबीच चुनावी प्रतिस्पर्धा भयो र एक किसिमको नौलो आभ्यासको आरम्भ पनि त्यो थियो। तालमेलको नीति, साना-ठूला दल केहीले स्थानीय तहमा तालमेलको नीति अख्तियार गरे, जुन त्यति प्रभावकारी हुन सकेन। कुनै ठाउँमा बाजी मारे तालमेलको कारण त कुनै ठाउँमा धेरै विवाद र झमेला पनि सिर्जना भयो। मतगणना प्रभावितदेखि न्यायालयमा मुद्दामामिला झेल्नसमेत दलहरुलाई पऱ्यो। तालमेलका कारण कतिपय ठाउँमा तालमेल गरी राजनीतिक पार्टीको जीत भयो भने कतिपय ठाउँमा तालमेल गरेको पार्टीलाई कसैसँग तालमेल गरेको पार्टीले पनि चुनावी प्रतिस्पर्धामा हराएको देखिन्छ। सिद्धान्त र विचारलाई भन्दा पनि स्थानीय तहमा दलहरुको तालमेल कसरी जीत सुनिश्चित गर्न सकिन्छ भन्नेमा मात्र केन्द्रित थियो। यसर्थ यसको प्रभाव सकारात्मकभन्दा नकारात्मक देखिन गयो। गठबन्धन बने, टुटे। यो दीर्घकालीन हुन सकेन। विश्वासको वातावरण नबन्नु अनि विचार र सिद्धान्त नमिल्नु नै गठबन्धन वा तालमेल टिक्न नसक्नुको मुख्य कारण थियो।

अहिले पनि देशमा चुनावी माहोल छ। प्रतिनिधिसभा र प्रदेशसभाहरुको चुनाव आगामी मंसीर १० र २१ गते हुने भनेर चौतर्फी तयारी भइरहेको छ। विभिन्न राजनीतिक दलहरु विभिन्न गृहकार्यमा लागिरहेका छन्। कसरी हुन्छ आफ्नो विचार स्थापित गर्न र आफ्ना पार्टीलाई जिताउने भन्ने उनीहरुको ध्यान केन्द्रित छ। र, यसैमा उनीहरु लागेका छन्। वाम र लोकतान्त्रिक पार्टी र विचारबीच व्यापक ध्रुवीकरण देखिएको छ। देशमा रहेका प्रमुख वाम पार्टीहरुमा स-साना वाम पार्टीहरु समाहित भई एक भएर चुनावमा कसरी बढीभन्दा बढी सिट जित्न सकिन्छ भनी गठबन्धन गरिरहेका छन्। त्यसै गरी प्रजातान्त्रिक पार्टीहरुले समान विचारधाराका पार्टीहरुबीच तालमेल र गठबन्धन गरी चुनाव लड्ने अनि बढीभन्दा बढी सिट जित्ने भनेर लागिरहेको अवस्था छ अहिले। स्थानीय तहको चुनावी तालमेल र आजसम्म आउँदा प्रतिनिधिसभा र प्रदेशसभाको चुनावको लागि भइरहेको यो गठबन्धनबीच निकै ठूलो भिन्नता रहेको छ। स्थानीय तहमा केवल जीतको लागि तालमेल थियो भने यो गठबन्धन विचारको लागि गरिएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातन्त्रको हिमायती हो। राप्रपा प्रजातन्त्रमा विश्वास राख्छ। यसर्थ हाम्रो गठबन्ध र हाम्रो साथ प्रजातन्त्रको लागि हो। यो हाम्रो इच्छा वा रहरभन्दा पनि समयले सिर्जना गरेको माग र परिस्थिति हो। आज देशमा प्रजातन्त्र लोकतन्त्र खतरामा छ। विधिको विधान हराएको छ। प्रजातन्त्रमा विश्वास राख्ने प्रजातन्त्रको लागि प्रतिबद्ध नागरिक वा पार्टी जो-कोहीले पनि यो लोकतान्त्रिक गठबन्धनलाई साथ दिनुपर्दछ। प्रजातन्त्र फल्नुपर्छ, फुल्नुपर्छ र प्रत्येक नागरिकले प्रजातन्त्रको अनुभूति गर्न पाउनुपर्छ। अनि त जनता र देशले देखेको सपना विपनामा परिणत हुन्छ भन्नेमा राप्रपा विश्वस्त छ। देश, जनता र प्रजातन्त्र हार्ने आभास देशको लागि लाभप्रद हुँदैन भन्ने ठहर राप्रपाको रही आएको छ। यसर्थ प्रजातान्त्रिक गठबन्धनलाई कसरी हुन्छ मजबुत र सुदृढ गरेर आगामी निर्वाचनमा बलियो बनाई अब देशमा जनताले उभ्याउँछन् भन्ने कुरामा राप्रपा पूर्ण विश्वस्त छ। विश्वबाट लोपोन्मुख वाद र तन्त्रभन्दा पनि देशको विकास र आर्थिक समृद्धिका लागि प्रजातन्त्रको प्रत्याभूतिका निम्ति अधिनायकत्वका विरुद्ध अब नेपाली जनताले प्रजातान्त्रिक-लोकतान्त्रिक गठबन्धनलाई नै साथ दिन्छन्। विनासर्त नेपाली जनता आफूले उपलब्धि गरेका प्रजातन्त्र-लोकतन्त्र बचाउन लाग्छन् भन्नेमा राप्रपालगायत यस गठबन्धनमा समाहित समान विचारधारा भएका सम्पूर्ण विश्वस्त छन्।

प्रजातान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गरेर देश र जनताप्रति सधैं प्रतिबद्ध हामी अधिनायकवादलाई प्रश्रय होइन प्रजातन्त्र र लोकतन्त्रलाई बलियो बनाउन लागेका छौं। यही मर्म र यथार्थलाई जनताले आगामी चुनावमा बुझेरै मत दिनेछन्। जनमतबाट हाम्रो कला, धर्म-संस्कृति र गुमेको संस्थालाई स्थापित गर्न सक्छौं भन्ने राप्रपाको विश्वास रही आएको छ। देशमा, आमूल परिवर्तन गर्दै साम्यवादसम्म पुग्ने उद्देश्यले वाम पार्टीहरु एक हुने भन्दै छन्। विगतमा जनयुद्धका कारण आमूल परिवर्तन गर्ने र साम्यवाद ल्याउने भन्दै सत्र हजार मानिस मार्ने-मराउने काम भएको छ। प्रजातन्त्रको नाममा देश र जनताले धेरै दुख:कष्ट भोगिसकेका छन्। फेरि पनि वाम गठबन्धनले परिवर्तनको कुरा गर्नु कतै देशले पुन: हिजोको जस्तो हत्या हिंसा त व्यहोर्नुपर्ने होइन भनेर जनता त्रसित छन्। देश र जनताले कुनै क्रान्ति, अधिनायकत्व होइन देशको समृद्धि चाहेका छन्। तसर्थ पनि प्रजातान्त्रिक-लोकतान्त्रिक गठबन्धनलाई नै जनताले मत हालेर नेपाललाई हत्या-हिंसा वा क्रान्तितिर होइन समृद्धितिर जानुपर्छ भन्ने निश्चित देखिन्छ। आजको राप्रपा र हिजोको कांग्रेसका बीपी कोइरालाको सिद्धान्त र विचारलाई पनि आत्मसात गर्न सके लोकतान्त्रिक विचार र सिद्धान्त स्थापित हुने अनि प्रजातन्त्र सुरक्षित हुने निश्चित छ।

यति बेला देशको कला, संस्कृतिलाई अस्तव्यस्त पारेर हिन्दूहरुलाई अपमानित गर्ने काम भइरहेको छ। हिन्दूधर्मलाई समाप्त पार्न विभिन्न शक्तिहरुले पैसा पनि बाँडिरहेको हामीले सुन्दै र भोग्दै आएका छौं। नेपालमा क्रिश्चियनहरु मौलाउँदै गइरहेका छन्। नेपालमा अझै पनि ९० प्रतिशत हिन्दूहरु रहेको सत्य कुरा लुकाएर लुक्दैन। केन्द्रमा ठूला पार्टीले हिन्दू अधिराज्य भन्ने कुरा हटाए पनि अधिकांश जनताको मनबाट हिन्दू धर्म हटेको छैन। दशैं-तिरहादेखि लिएर हरेक परम्परा र संस्कृति हिन्दू धर्मअनुसार चलिरहेको छ। वास्तवमा भन्नुपर्दा नेपालमा राजसंस्थाले हिन्दूहरुलाई आश्रय दिइरहेको हामीले बिर्सन मिल्दैन। यसै मेसोमा अब हन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा राजसंस्था र हिन्दू राज्यको सवालमा कांग्रेसलगायत सम्पूर्ण लोकतान्त्रिक शक्तिहरु स्पष्ट हुनुपर्छ। यति बेला राप्रपाका अध्यक्ष कमल थापाले लिनुभएको लोकतान्त्रिक मध्यमार्गी मार्ग अत्यन्त सान्दर्भिक छ। लोकतन्त्रलाई बलियो बनाउनकै लागि र लोकतान्त्रिक गठबन्धनलाई बलियो बनाउन राप्रपा वर्तमान सरकारमा सहभागी भएको हो। यद्यपि राप्रपाका बारेमा केही कुराहरु बाहिर आएका छन्। तर कांग्रेससहितको वर्तमान लोकतान्त्रिक गठबन्धन समय सुहाउँदो र सान्दर्भिक छ। नेपाली कांग्रेस पनि राष्ट्रवादी धारमा चल्दै छ। विश्वबाट हराउँदै गएको कम्युनिजम नेपालमा किन स्थापित गर्ने अनि कम्युनिस्टहरु आए भने नेपालमा अधिनायकवाद आउँछ कि आउँदैन ? लोकतान्त्रिक शक्तिहरु यसकारण चिन्तित बनेका हुन्। हामीलाई लाग्छ, अबको प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा जनताले सही उद्देश्यका लागि गठबन्धन गरिएका दललाई विजयी गराउनेछन्।

*(लेखक थापा राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य हुनुहुन्छ।)*

## पाठक पत्र

### जेल जाने पालो अब कसको ?

विधिको शासनलगायत राज्यका सबै मान्यता र लोकतन्त्रको मूल्यलाई चुनौती दिँदै खुला घुमिरहेका कर्तव्य ज्यान मुद्दाका कसुरदार बालकृष्ण ढुंगेललाई प्रहरीले पक्राउ गरेर जेल हाल्न सफल भएको छ। माओवादी नेता ढुंगेललाई कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैदको सजाय सुनाए पनि राजनीतिक संरक्षणका कारण प्रहरीले पक्राउ गर्न सकेको थिएन। उल्टै ढुंगेलले कहिले माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई भेट गरेको, कहिले 'सार्वजनिक अभिनन्दन' ग्रहण गरेको समाचार आइरहेका थिए। हुँदा-हुँदा उनका विरुद्ध फैसला गर्ने न्यायाधीशलाई लक्षित गरेर अपशब्द बोल्ने र धम्की दिने गर्न थालेको पनि सार्वजनिक भएको थियो।

द्वन्द्वकालको मुद्दा भनेर हत्यारा बचाउनतिर लाग्ने सरकारलाई अदालतले दिएको यो फैसलाले गतिलो झापड दिएको छ। मेरो विचारमा नेपालमा अदालतलाई बलियो र निष्पक्ष बनाउन जरुरी छ। सेटिङमा चलाउँदा अदालतको दुरुपयोग भएको छ। यसलाई रोक्न सबै लाग्नु जरुरी छ। आफू अनुकूल न्यायाधीश नियुक्त गरेर गलत निर्णय र फैसला गराउनुहुँदैन। कानुन सबैलाई समान हुनु जरुरी छ। माओवादीले हत्या गरेकाहरुको विषयमा छानबिन गरेर दोषीलाई जेल हाल्न सके मात्रै विधिको शासन भएको प्रस्ट हुन्छ। चाहे प्रचण्ड, चाहे बाबुराम, चाहे जो कुनै वा प्रम नै किन नहुन्, कानुन मिच्ने र अपराध गर्नेलाई छाड्नुहुँदैन। अब पालो उनीहरुको हो।

*-सुधिर चलाउने, काठमाडौं*

### चुनाव अपरिहार्य

नेपाली राष्ट्रियताविरुद्ध चक्रव्यूह रचिएको छ। कुनै न कुनै बहानामा नेपाली राष्ट्रियतालाई कमजोर बनाउन एकपछि अर्को षड्यन्त्र भइरहेको देखिएको छ। स्थानीय तहको संख्या र सीमा निर्धारण, संविधान संशोधन र स्थानीय तहको निर्वाचनलाई देशविरुद्ध चक्रव्यूह रच्ने आधार बनाइएको थियो। अहिले प्रदेश र संघको निर्वाचन रोक्ने षड्यन्त्र हुँदै छ। सबैभन्दा दु:खद विडम्बना, चक्रव्यूहमा नेपाली जनताले विश्वास गरेर नेतृत्व सुम्पेका राजनीतिक दलका नेताहरु नै गोटी बनेका छन्।

स्थानीय तहको पनि मधेसी मोर्चाका नेताले संविधान संशोधन र स्थानीय तहको निर्वाचनलाई नजोडेका भए पनि निर्वाचन एकै चरणमा हुनेथियो। बजेट प्रस्तुत गर्ने मितिभन्दा पहिले मतदान हुने गरी दोस्रो चरणको निर्वाचन कार्यक्रम तय गरिएको भए पनि संवैधानिक जटिलता उत्पन्न हुने थिएन। तर, यति सबै थाहा हुँदाहुँदै सरकारले निरन्तर गलत र राष्ट्रियताको अहित गर्ने निर्णय गरिरह्यो। नेपाली राष्ट्रियताविरुद्ध रचिएको चक्रव्यूह लामो समय टिक्न दिइयो भने अकल्पनीय क्षति हुनेछ। पछि पछुताएर बिग्रेको काम सपार्न र बितेको समय फर्काउन सकिनेछैन। यसैले नेपालका प्रमुख राजनीतिक दलहरु विशेष गरी नेपाली कांग्रेस र नेकपा एमालेका नेताले राष्ट्रप्रतिको कर्तव्य सम्झेर आवश्यक भएमा अभिमन्यु बनेर पनि राष्ट्रियताविरुद्धको चक्रव्यूह भेदन गर्न अग्रसर हुनुपर्छ।

सत्ता र प्रतिपक्षमा जता बसे पनि राष्ट्रियता र लोकतन्त्र जोगाउन कांग्रेस र एमालेबीच सहकार्य हुनै पर्छ। खासगरी स्थानीय तहको निर्वाचन र संविधान संशोधन तथा मधेसी मोर्चाका राष्ट्रियता एवं लोकतन्त्रविरोधी हठको उचित व्यवस्थापन कांग्रेस र एमालेबीच सहकार्यविना सम्भव छैन। राष्ट्रिय राजनीतिमा यी दुई गठबन्धनलाई आजको घडीमा कसैले पनि पन्छाउन सक्तैन। एमाले, माओवादी एकता भएर वामपन्थी र प्रजातान्त्रिक शक्ति मात्रै भए नेपालमा पुग्छ। तथानाम दल अब चाहिँदैन। एक-अर्कासँगको प्रतिस्पर्धा मात्र सम्झेर बृहत्तर राष्ट्रिय हितमा पनि एकै ठाउँमा उभिन नसक्ने हो भने इतिहासले मात्र हैन जनताले समेत कुनै पनि दल र नेतालाई छाड्दैनन्। प्रदेश र संघको चुनाव भयरहित वातावरणमा बनाएर नेपालको संविधान कार्यान्वयनतिर सबै लाग्नु जरुरी छ।

*- सुशान्त आले, स्याङ्जा*

### प्रदूषण बढी भयो

काठमाडौंमा वायु प्रदूषणका अनेक कारणहरु छन्। राजधानीमा अत्यन्त प्राणघातक बनिसकेको वायु प्रदूषणको प्रमुख कारण सडकको धूलो र सवारीसाधनबाट निस्कने धुवाँको मुस्लो नै हो। गएका दुई दशकमा राजधानी उपत्यकामा सवारीसाधनको सख्या तीन गुणा बढेको छ भने जनसंख्या पनि उही अनुपातमा वृद्धि भएको छ। तिनले निष्कासन गर्ने फोहोरमैला पनि बढेकै छ। उति बेलाको तुलनामा सडक बढेको मात्र होइन सडकको अवस्था थप गएगुज्रिएको छ। त्यसबाहेक धुवाँ-धूलो निष्कासन गर्ने इँटाभट्टा, कलकारखाना, दाउरा बालेर निस्कने धुवाँको मात्रा पनि बढेको छ भने फोहोरमैला तह लगाउन बालिने आगोबाट समेत प्रदूषण झनै बढ्दो छ।

बढ्दो सवारीसाधनले निष्कासन गर्ने धुँवाको स्तरको नियमित अनुगमन र ठाउँ-ठाउँमा राखिएका प्रदूषण मापन यन्त्रको नियमित सञ्चालन गर्नुपर्ने आवश्यकता छ भने भुइँचालोपछि पुनर्निर्माणको क्रममा रहेका इँटाभट्टाहरुको अनुगमन गरी कम प्रदूषण हुने प्रविधि जडान गर्न बाध्यकारी नियमको जरुरी छ। जथाभावी संचालनमा रहेका साना सार्वजनिक सवारीलाई विस्थापन गरेर दर्जनौंले एकैपल्ट प्रयोग गर्न सकिने ठूला बसहरुको सञ्चालन पनि अहिलेको आवश्यकता हो। वायु प्रदूषणमा नेपालले कायम गरेको रेकर्ड सजिलै मेटाउन सकिँदैन। यसका लागि अल्पकालीन र दीर्घकालीन योजना बनाएर अगाडि बढ्नु जरुरी छ। अगाडि बढेको कागजपत्र बनाएर होइन, यसमा इमानदारीको पनि उत्तिकै आवश्यकता देखिन्छ। सरकारको नेतृत्वमा बस्नेहरुले बेला-बेलामा बाँड्ने गरेको मेट्रो रेलको आश्वासनभन्दा पनि भएका साधनहरुको सही उपयोगले राजधानी काठमाडौंको वायु प्रदूषण कम गर्न सकिन्छ।

*- नयन बुढाथोकी, बालाजु, काठमाडौं*

## सामाजिक सञ्जाल



बालकृष्ण समातेको सबैभन्दा पिर कम्युनिस्टका हनुमानलाई परेछ, बचाउन झीनो स्वर निकाल्न थालेछन्। बाँच्नुपर्छ, यिनको जलेको पुच्छर हेर्न मजा आउँछ।

**Bishodip @bishodip**



बालकृष्ण ढुंगेललाई मुद्दा हाल्दा डलर झऱ्यो, पक्राउ परेनन् भन्दै चिच्याउँदा डलर वर्षा भो, अब सक्सेस स्टोरी भन्दै डलर झर्न शुरू हुन्छ।

**Prashant Lamichhane @prasantaparbat**



अनियमितता र भ्रष्टाचारबारे तथ्य बाहिर ल्याउने तर कारबाही गर्छौं भन्न नसक्ने दलका चुनावी घोषणापत्रले अर्थहीन दस्तावेजबाहेक के अर्थ राख्ला र ?

**बुद्धि पाण्ड @buddhipandey4**

सर्वोच्चले २ निर्वाचनमा लागि फरक-फरक मतपत्र हुनुपर्ने आदेश गरेकाले समानुपातिकतर्फ छापिएको मतपत्र खारेज गरी नयाँ छाप्न अन्तरिम आदेश हुनुपर्ने भन्दै सो निवेदन दर्ता गरिएको हो।

# नेपाल




**चुनाव नजिकिँदै जाँदा राजनीतिक दलका कार्यकर्तालाई लक्षित गर्दै बागबजारका पुस्तक पसलमा बेच्न राखिएका दलका चिह्न अंकित झन्डा, टीसर्ट, टोपी आदि। शैक्षिक सामग्री बेच्नुभन्दा धेरै र चाँडो आम्दानी हुनाले यस्ता सामग्री बेच्न पसले आकर्षित भएका हुन्।** *तस्वीर : अनिल आङदेम्बे/काठमाडौं*

# सर्वोच्चमा निर्वाचन सम्बन्धी रिटैरिट

**नेपाल समाचारपत्र**
काठमाडौं

निर्वाचनको मिति नजिकिँदै जाँदा सर्वोच्च अदालतमा त्यससम्बन्धी ७ वटा मुद्दा दायर भएको पाइएको छ।

२ साताभित्र ७ वटा रिट दायर भएको हो। ती रिट सुनुवाइका क्रममा रहेको छन्। रिटमा निर्वाचन मिति सार्नेदेखि छपाइ भइसकेको मतपत्र बदर गरी नयाँ छाप्ने मागसम्म रहेको छ। त्यसमध्ये न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासमा सुनवाइका लागि ५ वटा मुद्दा परेको छ।

प्रतिनिधिसभा र प्रदेशससभा निर्वाचनका लागि अलग-अलग मतपत्रको व्यवस्था गर्नुपर्ने, क्लस्टर छुट्याएर निर्वाचन गर्नुपर्ने माग गर्दै हालसम्म ७ वटा रिट परेको बताइएको छ। कात्तिक ८ मा न्यायाधीश डम्बरबहादुर शाहीको एकल इजलासले दिएको आदेशपछि निर्वाचन आयोगले २ वटा मतपत्र छाप्ने निर्णय गरिसकेको थियो। सोही आधारमा निर्वाचन आयोगले सोमबार सर्वोच्चमा लिखित जवाफ दिएको थियो।

सर्वेन्द्रनाथ शुक्लाले आफ्ना वारेसनामार्फत् अवहेलना सोमबार मुद्दा दर्ता गराउनुभएको थियो। उहाँको सो तेस्रो मुद्दा थियो। शुक्लाले पूर्वप्रधानमन्त्रीद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' अदालतको आदेशको पत्रकार सम्मेलन गरी आलोचना गरेकाले कारबाही हुनुपर्ने माग गर्दै दुवैलाई विपक्षी बनाइ निवेदन दर्ता गराउनुभएको थियो।

त्यसै गरी निर्वाचनमा खटिने कर्मचारीलाई समेत समानुपातिकतर्फ मतदान गर्ने अधिकार दिन माग गर्दै महान्यायाधिवक्ताको कार्यालयका नायब सुब्बा भरतकुमार मैनालीले रिट दर्ता गराउनुभएको थियो। निर्वाचन गराउने कार्यका लागि देशका विभिन्न क्षेत्रमा खटिएका कर्मचारीहरूलाई मतदान गर्न पाउने संवैधानिक हकबाट निर्वाचन आयोगले वञ्चित गराउन नपाउने जिकिर निवेदनमा गरिएको छ।

निर्वाचनमा खटिने ४ लाख ९२ हजार कर्मचारी र सुरक्षाकर्मीलाई समानुपातिक प्रणालीमा मतदान गर्न दिनुपर्ने माग रिटमा गरिएको छ।

त्यसै गरी समानुपातिकको मतपत्र बदरको माग गर्दै अधिवक्ता सुनीलकमार पटेलले अर्को निवेदन सर्वोच्चमा सोमबार दर्ता भएको थियो। सर्वोच्चले २ निर्वाचनमा लागि फरक-फरक मतपत्र हुनुपर्ने आदेश गरेकाले समानुपातिकतर्फ छापिएको मतपत्र खारेज गरी नयाँ छाप्न अन्तरिम आदेश हुनुपर्ने भन्दै सो निवेदन दर्ता गरिएको हो। प्रत्यक्षतर्फ २ वटा मतपत्र छाप्नुपर्ने भएकाले समानुपातिकमा समेत अलग-अलग हुनुपर्ने उहाँको रिटमा जिकिर गरिएको छ।

# नेपाल आउँदै अमेरिकी लायन्स टोली

काठमाडौं, (नेस)

अमेरिकी लायन्स क्लबको एक विशेष टोलीले नेपालको १२ दिने भ्रमण गर्ने भएको छ। सो टोलीले नोभेम्बर २ देखि १४ तारिखसम्म नेपालको भ्रमण गर्ने भएको छ।

नेपाली लायन्स क्लबसँगको सहकार्यमा सञ्चालित स्वास्थ्य शिविर र अन्य सामाजिक अभियानमा सरिक हुन, लायन्स डिस्ट्रिक-४ सी ३ का गभर्नर लायन राजेन थापाको नेतृत्वमा ९ सदस्यीय लायन टोलीले नेपालको भ्रमण गर्न लागेको हो। राजेन थापा नेपाली डायस्पोराकै पहिलो लायन्स डिस्ट्रिक-४ सी ३ का गभर्नर हुन्। उनले ४४ वटा लायन्स क्लबहरूको नेतृत्व गर्दछन् जसमा १ हजार २ सय २० सदस्यहरू छन्।

१२ दिने सद्भावना भ्रमणको क्रममा थापाको टोलीले काठमाडौं, पोखरा, बन्दीपुर, चितवन तथा इटहरीका विभिन्न लायन्स क्लबसँग द्विपक्षीय समाजिक सहकार्य तथा आर्थिक, भौतिक सहयोगको बारेमा छलफल गर्नेछ।

यस क्रममा केही नयाँ परियोजनामा सञ्चालनका लागि साझेदारी गर्ने बारेमा पनि सहमति गर्ने कार्यक्रम रहेको गभर्नर थापाले जानकारी दिए। टोली स्थानीय देउराली लायन्स क्लबसँगको साझेदारीमा सञ्चालित आँखा शिविरमा सहभागी हुनेछ।

उक्त शिविरमा भ्रमण टोलीका सदस्य एवं वरिष्ठ नेत्र रोग विशेषज्ञहरू मार्क फुजिकावा र कोरे लीले विशेष सेवा प्रदान गर्नेछन्।

# काठमाडौं १० बाट रामबहादुर थापा उठ्ने

काठमाडौं (नेस)

नेकपा माओवादीका नेता रामबहादुर थापा 'बादल'ले काठमाडौं क्षेत्र नम्बर १० बाट उम्मेदवारी दिनेहुनुभएको छ। संविधानसभाको निर्वाचनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पराजित भएको निर्वाचन क्षेत्र काठमाडौं-१० मा वाम गठबन्धनका तर्फबाट रामबहादुर थापा 'बादल' उठ्ने हुनुभएको हो।

माओवादी केन्द्र र एमालेका शीर्ष नेताबीच भएको सहमतिअनुसार थापाले काठमाडौंबाट-१० बाट उम्मेदवारी दिने माओवादी केन्द्रका एक नेताले बताए। यसअघि थापाले चितवन-२मा उठ्ने बताउँदै आउनुभएको थियो। चितवन-३ बाट प्रचण्ड उम्मेदवार बन्ने भएपछि थापा काठमाडौं- १० मा उठ्ने सहमति भएको छ।

# पत्रकार झामाथि भारतीय सुरक्षाकर्मीको दुर्व्यवहार

काठमाडौं, (नेस)

नेपाल पत्रकार महासंघ पर्सा शाखा सदस्य तथा लेखक चन्द्रकिशोर झामाथि भारतीय शसस्त्र सीमा बलले दुर्व्यवहार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघले भत्सना गरेको छ।

पत्रकार चन्द्रकिशोरका अनुसार सर्लाहीबाट छठ पर्व मनाएर भारतको बाटो हुँदै पर्सा फर्कने क्रममा कात्तिक १३ गते बिहार राज्यको सीतामढीस्थित बसबिट्टामा एसएसबीका कर्मचारी अनील कुमारले आफू पत्रकार रहेको परिचय दिँदादिँदै खानतलासिको क्रममा अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेका थिए।

पत्रकार महासंघ एसएसबीले नेपालीमाथि आवतजावतका क्रममा हुने दुर्व्यवहारको घटनाको निन्दा गर्दै सीमा क्षेत्रमा हुने यस्ता घटना दोहोरिन नदिन साथै सीमा नाकामा निर्वाध आवतजावतको व्यवस्था गर्न सम्बन्धित पक्षसँग माग गर्दै घटनामा संलग्न दोषीलाई कारबाही गर्न महासंघले माग गरेको छ।

# 'आचारसंहिता पत्रकारिता क्षेत्रको गहना'

**नेपाल समाचारपत्र**
भक्तपुर



पत्रकार आचारसंहिता जागरण अभियान विषयक मिडिया संवाद कार्यक्रम भक्तपुरमा सम्पन्न भएको छ। प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखा भक्तपुरको संयोजनमा मध्यपुरथिमीको चाणक्य कलेजमा भएको कार्यक्रममा बोल्दै भक्तपुरका जिल्ला न्यायाधीश भोजराज शर्माले पत्रकार आचारसंहिताले पत्रकार र आमसञ्चारमाध्यमलाई प्रेस स्वतन्त्रताको सदुपयोग गर्न जिम्मेवार र उत्तरदायी बनाउने बताउनुभयो। उहाँले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका बेला आमसञ्चार माध्यमले निर्वाचनसम्बन्धी शिक्षामूलक समाचार र सूचनालाई उच्च प्राथमिकता दिनुपर्ने बताउनुभयो।

उहाँले सूचना वा समाचार तथ्यमा आधारित भई निष्पक्ष रूपमा सम्प्रेषण गर्नुपर्नेमा जोड दिँदै पेसागत आचरण एवं मान्यताविपरीत हुने कामकारबाही गर्न नहुने उल्लेख गर्नुभयो। कार्यक्रममा बोल्दै प्रेस काउन्सिलका सस्य गोविन्द चौलागाईंले नेपाली पत्रकारितालाई प्रेस स्वतन्त्रताको सदुपयोग गरी जनविश्वास आर्जन गर्न, जिम्मेवार र उत्तरदायी बनाउन पत्रकार आचारसंहिताले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

प्रेस काउन्सिलका अर्का सदस्य चेतनाथ धमलाले पत्रकार तथा सञ्चारमाध्यमले वस्तुनिष्ठ भई सत्य तथ्य समाचार र सन्तुलित विचार सम्प्रेषण गर्नुपर्ने उल्लेख गर्दै विभिन्न जातजाति सम्प्रदाय, लिंग, धर्म, भाषाभाषी र क्षेत्रबीचको सम्बन्ध र सद्भावमा खलल नपर्ने गरी पत्रकारिता गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष दिलीप थापा मगरले आचारसंहिता पत्रकारिता क्षेत्रको गहना भएको बताउँदै पत्रकारले नागरिकको आधारभूत अधिकार, विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र संवर्द्धनका लागि सत्यतथ्य सूचना प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा महनगरीय प्रहरी परिसर भक्तपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्ण प्रसाईंले कतिपय अनलाइन मिडियाले अविश्वसनीय समाचार प्रकाशित गर्ने गरेको गुनासो गर्नुभयो।

पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीको सभापतित्त्वमा भएको कार्यक्रममा प्रेस काउन्सिलका निमित्त प्रशासकीय प्रमुख दिपक खनालले देशभरमा पत्रकार आचारसंहिता कार्यान्वयनको अवस्थाको चित्रण गर्नुभएको थियो। कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य तथा नेपाल पत्रकार महासंघ भक्तपुरका केन्द्रीय पार्षद सोमशर्मा बजगाईंले भक्तपुरको पत्रकारिता र जिल्लामा पत्रकार आचारसंहिता कार्यान्वयनको अवस्थाबारे चर्चा गर्नुभएको थियो।

अन्तरक्रियात्मक रूपमा भएको कार्यक्रमका अधिकांश वक्ताले भक्तपुर पत्रकार आचारसंहिता पालनाका आँखामा औसतमा राम्रै भएको उल्लेख गर्दै जिल्लाको पत्रकारिता क्षेत्रको विकास तथा यहाँका पत्रकार र सञ्चार माध्यमको सबलीकरणका लागि सरकार, निजी क्षेत्र, व्यवसायी, सबैको सहयोग आवश्यक रहेकोमा जोड दिनुभयो।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख नवराज गेलाल, प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेल, जिससका स्थानीय विकास अधिकारी ध्रुव कोइराला, जिल्ला शिक्षा अधिकारी अर्जुन रायमाझी, महिला तथा बालबालिका कार्यालय प्रमुख नीला घिमिरे, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुख शिवेन्द्र झालगायत जिल्लास्थित विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा जिल्लामा क्रियाशील अधिकांश पत्रकारको सहभागिता रहेको थियो।

# परियारका हत्यारा पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-११ विजेश्वरी डेरा गरी बस्ने गोरखाको बोर्लाङ-२ का राम परियारको हत्यामा संलग्न रहेको अभियोगमा गोरखाको मकैसिंह गाउँपालिका-६ का सन्तोष भन्ने लालमान श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं नयाँबजारमा खाजा पसल सञ्चालन गरी बस्ने परियारको उक्त डेराकोठामा कात्तिक ११ गते बाहिरबाट ताला लगाएको अवस्थामा दुर्गन्ध आएपछि प्रहरीको रोहवरमा ढोका खोली हेर्दा सोही कोठामा बस्ने परियारको सडेगलेको अवस्थामा शव फेला परेको थियो।

श्रेष्ठले ३५ हजार र परियारले ४० हजार रुपियाँ लगानी गरी नयाँबजारमा 'नयाँ बजार खाजाघर' सञ्चालन गर्दै विजेश्वरीमा एउटै कोठामा बस्दै आएकोमा कात्तिक ५ गते रक्सी खाएको बेला खाजाघरको हिसाबकिताबको विषयमा विवाद उत्पन्न भएपछि श्रेष्ठले मसला पिस्ने ढुंगा र गमला प्रहार गरी परियारसँग भएको सुनको औंठी, उनको राहदानी र झोलासमेत लिई कोठामा बाहिरबाट ताला लगाई निस्केको अनुसन्धानको क्रममा खुल्न आएको छ।

घटनापश्चात् फरार रहेका अभियुक्त काठमाडौंका विभिन्न स्थानमा गई लुकीछिपी बस्ने क्रममा महानगरीय अपराध महाशाखाको प्रहरीले मंगलबार पुतलीसडकबाट पक्राउ गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ (३) बमोजिम सजायको लागि महानगरीय प्रहरी वृत्त स्वयम्भू पठाएको छ।

## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**
**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**
**प्रस्थान दिउँसो २ बजे**
**केन्द्रीय कार्यालय, कलंकी**
**सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३**

## आजको राशि
ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**वृष** : द्रव्यलाभ, विविध प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।
**मिथुन** : सुख-सन्तोष, कार्य सफल, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**कर्कट** : राज्यबाट लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, व्यापारिक लाभ, यशवृद्धि।
**सिंह** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**कन्या** : धन आर्जन, अधुरा कार्य पूरा, मान-सम्मान, समस्याको समाधान।
**तुला** : द्रव्य लाभ, परीक्षा प्रतियोगितामा विजय, गौरव वृद्धि, सुख-सन्तोष।
**वृश्चिक** : धन प्राप्ति, सुख-सन्तोष, गरेका कार्य सफल, सन्तुष्टि।
**धनु** : पेटमा गडबडी, दौडधुप, परिवारमा विवाद, दिनचर्या अस्तव्यस्त।
**मकर** : द्रव्यलाभ, सम्मानित हुने अवसर, जागिर-व्यापारमा सफलता।
**कुम्भ** : आर्थिक लाभ, शुभ खबर, मित्रजनबाट सहयोग, आत्मसन्तुष्टि।
**मीन** : खाद्यान्न प्राप्ति, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल।

# नेपाल

एक किलोमिटरको दूरी पार गर्न ट्रकलाई डेढ घण्टा लाग्दैन। बीचमा ट्रक कहाँ रोकियो ? खोजीको विषय भएको छ। एकथरीले भन्सार कर्मचारी र एजेन्टहरुकै मिलोमतो बताइरहेका छन्। स्रोतले भने त्यस दिन साँझ भन्सार कर्मचारीहरु धेरै नरहेकाले मौकाको फाइदा उठाएर ट्रक नै पास गराएको बताएको छ।

भन्सार नतिरेको ट्रक पक्राउ प्रकरण

## एजेन्टहरू आन्दोलित, राजश्वमा असर

### एजेन्ट र कर्मचारीको पोल खोलिँदै

कुमार श्रेष्ठ, बाँके

भन्सार नतिरी पास भएको भारतीय मालवाहक ट्रक नियन्त्रणमा लिएको विरोधमा भन्सारका एजेन्टहरूले आन्दोलन थालेका छन्। एजेन्टहरूको आन्दोलनका कारण राजश्व असुलीमा ठूलो असर परेको छ।

भारतीय चालकले भन्सार थाहा नपाएर ट्रक अगाडि पुऱ्याएको एजेन्टहरूको तर्क छ। भन्सार कार्यालयले भने जमुनाहा नाकाबाट नेपालतर्फ छिरेको देखिएको भारतीय युपी ३५ टी ७३०७ नम्बरको ट्रक भन्सारमा इन्ट्री नदेखिएको बताएको छ। भन्सार एजेन्ट समूहका अध्यक्ष दिनेश बनियाले भन्सार कर्मचारी र सुरक्षा अधिकारीहरूले अरु गाडीलाई जसरी उक्त ट्रकलाई किन इन्ट्री गरेनन्, त्यसमा उनीहरूको शतप्रतिशत मिलोमतो रहेको आरोप लगाउनुभयो। भन्सार अधिकृत सुभाष श्रेष्ठले नाकाबाट नेपाल छिर्दा इन्ट्रि भएको ट्रक कहाँबाट चौलिकामा पुगेको अनुसन्धान भइरहेको बताउनुभयो।



'यो नाकाबाट गएको हो कि होइन भन्न सकिँदैन। भन्सारमा इन्ट्रि छैन,' -भन्सार अधिकृत श्रेष्ठले भन्नुभयो, जमुनाहाबाट छिरेर अन्यत्र बाटोबाट चौलिक्का पुगेको हो कि ?'

एजेन्टको आन्दोलनले राजश्व असुलीमा ठूलो असर पुगेको छ। दैनिक २ करोड ३० लाख रुपियाँ राजश्व उठाउनुपर्ने नेपालगन्ज भन्सारमा सोमबार ३२ लाख मात्रै संकलन भएको थियो भने मंगलबार १५ वटा गाडी पासको अनुमति दिइएको थियो। जब कि यो नाकाबाट दैनिक औसतमा सयवटा गाडी पास हुन्छन्।

एजेन्टहरूले काम नगरेपछि मंगलबार गाडी या मालसामानका मालिकले आफैंले गएर भन्सार प्रक्रिया अघि बढाएका थिए। 'काम अलिअलि भएको छ,' भन्सार अधिकृत श्रेष्ठले भन्नुभयो, एजेन्टले काम गर्दा धेरै असर पर्छ।' नेपालगन्ज भन्सारमा ६ जना लाइसेन्स प्राप्त एजेन्ट रहेका छन्। एजेन्टको टोली मंगलबार प्रमुख जिल्ला अधिकारीकहाँ पुगेको छ। भारतीय गाडी चालक रहेकाले थाहा नपाएर उसले भन्सारमा इन्ट्रि नगरी अगाडि पुऱ्याएकाले गाडी र चालकलाई छोडेर मालको वास्तविक मूल्यांकन गरेर भन्सार गराउनुपर्ने बनियाले बताउनुभयो।

भन्सार कार्यालयले भने कानुनी प्रक्रिया अघि बढिसकेकाले आन्दोलन या टाउको नै फुटाए पनि केही नहुने बताएको छ। भन्सारले भन्सार अधिकृत श्रेष्ठकै संयोजकत्वमा छानबिन समितिसमेत बनाएको छ। समितिलाई सात दिनभित्र प्रतिवेदन बुझाउन भनिएको छ।

एजेन्टहरूले आठ लाख ३२ हजारको सामान रहेको बताएका थिए। प्रहरीले १४ लाखको मूल्यांकन गरेको छ। ६ बजे आसपासमा नेपाल प्रवेश गरेको ट्रक डेढ घण्टापछि चौलिक्कामा कसरी पुग्यो भन्ने सोधीखोजी भइरहेको छ। एक किलोमिटरको दूरी पार गर्न ट्रकलाई डेढ घण्टा लाग्दैन। बीचमा ट्रक कहाँ रोकियो ? खोजीको विषय भएको छ। एकथरीले भन्सार कर्मचारी र एजेन्टहरूकै मिलोमतो बताइरहेका छन्। स्रोतले भने त्यस दिन साँझ भन्सार कर्मचारीहरू धेरै नरहेकाले मौकाको फाइदा उठाएर ट्रक नै पास गराएको बताएको छ।

## १ सय ६५ जना मतदाता शिक्षा कार्यकर्ता छनोट

नेपाल समाचारपत्र

लमजुङ

लमजुङमा आउँदो मंसिर १० गते हुने प्रतिनिधि सभा र प्रदेश सभाका लागि १ सय ६५ जना मतदाता शिक्षा कार्यकर्ताहरूको छनोट गरिएको छ। जिल्लामा १ सय ६५ मतदान केन्द्रका लागि प्रति निर्वाचन केन्द्र एक-एक जना मतदाता शिक्षा कार्यकर्ता छनोट गरिएको हो।

स्थानीय तहमा खटिएका मतदाता शिक्षा कार्यकर्तालाई प्राथामिकतामा राखेर उनीहरूको छनोट गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख तुलसीप्रसाद तिमिल्सिनाले बताउनुभयो। उहाँका अनुसार मतदाता शिक्षा जिल्ला समन्वय समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी युवराज मैनालीको नेतृत्वको समितिले ती कार्यकर्ताको छनोट गरको हो।

छनोट गरिएका निर्वाचन शिक्षा कार्यकर्ताको अवस्थाबारे बुझ्न जिल्ला निर्वाचन कार्यालयलाई भनेको छ। छनोट गरिएका निर्वाचन शिक्षा कार्यकर्ताको बारेमा बुझेर उनीहरू नभएको, नसक्ने अवस्थामा शिक्षा र जनस्वास्थ्य कार्यालयको समन्वयमा अन्य मतदाता शिक्षा कार्यकर्ता अन्तिम छनोट गरिनेछ।

स्थानीय तह निर्वाचनमा जिल्लाका सबै सामाजिक परिचालक खटाइएको थियो। यसपटक ५९ जना सामाजिक परिचालक, १ सय ३ जना बालकक्षा शिक्षिका, ६ जना महिला स्वास्थ्य स्वयंसेविका तथा ३ जना शिक्षकलाई खटाइने भएको तिमिल्सिनाको भनाइ छ। स्थानीय तह निर्वाचनमा १ सय ५५ रहेको थियो। यसपटक थप भएको छ। मतदाता बढेसँगै मतदान केन्द्र पनि थप भएको तिमिल्सिना बताउनुहुन्छ।

प्रतिनिधि सभाका लागि एक र प्रदेश सभाका लागि दुई क्षेत्र रहेको लमजुङमा कुल १ लाख १५ हजार ४ सय ४९ मतदाता छन्।

## वाम तालेमल कार्यान्वयनको क्रममा

अछाम, (नेस)

केन्द्रमा चुनावी ताल-मेल गरेका वाम शक्तिहरू अहिले तालमेल कार्यान्वयनको क्रममा जुटेका छन्। गठबन्धनको मुख्य शक्तिका रूपमा रहेका एमाले र माओबादी केन्द्रले केन्द्रदेखि जिल्ला र गाउँ स्तरमा पनि संयुक्त कार्यक्रमहरू गर्न थालेका छन्। सोही क्रममा नेकपा एमाले र माओबादी केन्द्र अछामको पहिलो संयुक्त बैठक सोमबार मंगलसेनमा सम्पन्न भएको छ।

बैठकले एमाले पार्टी कार्यालयको हलमा संयुक्त निर्वाचन कार्यालय सञ्चालन गर्ने, संयुक्त अपिल निकाल्ने, संयुक्त प्रचारप्रसार समिति गठन गर्नेलगायत विभिन्न निर्णय गरेको एमाले अध्यक्ष शेरबहादुर कुँवरले जानकारी दिनुभयो।

साथै जनवर्गीय संगठनहरूका संयुक्त बैठक र भेला गर्न निर्देशन दिने, पार्टी एकता अभियान अगाडि बढाउन जिल्ला स्तरीय पार्टी एकता संयोजन समिति गठन गर्ने र गठबन्धनका उम्मेदवारलाई विजयी गराउन गाउँ तहसम्म संयुक्त टोली परिचालन गर्ने लगायत विभिन्न निर्णय बैठकमार्फत् गरिएको छ।

## 'विकासका लागि वाम तालमेल'

गुल्मी, (नेस)

नेकपा एमालेका सचिव गोकर्णराज विष्टले आर्थिक सामाजिक हिसावले जनताको जीवनस्तर उठाइ जनताले गौरव गर्ने अवस्था ल्याउनका लागि कम्युनिस्ट एकता भएको बताएका छन्। मंगलबार बिहान एमाले प्रचार विभाग गुल्मी प्रेस चौतारी गुल्मीले सदरमुकाम तम्घासमा आयोजित पत्रकार सम्मेलनमा उनले भने 'दुईतिरका छिमेकी देशरुहले आर्थिकस्तर माथि उठाएकाले केही समयभित्र जनताको जीवनस्तर उठाउन नसकेमा हामी धेरे पछाडि पर्छौं त्यसका लागि स्थीर सरकार बनाउन पनि हाम्रो यो तालमेल हो।'

लामो समयदेखिको राजनीतिक अस्थीरता आठ नौ महिनामा सरकार परिवर्तन गर्ने अवस्थाका कारण देशको विकास हुन नसकेको भन्दै २ तिहाइ बहुमत ल्याई स्थीर सरकार बनाउने देशको तिव्र विकासका लागि यो तालमेल भएको बताए। 'यो एकता कसैका विरुद्ध लक्षित छैन, देश र जनताको चाहना र आवश्यकतालाई सम्बोधन गर्नका साथै राष्ट्रिय स्वाधिनता र जनताको जीवनस्तर उठानका लागि यो एकता हो'।

विष्टले उपचार नपाएर मृत्यु, युवा पलायन हुने, शिक्षा नपाएर बेरोजगार हुने पर्ने अवस्था अन्त्य गर्नुपर्ने आवश्यकता पूरा गर्नका लागि, सुशासन र स्थीर शासन कायम गर्न दुई तिहाइ बहुमत चाहिने भएकाले समाजवादको यथार्थतालाई बुझेर यो तालमेल अगाडि बढेको बताए।

## जग्गा विवादमा बाबुको हत्या

बारा, (नेस)

बारामा जग्गाको अंशसम्बन्धी विषयलाई लिएर दुई छोराहरूमाथि बाबुको हत्या गरेको अभियोग लागेको छ। छोराहरूको कुटपिटबाट घाइते बनेका जीतपुर सिमरा उपमहानगरपालिका-२० इनर्वासिरा निवासी ५५ वर्षका हीरालाल महतोको उपचारको क्रममा बिहान मृत्यु भएपछि हीरालालका छोरा सुशील र सुनिलमाथि हत्या अभियोग लगेको हो।

जग्गाको अंश सम्बन्धी विवादमा दुबै मिली बाबुलाई बाँसको भाटाले टाउकोलगायत शरीरका अन्य भागमा हानेका थिए। गम्भीर घाइते भएका हीरालालको कलैया अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि वीरगन्जस्थित हेल्थकेयरमा लगिएको थियो र उपचारका क्रममा बिहान पौने १० बजे ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता भुनेश्वर साहले जानकारी दिनुभयो।

महतोको शव परीक्षणका लागि वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा राखिएको प्रहरीले जनाएको छ। अभियुक्त सुशील र सुनिललाई पक्राउ गरी हिरासतमा राखिएको प्रहरी उपरीक्षक राजकुमार वैधवारले बताउनुभयो।

## कतारमा ठगिएका तीन जनाको उद्धार

रामधन राई, खोटाङ

वैदेशिक रोजगारीका क्रममा कतारमा ठगिएका खोटाङका ३ जनाको उद्धार गरिएको छ। काम गर्ने कम्पनीबाट भनेको काम र लामो समयसम्म दाम नपाएका रुपाकोट मझुवागढी नगरपालिका-३ खाल्लेका राजेन्द्र खड्का, कर्णबहादुर खड्का र सोही नगरपालिका-१० पाथेकाका धनकेशर गिरीको खोटाङमा सञ्चालित सुरक्षित आप्रवासन परियोजना (सामी) सूचना तथा परामर्श केन्द्रको सहयोगमा उद्धार गरिएको हो।

योङ म्यान पावर कम्पनीबाट मासिक ११ सय रियाल तलबमा कार्पेन्टरका लागि भनेर ६ महिनाअघि कतार गएका धनकेशरले हेल्परको काम दिनुका साथै ४ महिनासम्म तलब नदिएको भन्दै उद्धारका लागि सामीमा सम्पर्क गरेका थिए। भनेको भन्दा कम भए पनि शुरूको २ महिनासम्म तलब दिएको त्यसपछि लगातार ४ महिनासम्म तलब नदिएको गिरीको भनाइ छ। गिरी स्वयम्ले सम्पर्क गरी आफन्तमार्फत् सामीमा कागजात उपलब्ध गराएका थिए। गिरी गत कात्तिक ३ गते नेपाल फर्किएका हुन्।

यस्तै, इन्टरनेसनल जब लिङ्क म्यानपावर कम्पनीबाट जनही ७० हजारका दरले रकम बुझाएर ९ महिनाअघि वैदेशिक रोजगारीमा गएका खाल्लेका खड्काद्वयलाई पनि पछिल्लो ४ महिना लगातार तलब नदिएको बताइएको छ। गत असारदेखि तलब नपाएपछि परिवारमा सम्पर्क गरी सूचना तथा परामर्श केन्द्रमा कागजात पुऱ्याइ उद्धारका लागि पहल गरिदिन भनिएको थियो। वैदेशिक रोजगारीमा जानुपूर्व घरमै छाडिएको कागजपत्रको प्रतिलिपि परिवारमार्फत् उपलब्ध भएलगत्तै वैदेशिक रोजगार विभागमा मुद्दा दर्ता गरेको करिब एक सातामै उनीहरूलाई नेपाल फर्काइएको परामर्शकर्ता अम्बिका दाहालले बताउनुभयो।

ठगिएका तीनै जनालाई सूचना तथा परामर्श केन्द्रको समन्वय तथा नि:शुल्क कानुनी सहायता प्रदान गर्ने संस्था पिपुल्स फोरम काठमाडौंको सहयोगमा वैदेशिक रोजगार विभागमा मुद्दा दर्ता गराइ नेपाल फर्काइएको हो। फर्किएकामध्ये खाल्लेका कर्णबहादुर र राजेन्द्रले कतार जाँदा बुझाएको जनही ७० हजार रुपियाँ एजेन्टले फिर्ता गरिदिने सर्त राखेको बताइएको सूचना तथा परामर्श केन्द्रका परामर्शकर्ता दाहालको भनाइ छ।

परामर्शकर्ता दाहालका अनुसार खाल्लेका खड्काद्वयसँगै ठगीमा परेका उदयपुरका प्रकाश राई अनि दाङका विशाल चौधरीलाई समेत सुरक्षित आप्रवासन परियोजना खोटाङको सहयोगमा उद्दार गरिएको थियो।

## राहत शिक्षकद्वारा शिक्षामन्त्रीलाई ज्ञापनपत्र

नेपाल समाचारपत्र

कालिकोट

राहत शिक्षकको आन्दोलनमा दुर्गमका राहत शिक्षकहरूले स्थायी र अस्थायी शिक्षकसरह दुर्गम भत्ता र पोसाक भत्ताको माग गर्दै आन्दोलन गर्ने जिल्ला शिक्षा अधिकारीमार्फत् शिक्षा मन्त्रालयमा ज्ञापनपत्र बुझाएका छन्।

कालिकोटमा विभिन्न तहमा अध्यापन गराइरहेका ४४१ जना शिक्षकहरूले ज्ञापनपत्र बुझाएका हुन्। राहत शिक्षकहरूका गुनासा कसैले नसुनेको भन्दै उनीहरूले अब पनि राहत शिक्षकका मागहरू सम्बोधन नभए देशैभर आन्दोलन चर्काउने राहत शिक्षक जिल्ला समिति कालिकोटका अध्यक्ष एलिजा शाहीले बताइन्। 'कर्णाली अञ्चलको 'क' श्रेणीका दुर्गम जिल्लामा पर्दछन्, यस्ता जिल्लामा अध्यापन गराउने राहत शिक्षकहरूलाई वास्ता गरिएको छैन।' उनले भनिन्,- 'जिल्लामा धेरै लामो समयदेखि अध्यापन गराइरहेका शिक्षक पनि अहिलेसम्म सेवा सुविधाबाट वञ्चित भएका छन्।'



स्थायी र अस्थायी शिक्षकलाई दुर्गम भत्ता र पोसाक भत्ताको व्यवस्था गरेको गर्ने तर राहत शिक्षकलाई विभेद गरेको भन्दै उनीहरूले समान व्यवहार नभएको शाहीले बताइन्। 'हामीलाई कुनै पनि सम्मान दिइएको छैन्।' उनले भनिन्- 'स्थायी र अस्थायी शिक्षकलाई दुर्गम भत्ता र पोसाक भत्ताको व्यवस्था गर्ने गरेको तर राहत शिक्षकलाई विभेद गरिएको छ।' जिल्लामा २२९ जना प्राथामिक तह, ६५ जना निम्न माध्यामिक तह, ५० जना माध्यामिक तहका र उच्च माध्यमिक तहमा राहत र अनुदान गरी ९७ जना शिक्षक राहत शिक्षक रहेको जिल्ला शिक्षा कार्यालय कालिकोटले जनाएको छ।

सरकारले २० वर्षदेखि शिक्षा आयोग नखोलेको र १० वर्षदेखि करार राहतमा कोटा नदिएको राहतका शिक्षकका विभिन्न समस्या रहेको जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद तिवारीले बताए। 'लामो समयदेखि शिक्षा सेवा आयोग खोलेको छैन्।' उनले भने,-'राहतका शिक्षकका समस्या धेरै रहेका छन्। त्यसमा मैले आफ्नो ठाउँबाट पहल चालेको छु।'

## प्रचारप्रसार तालिका सार्वजनिक

काभ्रे, (नेस)

बिहीबार उम्मेदवारी दर्ता गर्न र उम्मेदवार दर्तापछि निर्वाचनको तयारीका लागि जिल्लामा पहिलोपटक वाम गठबन्धनमा रहेका दलहरू बीचको बैठक सम्पन्न भएको छ। बैठकले पार्टी एकता संयोजन समिति तथा निर्वाचन परिचालन कमिटी गठन गरेको छ।

बैठकपछि आयोजित पत्रकार सम्मेलनमा जानकारी दिँदै नेताहरूले जिल्लालाई वाम किल्ला बनाउने उद्घोष गरे। पार्टी एकता संयोजन समिति सात सदस्यीय गठन भएको एमाले काभ्रेका अध्यक्ष टोकबहादुर वाइबाले जानकारी दिए। समितिमा एमालेका तर्फबाट प्रतिनिधि सभा सदस्य क्षेत्र नम्बर-२ का उम्मेदवार गोकुल बास्कोटा, निवर्तमान सांसद रामहरि सुवेदी, अध्यक्ष टोकबहादुर वाइबा, सचिव नारायण पाण्डे, माओवादी केन्द्रबाट दिनानाथ गौतम, गंगाबहादुर दोङ र रुकु चौलागाईं रहेका छन्।

जिल्ला निर्वाचन परिचालन कमिटीमा संयोजक एमाले अध्यक्ष टोकबहादुर वाइबा र सह-संयोजकमा नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष रहेका छन्। त्यस्तै समितिमा निर्वतमान सांसदहरू, दुवै पार्टीका जिल्ला कमिटीका सदस्यहरूमा माओवादी केन्द्रको हकमा जिल्लाबाट केन्द्रीय महाधिवेशन आयोजक कमिटीमा सदस्य रहेका व्यक्तिहरू रहेका छन्। उक्त कमिटीको सचिवालयमा दुवै पार्टीका पदाधिकारीहरू ८ जना, प्रतिनिधि सभा निर्वाचन क्षेत्रका दुई जना उम्मेदवार र समानुपातिकतर्फका उम्मेदवार र आवश्यक २ रहने व्यवस्था गरेको छ।

## साइकुमारी मन्दिरमा दर्शनार्थीको भीड

रुकुम, (नेस)

हरबोधनी एकादशीदेखि पूर्णिमासम्म दर्शन गरिने राप्तीकै प्रसिद्ध शाइकुमारी भगवतीको मन्दिरमा दर्शन गर्ने दर्शनार्थीको घुँइचो लागेको छ। कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्म ५ दिन लगातार दर्शनार्थीको भीडभाड हुने गर्दछ। एकादशीदेखि चर्तुदर्शीसम्म शाइकुमारी भगवतीको दर्शन गरिन्छ भने पूर्णिमाको दिन मेला लाग्ने गर्दछ।

मनले चाहेको पूरा हुने धार्मिक विश्वासका कारण रुकुमलगायत रोल्पा, सल्यान, प्युठान, दाङ,जाजरकोट, सुर्खेत, जुम्ला, डोल्पा ,नेपालगन्ज तथा राजधानी काठमाडौंबाट समेत दर्शनार्थी पुग्ने गरेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ। ५ दिनसम्म लाग्ने मेलाको अवसरमा दर्शनका लागी हरेक वर्ष करिब २५ सयदेखि ४ हजारसम्म बोकाको बली दिइने चलन छ। पूजापाठ र धार्मिक मेलालाई व्यवस्थित गर्नका लागि विभिन्न संघसंस्था तथा सुरक्षा निकायहरूले मेला अवधिभर सर्वसाधारणलाई सहज वातावरणको व्यवस्था गरिएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ।

## भद्रपुर नगरको कार्य सम्पादनमा समस्या

भद्रपुर, (नेस)

स्थानीय तहको निर्वाचनपछि पदभार ग्रहण गरेका झापा भद्रपुर नगरपालिका जनप्रतिनिधिले केन्द्रबाट स्थानीय तहलाई प्रत्यायोजन गर्ने भनिएका सबै अधिकार आइनसकेकाले कार्यसम्पादनमा समस्या आएको जनाएका छन्। निर्वाचित जनप्रतिनिधिले भद्रपुर नगरपालिकामा कार्यभार शुरू गरेको सय दिन पुगेको अवसरमा मंगलवबार बिहान पत्रकार सम्मेलनको आयोजना गर्दै सार्वजानिक गरिएको प्रेस विज्ञप्तिमार्फत् यस्तो समस्या सुनाएका हुन्।

आसन्न प्रदेश तथा प्रतिनिधिसभाको नर्वाचन सम्पन्न भएपछि नगरमा देखिएका समस्याहरू क्रमश: सुधार हुँदै जानेछन् भन्ने विश्वास लिएको नगर प्रमुख जीवनकुमार श्रेष्ठले बताए।

नगर सभा गठनपश्चात् विभिन्न ४२ प्रकारका बुदाँमा समेटिएको महत्त्वपूर्ण क्रियाकलापलाई नगर प्रमुखले सार्वजानिक गरेका थिए। नगरले गाउँ-गाउँमा सामाजिक सुरक्षा भत्ता वितरण, वडा कार्यालय स्थापना, स्वास्थ्य शिविर, जंगली हात्ती नियन्त्रणका लागि विभिन्न वडामा रहेका वन क्षेत्रमा हात्ती बार निर्माण, व्यवस्थित सडक बत्तीका लागि तार र मिटर बक्सको कार्य शुरू गरिएको श्रेष्ठले उल्लेख गरेका छन्।

२०७४, कात्तिक
बुधबार
१५

शिक्षा कार्यालयले विद्यालय भवन निर्माणका लागि राखिदिएको रकमसमेत विद्यालयका प्रधानाध्यापकलाई थाहा छैन। विद्यार्थीहरूले भने शौच आउँदा कहाँ जाऊँ हामी ? १० बजे विद्यालय आएका विद्यार्थीहरूको ११ बज्दा नबज्दै टिफिन सकिएको हुन्छ। टिफिन कतिबेला खानेसमेत रुटिन विद्यालयले बनाएको छैन। जागिर मात्रै खान शिक्षकहरूलाई किन सहयोग गर्ने भन्ने अभिभावकहरूको बुझाइ रहेको छ।



# शिक्षक सरुवामा आर्थिक चलखेल

**सञ्जय कार्की, रौतहट**

जिल्ला शिक्षा कार्यालय रौतहटमा शिक्षकहरूको जिल्लान्तर सरुवाको नाममा आर्थिक चलखेल भएको खुलासा भएको छ। अर्को जिल्लाबाट आउने र बाहिरी जिल्लामा सरुवा भइजाने शिक्षकसँग जिल्ला शिक्षा अधिकारी रामविनय सिंहले आर्थिक लाभ लिने गरेको खुलेको हो। उनले निर्वाचन आचारसंहिता जारी भइसक्दासमेत पछिल्लो मिति र दिन राखेर शिक्षकहरूको सरुवा गरेको पाइएपछि उनको आर्थिक मोहको खुलासा भएको हो।

शैक्षिक क्षेत्र नै प्रभावित हुने गरी जिल्ला शिक्षा कार्यालय रौतहटले ४८ जना शिक्षकको सरुवा गरेको तथ्यांक सार्वजनिक भएको छ। जिल्ला शिक्षा अधिकारी सिंहले साउन १० गतेको मितिमा रौतहटको जोकहा प्राथमिक विद्यालयका राकेशकुमार ठाकुरलाई चलानी नम्बर ४४ राखेर जिल्लान्तर सरुवा गरेका छन्। तर, सोही चलानी नम्बरको पत्रबाट जिल्ला शिक्षा अधिकारी सिंहले राष्ट्रिय वाणिज्य बैंक, गौर शाखामा रहेको खाता नवीकरण गराएको कागजात फेला परेको छ। अन्य निकायमा पत्राचार



जिशिअ रामविनय सिंह

गरिएको चलानी नम्बरलाई केरमेट गर्दै शिक्षा अधिकारी सिंहले आर्थिक लाभको भरमा पछिल्लो मितिमा शिक्षकको सरुवा गरेको पाइएको छ।

राष्ट्रिय बाणिज्य बैंकमा पठाइएको पत्रको चलानी नम्बर रहेको रजिस्ट्रर केरमेट गरेर उनले शिक्षक ठाकुरको सरुवा गरेका हुन्। यस्तै, साउनकै मिति राखेर उनले शिक्षक जयबालक भगतलाई प्राथमिक विद्यालय रामपुर खापमा सरुवा गरेका छन्। साउनमा सरुवा भएको विवरण जिल्ला शिक्षा कार्यालयले देखाइरहँदा दुवै शिक्षक दशैं बिदापछि असोजमा मात्रै विद्यालयमा हाजिर भएको पाइएको छ। जिल्लान्तर सरुवामा जिल्ला शिक्षा अधिकारी सिंहले २ देखि ३ लाखसम्म लिने गरेको स्वयम् सरुवा भएका शिक्षकले बताउने गरेका छन्। जिल्ला शिक्षा अधिकारी राम विनय सिंहले व्यवहारिकतामा शिक्षकहरूको सरुवा गरेको बताउनुभयो।

शिक्षकहरूको दरबन्दी मिलान हुनुपर्नेमा विषयगत शिक्षककै स्थानमा शिक्षकहरूको सरुवा भएको छ। जिल्लामा अनुमति प्राप्त सामुदायिक सिकाइ केन्द्रहरूको संख्या ४० रहेता पनि केही केन्द्रहरू बन्द रहेका छन्। तर, जिल्ला शिक्षा अधिकारी सिंह र अनौपचारिक शिक्षाका फोकल पर्सन दुबैले सञ्चालनमा नरहेका केन्द्रहरूका लागि पनि बजेट निकासा गरेर अनियमितता गरेका छन्। जिल्ला शिक्षा समितिको निर्णयबिना नै उनले यस वर्ष २१ वटा नयाँ संस्थागत विद्यालयलाई सञ्चालनको अनुमतिसमेत दिएको पाइएको छ।

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ८ (ख) को उपनियम ३ अनुसार जिल्ला शिक्षा समितिको स्वीकृतिपछि मात्र नयाँ विद्यालयलाई अनुमती दिनुपर्ने प्रावधान रहेको छ। यस्तै, सर्वोच्च अदालत भदौ १८ गते अन्तरिम आदेश जारी गरेर रोक लगाएको दरबन्दी मिलानको विषयलाई पनि जिल्ला शिक्षा अधिकारी सिंहले बेवास्ता गर्दै धमाधम सरुवा गरेका हुन्।

# बैतडीमा महिला उम्मेद्वारी शून्य

बैतडी, (नेस)

आगामी प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचनका लागि बैतडीमा प्रत्यक्षतर्फ महिला उम्मेद्वारी शून्य रहेको छ। उम्मेद्वारी दर्ता गराएकामध्ये कुनै पार्टीबाट पनि महिला उम्मेद्वार नरहेको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले बताउनुभयो। राजनीतिक दलहरूले महिला नेतृत्वमाथि अझै पनि विश्वास गर्न नसकेका कारण महिलाको उम्मेद्वारी नपरेको दशरथचन्द नगरपालिकाकी उपमेयर मीना चन्दले बताउनुभयो।

मुख्य राजनीतिक दलहरूले महिला नेतृत्वलाई स्वीकार गर्न नसकेकाले राष्ट्रिय राजनीतिमा महिलाको पहुँच पुग्न नसकेको पाटन नगरपालिकाकी उपमेयर सरस्वती कोलीले बताउनुभयो। राजनैतिक दलहरूले महिला नेतृत्वलाई विश्वास नगरेकै कारण महिलाको राष्ट्रिय राजनीतिमा पहुँच पुग्न नसकेको महिला अधिकारकर्मीले बताएका छन्।

# गठबन्धनमा इमानदारीपूर्वक लाग्न उपाध्यक्ष रावलको निर्देशन

**नेपाल समाचारपत्र**

बाँके

नेकपा एमालेका उपाध्यक्ष भीम रावलले गठबन्धनलाई इमान्दारीपूर्वक जिताउन एमाले र माओवादीका उच्चस्तरका नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभएको छ।

नेकपा एमाले, बाँकेको पार्टी कार्यालयमा जम्मा भएका एमाले र माओवादीका केन्द्रीय तथा जिल्लास्तरीय नेताहरूलाई उपाध्यक्ष रावलले पार्टी एकताको चरणमा गएकाले इमान्दारीपूर्वक चुनावमा लाग्न निर्देशन दिनुभयो।

'यहाँ मेरो राम्रो थियो, उसले टिकट पायो अथवा त्यहाँ उसको राम्रो थियो, अर्कोले टिकट पायो भनेर असहयोगका भावना नराख्नुस्, हामी लामो भविष्यका साथ एक भएका छौं,' -उपाध्यक्ष रावलले भन्नुभयो। दुई तिहाइ ल्याएर संविधानलाई अक्षरस कार्यान्वयन गर्ने दिशामा अघि बढिएको छ। तपाईंहरूले पनि मनलाई एकाग्र राखेर चुनावमा लाग्नुस्।'

तीन क्षेत्र रहेको बाँकेमा दुईवटामा एमाले र एउटा क्षेत्र माओवादी केन्द्रको भागमा परेको छ। प्रदेश सभामा क्षेत्र नं. ३ को क मा एमालेको संगठन अति नै मजबुत रहे पनि माओवादीको भागमा परेपछि केही असन्तुष्ट व्यक्त रहेको जानकारी पाएका नेता रावलले यो वा त्यो नभनी चुनावमा लाग्न दुवै पार्टीका नेतालाई निर्देशन दिनुभयो। वाम गठबन्धनले देशमा अनिष्ट हुने प्रतिक्रियाहरू आइरहेका बेला उपाध्यक्ष रावलले गठबन्धनले देशलाई नभई कांग्रेसलाई अनिष्ट हुने बताउनुभयो।

उपाध्यक्ष रावलले एमाले र माओवादी केन्द्रको बीचमा भएको सहमतिपत्र पढेर सुनाउनुभएको थियो। गृह जिल्ला अछाम जाने क्रममा नेपालगन्ज आइपुगेका नेताले छोटो समयमा पार्टी कार्यालय पुगेर दुबै दलका नेताहरूलाई सम्बोधन गर्नुभएको थियो। रावलको निर्देशन सुन्न एमाले र माओवादी केन्द्रका केन्द्रीय तथा जिल्ला नेताहरू पुगेका थिए।

जिल्लामा क्षेत्र नं. २ का पशुपति मिश्रबाहेकको उम्मेदवारी टुंगो लागेर आइनसकेकाले प्रचारप्रसार तिव्र हुन सकेको छैन। एमाले र माओवादीका नेताहरूले फरक पार्टीका नेतालाई मत हाल्नुपर्ने भएकाले उम्मेदवारी टुंगो लाग्नेबित्तिकै संयुक्त कार्यक्रम हुने नेताहरूले बताएका छन्।

# नेपालगन्जमा राप्रपाका आजाद

बाँके, (नेस)

नेपालगन्ज बजार समेटिएको बाँकेको क्षेत्र नं. २ मा राप्रपा-कांग्रेसका तर्फबाट राप्रपाका ओमप्रकाश आजादले टिकट पाएका छन्।

कांग्रेससँगको सम्झौताअनुसार राप्रपाले सात ठाउँ लिने भएपछि कांग्रेसका पूर्वसभापति एवं प्रधानमन्त्री सुशील कोइरालाको क्षेत्र नेपालगन्ज राप्रपाको भागमा परेको हो। नेपालगन्ज उपमहानगरपालिकाको मेयरमा राप्रपाले जितेकाले यो क्षेत्र राप्रपाको देशभरमै राम्रो मानिन्छ।

कांग्रेस र राप्रपाको गठबन्धनमा भने दरार पैदा भएको छ। राप्रपाको भागमा परेको झापा-३ मा कांग्रेसका नेताले उम्मेदवारी दिएपछि गठबन्धन धरापमा परेको हो। बाँकेका एकथरी कांग्रेसी पनि ठाउँ छोड्न नहुने अडानमा रहेका छन्। पूर्वजिल्ला सभापति गजेन्द्र हमालले गठबन्धनको विरोध गर्न सार्वजनिक रुपमा आह्वान गरिसकेका छन्। सामाजिक सञ्जालमा नेता हमालले आत्मसम्मान जोगाउन पनि गठबन्धनको निर्णयविरुद्ध आँधीबेहरी सिर्जना गर्नुपर्ने बताउनुभएको छ।

नेपालगन्ज बजार र डुडुवा गाउँपालिका समेटिएको क्षेत्र नं. २ मा कांग्रेसको बलियो उपस्थिति रहेको छ। नेपालगन्ज उपमहानगरपालिकामा राप्रपाले मेयर जित्दा कांग्रेसले उपमेयर र डुडुवामा गाउँपालिका प्रमुख जितेको थियो।

यो क्षेत्रमा वाम गठबन्धनका तर्फबाट पशुपतिदयाल मिश्र र संघीय समाजवादी फोरमका तर्फबाट इस्तियाक राई चुनावी मैदानमा उत्रिसकेका छन्। राजपाको अहिलेसम्म टुंगो लागेको छैन। झापा-३ मा राप्रपाका राजेन्द्र लिंदेललाई दिने सहमतिविपरीत कांग्रेसका कृष्णप्रसाद सिटौलाको उम्मेदवारी हुने भएपछि नेपालगन्जको गठबन्धनविरुद्ध पनि कांग्रेसीको आवाज उठ्न थालेका छन्। नेपालगन्जमा पनि कांग्रेसले उम्मेदवार उठाए गठबन्धन टुट्ने एक राप्रपाका नेताले बताए।

# १ सय २७ जना म्यादी प्रहरी मनाङ पठाइयो

लमजुङ, (नेस)

हिमालपारिको जिल्ला मनाङका लागि १ सय २७ जना म्यादी प्रहरी छनोट गरी मनाङ पठाइएको छ। तीमध्ये ८३ जना पुरुष र २४ जना महिलाको छनोट गरी मनाङ पठाइएको जिल्ला प्रहरी कार्यालय लमजुङले जनाएको छ।

म्यादी प्रहरी भर्ना हुन आएका यसअघिको स्थानीय तहमा म्यादी प्रहरी भएर काम गरेकाहरू धेरै छन्। पूर्वम्यादी, पूर्वप्रहरी, पूर्वसेनालगायतका बढी रहेको प्रहरीले जनाएको छ।

म्यादी प्रहरीका लागि आवेदन दिन १८ देखि ५५ वर्षसम्मका नागरिकलाई भर्ना आह्वान गरिएको थियो। त्यसमा १८ देखि ३५ वर्ष उमेर समूहका बढी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक गौरव महतले बताउनुभयो। उहाँका अनुसार यसअघिको स्थानीय तह निर्वाचनमा १ हजार ४ सय २९ जनाले आवेदन दिएका थिए।

यसैबीच, आगामी मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको चुनावका लागि लमजुङमा ९ सय ३९ जना म्यादी प्रहरी छनोट भएका छन्। म्यादी प्रहरीमा सहभागी हुनका लागि २ हजार १३ जनाले आवेदन दिएका थिए।

# हरिबोधनी एकादशीमा त्रिखण्डीमा मेला



**नेपाल समाचारपत्र**

हेटौंडा

हरिबोधनी एकादशीका अवसरमा मकवानपुरको भैंसे त्रिखण्डीमा भव्य मेला लागेको छ। मंगलबार बिहानैबाट त्रिखण्डीमा भव्य मेला लागेको हो। त्रिखण्डी मन्दिरमा पूजा गर्न आउनेहरूको भीड दिउँसो थेगिसक्नु थिएन।

मकवानपुरगढी गाउँपालिकाको वंशगोपालमा पनि ठूलै मेला लागेको छ। यहाँ पनि मेला भर्न आउनेहरूको पनि दिनभरजसो भीड लाग्यो।

हरिबोधनी एकादशीका दिन तुलसीसँग विष्णुको विवाह र विशेष पूजा गरी मनाउने गरिन्छ। असार शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीरसागरमा सुतेका विष्णु ब्युँझने भएकाले यसलाई हरिबोधनी वा प्रवोधिनी एकादशी भन्ने गरिएको हो।

हरिशयनीदेखि हरिबोधनी एकादशीका दिनसम्म ४ महिना विष्णुभक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्छन्। हरिशयनी एकादशीका दिन घरघरमा रोपेर विशेष पूजा गरिएको तुलसीको मठमा गाईको गोबर र रातो माटाले पोतेर सिँगारी फूलमालाले सजाएर विष्णुको तुलसीसँग विवाह गरिन्छ।

तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको विवाह विष्णुसँग गर्ने परम्परा बसेको हो। तुलसीको मठनजिकै विष्णुको प्रतीकका रूपमा निगालाको लिंग गाडेर विधिपूर्वक पूजा गरिन्छ।

## सामुदायिक विद्यालयका विद्यार्थीको प्रश्न
# कहाँ जाऊँ शौच गर्न ?

**मोतीराम तिमल्सिना, काभ्रे**

विद्यालय भवन नभएर होइन। शिक्षक नभएर पनि होइन। तर नमोबुद्ध नगरपालिका वडा नम्बर-३ मा रहेको कालिका प्राविमा कक्षा २ देखि ५ सम्मका विद्यार्थीहरूका लागि एउटै कक्षा प्रयोग हुने गरेको छ।

कक्षा २ मा ३ जना, कक्षा ३ मा ३ जना, कक्षा ४ मा ५ जना र कक्षा ५ मा ५ जना विद्यार्थी रहेकोमा हिउँदको समयमा इँटा पार्न अभिभावकसँगै गएकाले विद्यालयमा उपस्थित हुँदैनन्। तिहारपछि विद्यालयमा उपस्थित भएका चारवटा कक्षामा ६ जना विद्यार्थीहरूलाई एउटै कक्षामा राखेर शिक्षकहरू पालैपालो पढाउने गरिएको छ। पाँच शिक्षकमध्ये एक जनाको राजीनामा, एक जना सरुवा, एक जना विदामा। दुई शिक्षकले शिशु कक्षा र एक कक्षामा समेत हेर्नुपर्ने। विद्यालयको कक्षाकोठा बाख्रा बाँध्ने खोरजस्तो फोहोर।

विद्यालय हाताभित्र प्रवेश गर्ने बित्तिक्कै घुँडाघुँडा आउने घाँस। कक्षाकोठाभित्र भाँचिएका बेञ्चहरू। शौचालयमा ढोका नै छैन। पानी छैन। विद्यार्थीहरू शौच गर्न आउँदा घरमै जान्छन्। शिक्षकहरू विद्यालयको छिमेकमा पुग्छन्। विद्यालयमा भर्ना भएका कक्षा १ का बुद्ध विक, कक्षा २ कि गंगा परियार, कक्षा ३ का किशोर परियार, सुनिल तामाङ र नवराज परियार, कक्षा ४ का सुदिप तामाङ, मनोज परियार, सिर्जना विक, कक्षा ५ का सिर्जना विकलगायत भट्टामा पुगिसकेका छन्। भर्नाको समयमा ४० कटाउने र शिक्षकको दरबन्दी काट्न नदिने विद्यालय त्यसपछि विद्यार्थी टिकाइरहन र विद्यालयजस्तो बनाउन केही कार्यक्रम गर्दैन।

विद्यालयमा राजनीति मात्रै गर्ने तर विद्यालय सुधारका लागि पहल नगर्ने विद्यालय व्यवस्थापन समितिलाई आरोप लागेको छ। जुन विद्यालयको भूकम्पपछि बोर्ड पनि राखिएको छैन। भवन भएको लडिरहेको छ। चासो पनि छैन। शिक्षा कार्यालयले विद्यालय भवन निर्माणका लागि राखिदिएको रकमसमेत विद्यालयका प्रधानाध्यापकलाई थाहा छैन। विद्यार्थीहरूले भने शौच आउँदा कहाँ जाऊँ हामी ? १० बजे विद्यालय आएका विद्यार्थीहरूको ११ बज्दा नबज्दै टिफिन सकिएको हुन्छ। टिफिन कतिबेला खानेसमेत रुटिन विद्यालयले बनाएको छैन। जागिर मात्रै खान शिक्षकहरूलाई किन सहयोग गर्ने भन्ने अभिभावकहरूको बुझाइ रहेको छ।

सामुदायिक सारथी नेपाल, जिल्ला शिक्षा कार्यालयको पहलमा गएको अनुगमन टोलीले सामुदायिक विद्यालयको अवस्था, विद्यार्थीहरूको अध्ययन र सुधार गर्नुपर्ने विषयमा विद्यालय व्यवस्थापन समिति, विद्यालयका शिक्षक अभिभावकसँग छलफल गरेको थियो। विद्यालयमा भर्ना भएका विद्यार्थीहरूमध्ये आधा मात्रै उपस्थित हुने गरेको, उपस्थित भएका विद्यार्थीहरू पनि भट्टामा गएको देखिएको छ। भूकम्पपछि अझै बालबालिकाहरू उपस्थित नहुने गरेको तथ्याङ्क रहेको प्रधानाध्यापक दीपककुमार सापकोटाले जानकारी दिए। कक्षा १ मा भर्ना भएका विद्यार्थीदेखि कक्षा ५ सम्मका ७ जना विद्यार्थी भट्टामा गएका छन्। विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बस्न नसकेको, कक्षाकोठा तथा सिकाइ व्यवस्थित नभएको, समुदायलाई विद्यालयप्रति अपनत्व नभएको, सरसफाइजस्ता विषयमा ध्यान नदिएको, विद्यालयमा शैक्षिक क्यालेन्डर नभएको, बालबालिकाहरूलाई शौचालय जान पानीसमेत् नभएको जस्तो अवस्था अनुगमनको क्रममा देखिएको थियो।

विद्यालयलाई विद्यालयजस्तो बनाउन विद्यालय स्रोत व्यक्ति प्रेमबहादुर लामाले निर्देशन दिए भने शिक्षकहरूको विद्यालयमा नियमित उपस्थित नभएकाले पठनपाठनमा समेत समस्या भएको अभिभावकहरूले बताएका थिए। जिल्लाका अधिकांश सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या घट्दै गएको छ। अनुगमनमा जिल्ला समन्वय समितिका सदस्य कृष्णबहादुर लामा, सामुदायिक सारथीका जिल्ला संयोजक राजाराम गौतमलगायतको सहभागिता रहेको थियो।

नाम परिवर्तन गरिएको सम्बन्धी सूचना

कन्सटिच्युन अफ एक्सेस इन्डिपेन्डेन्ट लिभिङ एसोसियसन नेपालको मिति २०७४।०५।१९ गते बसेको संचालकहरुको विशेष साधारण सभाले यस कम्पनीको नाम परिवर्तन गरी एक्सेस इन्डिपेन्डेन्ट लिभिङ एसोसियसन नेपाल (Acess independent Living Assocation Nepal) राख्ने निर्णय गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७४।०६।०८ मा स्वीकृति पाई सकेको कुरा सरोकारवाला तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

एक्सेस इन्डिपेन्डेन्ट लिभिङ एसोसियसन नेपाल
कुपण्डोल ०१ ललितपुर , नेपाल।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
यातायात व्यवस्था कार्यालय,
सवारी चालक अनुमति पत्र, वाग्मती
जगाती, भक्तपुर

प्रयोगात्मक परीक्षास्थल (Trial Center) आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति: २०७४।०७।१५

यस कार्यालयका लागि चार पाग्रे सवारी साधानको प्रयोगात्मक परीक्षा सचालनको लागि प्रयोगात्मक परीक्षास्थल र परीक्षामा प्रयोग हुने सवारी साधन निःशुल्क रुपमा आवश्यक भएको हुंदा सो सूचना सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयको वेबपेज www.dotm.gov.np/jagati मा राखिएको व्यहोरा जानकारी गराईन्छ।

कार्यालय प्रमुख

[illegible]
बोलपत्र आह्वानको सूचना

| सि.नं. | [illegible] | परिमाण | लागत अनुमान | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | |

[illegible]

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व

## हमला



अफगानिस्तानको राजधानी काबुलमा भएको आत्मघाती बम विस्फोटमा घाइते हुन पुगेका एक व्यक्तिको उद्धार गरिँदै।

## उद्धार



सिंगापुरमा एक व्यक्तिले आफूले पालिराखेको सुगालाई अजिंगरको आहारा हुनबाट जोगाएका छन्।

2017, NOV Wednesday 1

## विश्व २ मिनेट

### भारत

#### काकाहरू दोषी

नयाँदिल्ली, (एजेन्सी)

भारतको एक चुस्त अदालतले १० वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा २ जना पुरुषलाई दोषी ठहर गरेको छ। ती बालिकाले अगस्टमा एक छोरी जन्माएकी थिइन्। ती अभियुक्त दुवै पीडित बालिकाका काका रहेको बताइएको छ। बिहीबार तिनीहरूलाई अदालतले सँजाय सुनाउने भएको छ। गत जुलाइको मध्यतिर उनले पेट दुखेको गुनासो गरेपछि उनका अभिभावकले अस्पताल लगेपछि मात्र उनी गर्भवती रहेको भेद खुलेको थियो। उनको बच्चाको डीएनए नमुना उनका ठूलो काकासँग नमिलेकाले अर्को कान्छो काकालाई गिरफ्तार गरिएको थियो। ठूलो काकाले शुरूमै आरोप स्वीकारेका थिए।

### अफगानिस्तान

#### आत्मघाती आक्रमण

काबुल, (एजेन्सी)

अफगानिस्तानको राजधानी काबुलको मध्यभागमा मंगलबार भएको एक आत्मघाती बम आक्रमणमा कम्तिमा ४ जना व्यक्तिको ज्यान जानुका साथै अन्य १३ जना घाइते भएको सुरक्षा सूत्रले जनाएको छ। काबुल प्रहरीका प्रवक्ताले ती आत्मघाती आक्रमणकारी १२ वा १३ वर्षीय बालक भएको बीबीसीलाई जानकारी दिएका छन्। तथाकथित इस्लामिक स्टेट ( आईएस ) ले यस घटनाको औपचारिक रूपमा जिम्मेवारी लिएको छ। प्रहरीले मर्नेको संख्या बढ्न सक्ने जनाएको छ। केही महिना यता तालिवान र अन्य लडाकू समूहले काबुलमा आक्रमण तिव्र पारेको छ।

### थाइल्यान्ड

#### यिङलकको पासपोर्ट रद्द

बैंकक, (एजेन्सी)

थाइल्यान्डले पूर्वप्रधानमन्त्री यिङलक सिनावात्राको पासपोर्ट रद्द गरेको छ। लापरबाही भएको आरोपको मुद्दामा फैसला हुनुअगाडि देशबाट भागेकी सिनावात्रा त्यसबेलादेखि सार्वजनिक नभएको अधिकारीहरूले बताए। उनको अनुपस्थितिमा सरकारी चामल नीतिमा घुषखोरी रोक्न असफल भएकोमा अदालतले उनलाई ५ वर्षको जेल सँजाय तोकेको थियो। उक्त फैसलालाई पूर्वप्रधानमन्त्रीको परिवारलाई राजनीतिबाट बाहिर राख्ने जुन्ता सरकारको प्रयास भएको उनका समर्थकहरूले बताएका छन्। यिङलकको सबै पासपोर्ट रद्द भएको विषयमा विदेशमन्त्री डोन प्रमुद्विनाइले पत्रकारहरूलाई जानकारी दिएका थिए।

### उत्तर कोरिया

#### २ सयको मृत्यु

टोकियो, (एजेन्सी)

उत्तर कोरियाको परमाणु परीक्षणस्थल स्थित एउटा शुरूङमा पछिल्लो परीक्षणपछि भएको दुर्घटनामा २ सयभन्दा बढीको मृत्यु भएको एक जापानी समाचारमा उल्लेख गरिएको छ। सेप्टेम्बर ३ मा उत्तर कोरियाले उसको छैठौं र सबैभन्दा ठूलो भूमिगत परमाणु हतियार परीक्षण गरको केही दिन नबित्दै पुङग्यरीस्थित एउटा शुरूङ भत्केको आवाज उत्तर कोरियाली स्रोतलाई उद्धृत गर्दै टिभी आसाहीले जनाएको छ। शुरूमा भत्किँदा करिब १ सय कामदार परेको र उनीहरूको उद्धार कार्य भइरहँदा अर्को शुरूङको भाग पनि भत्केको थियो। यस दुर्घटनामा कम्तिमा २ सय जनाको मृत्यु भएको उक्त जापानी टेलिभिजनले जनाएको छ।

# नव विवाहिता विरुद्ध हत्याको आरोप

इस्लामावाद, (एजेन्सी)



पाकिस्तानमा एक नव विवाहित महिलालाई आफ्नो पतिलगायत अन्य १२ जना पतिका आफन्तलाई दूधमा विष मिसाएर ख्वाइ हत्या गरेको अभियोग लगाइएको छ। प्रहरीले गतसाता आसिया बिबीले खतरानाक विष मिसाइएको दूध पतिलगायत अन्यलाई ख्वाउन खोजे पनि उनका पतिले दूध नखाएको दाबी गरेको छ।

उनले दूधलाई लस्सी बनाएर पतिको परिवारलाई पिलाएको बताइएको छ। प्रहरीका अनुसार ती महिलालाई गत सेप्टेम्बरमा जवर्जस्ती विवाह गराइएको जनाइएको छ।

पाकिस्तानको गरिब र विकट क्षेत्रमा परिवारको दबाबमा विवाह हुने घटना सामान्य हुन्। स्थानीय संचार माध्यमका अनुसार आसियाले विवाहपछि पनि लोग्नेको घर छाडेर माइत भाग्ने असफल प्रयास गरेको जनाएको छ।

वरिष्ठ प्रहरी अधिकारी ओवासिस अहमदले असिया विरुद्ध हत्याको अभियोग लगाइएको पुष्टि गरेका छन्। प्रहरीले यस घटनामा १३ जनाको ज्यान गएको तथा अन्य १४ जनालाई अस्पताल भर्ना गरिएको नि जनाएको छ।

पाकिस्तानी सरकारी टेलिभिजन जियोले मृतकको संख्या १५ पुगेको र मर्नेमा बालबालिका पनि रहेको जनाएको छ। विषाक्त दूध पिलाइनासाथ घटनास्थलमै ८ जना व्यक्तिको ज्यान गएको थियो।


**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**DIVISION OFFICE, NUWAKOT**

**Invitation for Online Bids**

**Date of Publication : 2017/11/01**

**Invitation for Sealed Bids for the DUDBC/Nuwakot/NCB/Works/01/2074/75**

1. **Government of Nepal** has allocated funds towards the cost of construction of the works mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. The Department of Urban Development and Building Construction Division Office Nuwakot (DUDBC Nuwakot) invites sealed bids or electronic bids from eligible bidders for following works under National Competitive Bidding – Single-Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| S. N. | Contract No. | Description of Work | Major Work Experience in One Contract | Key Qualification (with VAT) | | Bid Security Amount (NRs.) | Price of Bid Document |
|---|---|---|---|---|---|---|---|
| 1. | DUDBC/Nuwakot/ Work/NCB/ 1/074/075 | Construction of Fish Research Centre Building, Bidur-9 (Silttanki),Nuwakot. | Brick Masonary Work : 180.00 cum PCC For RCC Work 300.00 cum Rainforcement Bar 40.00MT | Turnover | Rs. 3,00,00,000.00 | 8,00,000.00 | 5,000.00 |
| | | | | Experience | 5 years Minimum | | |
| | | | | Similar Nature | Rs. 2,40,00,000.00 | | |

3. ***Department of Urban Development and Building Construction (DUDBC), Division office Nuwakot*** invites electronic bids from eligible bidders for the construction of **above mentioned description of the works** under National Competitive bidding- Single-Stage Two-Envelope Bidding Procedure.
4. Bidder shall submit their bid electronically only and download the bidding documents form e-portal **http:// www.bolpatra.gov.np/egp/.** Bidders, submitting their bid electronically should deposit the cost (as specified above) of bidding document in the project's Rajaswa (revenue) account as specified below and the scanned copy (PDF format) of the Bank deposit voucher shall be **uploaded** by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Account No for The Bid Document Purchase | | Account No for The Bid Security Deposit. | |
|---|---|---|---|
| Contract No:- | **DUDBC/Nuwakot/NCB/Works/01/2074/75** | Contract No:- | **DUDBC/Nuwakot/NCB/Works/01/2074/75** |
| Name Of Bank:- | **Nepal Bank Limited ,Trishuli Branch(Nuwakot)** | Name Of Bank:- | **Nepal Bank Limited ,Trishuli Branch(Nuwakot)** |
| Name Of Office | **DUDBC, Division office, Nuwakot** | Name Of Office | **District Treasury Controller office,Nuwakot** |
| Office Account no: | **26-41-811** | Dharauti Account no: | **1-kha-3(Dharauti)** or Bank Guarantee issued by 'A' class Commercial Bank.(Mentioned Purpose of Deposit stating Contract No. Clearly) |
| Revenue Head No.:- | **14227** | | |
| Office Code no: | **26-347-01** | Office Code no: | **26-347-01** |

5. Minimum Average Annual Construction Turnover of the bet 3 years within the last 10 years: ***As mentioned in table above.***
   Minimum Works experience of similar size and nature: [number of project and value of each project as mentioned above].
6. Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office ***Department of Urban Development and Building Construction, Division Office Nuwakot*** or may visit **http:// www.bolpatra.gov.np/egp/**
7. Pre-bid meeting shall be held at ***DUDBC, Division Office Nuwakot at 2017/11/22 at 13:00***
8. Electronic bids must be submitted to the office DUDBC, Division Office Nuwakot through web portal **http:// www.bolpatra.gov.np/egp/** on or before ***12:00*** on ***2017/12/01*** Bids received after this deadline will be rejected.
9. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00*** on ***2017/12/01*** at the office of ***DUDBC, Division Office Nuwakot.*** Bids be valid for a period of 90 days for after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in cast of e-bid, amounting to a minimum of **as specified above** which shall be valid for 30 days beyond the validity period (i.e. 120 days) of the bid after dateline for Bid submission last date.
10. E-bidding, hard-copy of all the required related documents should be submitted within 7 days of the bid opening date.
11. If the last date of Pre-Bid meeting/purchasing/submission day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
12. Bidders may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will no be able to submit another bid response for the same bid.
13. After the completion of evaluation of Technical Bids, which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
14. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
15. Employer Name :
    DUDBC Division Office Nuwakot
    Attention : Division Chief, DUDBC Division Office Nuwakot
    Location : Bidur-9, Colony
    Telephone : 010-560179, Fax No. : 010-560179
    Email : dudbc.nuwakot@gmail.com

**Division Chief**


# १२ करोड ६० लाख अमेरिकीसमक्ष रुसी पोस्ट पुगे : *फेसबुक*



वासिङटन, (एजेन्सी)



फेसबुकले विगत दुई वर्षमा रुसका प्रयोगकर्ताको तर्फबाट गरिएका पोस्ट सामग्री १२ करोड ६० लाख अमेरिकीसमक्ष पुगेको जनाएको छ।

उक्त सामाजिक सन्जाल साइटका अनुसार सन् २०१६ का राष्ट्रपति चुनावअगाडि र पछि यस प्रकारको ८० हजार पोस्ट जारी भए। त्यसमा अधिकांश पोस्ट विभाजनकारी सामाजिक तथा राजनीतिक सन्देशहरू थिए। लोकप्रिय वेबसाइटहरूमा रुसले कति प्रभाव पारेको छ भन्ने विषयमा सिनेटमा सुनवाइ हुन लागेको बेला फेसबुकले उक्त आँकडा जारी गरेको हो। पछिल्लो राष्ट्रपति चुनावमा रुसले सामाजिक संजाल तथा ह्याकरमार्फत् प्रभावित पारेको आरोप लागेको थियो।

डोनाल्ड ट्रम्पले जितेको र हिलारी क्लिन्टनले हारेको उक्त चुनावलाई प्रभावित पार्ने प्रयास गरेको आरोपलाई रुसले लगातार अस्विकार गर्दै आइरहेको छ। फेसको उक्त ताजा आँकडालाई समाचार एजेन्सी रोयटर्स र वासिङटन पोस्ट अखबारले गरेका छन्। आँकडामा सन् २०१५ जुनदेखि सन् २०१७ अगस्टको बीचमा ८० हजार पोस्ट प्रकाशित भएका थिए।

ती पोस्ट क्रेमलिनसँग सम्बन्ध राख्ने रुसी कम्पनीले राखेको फेसबुकले जनाएको छ। फेसबुकका प्रतिनिधि कोलिन स्ट्रेचले भने- 'यो कारबाही फेसबुकलाई कम्युनिटी बनाउने अभियानको विरोधमा गरिएको थियो। हामी यो नयाँ खतरासँग लड्न प्रतिबद्ध छौं।' सोमबार गुगलले पनि रुसी ट्रोल्सले १८ फरक-फरक च्यानलमा १ हजार भिडियो अपलोड गरेको जानकारी दिएको वासिङटन पोस्टले जनाएको छ। यस बीच ट्विटरले रुसको इन्टरनेट रिसर्च एजेन्सीसँग सम्बन्ध रहेको आशंका गरिएका सबै संदिग्ध २ हजार ७ सय ५२ अकाउन्टलाई निलम्बित गरेको रोयटर्सले जनाएको छ।

### संघीय जाँच देशका लागि खराब

अमेरिकी राष्ट्रपति ट्रम्पले सन् २०१६ को चुनाव र उनका सहयोगीहरूको रुससँगको सम्बन्धलाई लिएर संघीय छानबिन 'देशका लागि खराब' र त्यो 'खराब राजनीतिका लागि बोक्सीको खोजी' भएको बताएका छन्। उनले जारी रहेको छानबिनमा हिलारी क्लिन्टनलाई पनि तान्नमा रिपब्लिकनहरू एकजुट हुनेमा पनि जोड दिए।

आफूले क्लिन्टनबाट नक्कली फाइल बनाएको, रुससँग युरेनियमको सम्झौता, ३३ हजार इमेल डिलिट गरेको र अन्य कयौं मुद्दा उठाएपछि रिपब्लिकनहरूमा देखिएको आक्रोस र एकता यसअघि कहिल्यै नदेखेको ट्रम्पले ट्विट गरेका छन्। यसअघि ट्रम्पको चुनाव अभियानमा जिम्मेवारी सम्हालेका पल म्यानफोर्ट विरुद्ध राष्ट्रपति चुनावमा रुसी हस्तक्षेपसँग जोडिएको मामिलामा जाँच हुने बताइएको थियो।

पल र उनका सहयोग रिक गेट्समाथि १२ विभिन्न आरोप लगाइएको छ। यसमा षड्यन्त्र रचेको र पैसाको अपचलन गरेको आरोप गर्छन्। पल र उनका सहयोग गेट्स बयान दिनका लागि वासिङटनस्थित एफबीआई कार्यालय पुगेका थिए। ती दुई विरुद्ध युक्रेनका रुसी राजनेताहरूसँग सन् २००६ देखि २०१५ को बीचमा सम्पर्क राखेको सम्बन्धमा सोधपुछ गरिरहेको जनाइएको छ। पल र गेट्समाथि युक्रेनका पूर्वराष्ट्रपति भिक्टर यानुकाबीच र उनका पार्टीको अनाधिकृत एजेन्टको भूमिका निभाएको आरोप लगाइएको छ।

यानुकोबीच रुस समर्थित नीति लागू गर्ने क्रममा सन् २०१४ मा युक्रेनको राष्ट्रपति पदबाट अपदस्थ हुनुपरेको थियो। पल म्यानाफोर्टमाथि विदेशी खाताको प्रयोग गरी १ करोड ८० लाख डलर स्थानान्तरण गरेको आरोप पनि लागेको छ। ती पैसाको प्रयोग सम्पत्ति खरिद र अन्य सुविधामा गरेका थिए। उनले यसलाई अमेरिकी अधिकारीहरूबाट लुकाएको थियो। उनले विदेशी सम्पत्तिको आडमा अमेरिकामा विलाशी जीवन बिताइरहेको बताइएको छ।

यस मामिलामा विशेष अधिवक्ता रोबर्ट म्युलरको नेतृत्वमा ट्रम्पको चुनाव अभियानसँग रुसको सम्बन्धको जाँच गरिरहेका छन्। म्युलरको टोली लामो र गम्भिर सोधपुछका लागि चर्चित छ। यो टोलीले अहिलेसम्म ह्वाइट हाउसका कयौं अधिकारीहरूसँग सोधपुछ गरिसकेका छन्। म्यानाफोर्ट सन् १९७६ मा गेराल्ड फोर्डको समयदेखि नै कयौं रिपब्लिकन राष्ट्रपति उम्मेदवारका चुनाव अभियानमा आबद्ध रहँदै आएका थिए।



अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्नो कार्यकाल शुरू गरेदेखि नै आफ्नो टोली र रुसी अधिकारीहरू बीचको साँठगाँठको आरोप खेपिरहेका छन्। अमेरिकी छानबिन टोलीले रुसी साइबर ह्याकरले अमेरिकी चुनाव प्रक्रियालाई प्रभावित पारेको र त्यसबाट ट्रम्पलाई जिताएको विषयमा सत्य कुरा पत्ता लगाउने प्रयास गरिरहेका छन्।

इन्सेकले एक विज्ञप्ति जारी गर्दै ढुंगेलको गिरफ्तारीपछि पीडित परिवारले न्याय पाएको उल्लेख गरेको छ। 'सरकारको यो कदमको समर्थन गर्दछौं, कानुनी शासनको सम्मान गर्दै सबै न्यायिक निर्णय र प्रक्रियाको परिकल्पना गर्न जोडदार माग गर्दछौं' -विज्ञप्तिमा भनिएको छ।

# कांग्रेसको घोषणापत्र सार्वजनिक

## वाम गठबन्धनको डटेर सामना गर्ने निर्णय

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गर्दै वाम गठबन्धनको डटेर सामना गर्ने उद्घोष गरेको छ। मधेसकेन्द्रित दल, राप्रपा (प्रजातान्त्रिक) र राप्रपालगायतका दलसँग विश्वसनीय सहकार्य गर्ने जनाएको कांग्रेसले एमाले र माओवादी केन्द्रको गठबन्धनले मुलुकमा साम्यवादी शासन ल्याउन खोजेको आरोप लगाएको छ।

संविधानमा प्रत्याभूत गरेको संघीय समावेशी लोकतन्त्रका आधारभूत संरचना र अधिकार भत्काउने र अपहरित गर्ने उद्देश्यका साथ आगामी निर्वाचनमा नेकपा एमाले र माओवादी केन्द्रलगायत कम्युनिस्टले गठबन्धन गरेको भन्दै कांग्रेसले यो गठबन्धनले लोकतन्त्र र राष्ट्रियतालाई कमजोर बनाउने कुचेष्टा गरेको आरोप पनि लगाएको छ।

मंगलबार पार्टी केन्द्रीय कार्यालय, सानेपामा एक कार्यक्रमको आयोजना गरी सार्वजनिक गरिएको घोषणापत्रमा मधेसकेन्द्रित दल, राप्रपा (प्रजातान्त्रिक) र राप्रपालगायतका दलसँग भने विश्वसनीय सहकार्य गर्ने उल्लेख गरिएको छ। 'कम्युनिस्टहरूको गठबन्धनप्रति आक्रमकरूपमा प्रस्तुत भएको कांग्रेसले घोषणापत्रमा एमाले र माओवादी केन्द्रको घोषित उद्देश्य कम्युनिस्ट पार्टीको वर्चस्वको सरकार बनाउने र देशमा साम्यवाद स्थापना गर्ने ठम्याइएको छ।

'एक दलीय कम्युनिस्ट शासनको सपना र प्रयोगले धेरै मुलुकमा स्वाधीनता, स्वतन्त्रता र समृद्धि गुमेको छ', घोषणापत्रमा भनिएको छ- 'पहिलोपटक नेपाललाई पनि यस्तो जोखिमतर्फ धकेल्ने कुचेष्टा वर्तमान कम्युनिस्ट गठबन्धनले गरेको छ।' घोषणापत्रमा नेकपा एमालेलाई राष्ट्रिय एकता र समृद्धिको बाधक तथा नेकपा माओवादी केन्द्रलाई अस्थिर राजनीतिको लाभ लिने अवसरवादीको संज्ञा दिँदै छुट्टाछुट्टै आरोप पनि लगाइएको छ।



समसामयिक राजनीतिका बारेमा बोल्दै कांग्रेसले नेकपा एमाले र माओवादी केन्द्रलाई सुनियोजित तवरबाट संस्थागत भ्रष्टाचारलाई संरक्षित गर्ने पार्टी प्रमाणित भएको भन्दै पनि चुनावी घोषणापत्रमा उल्लेख गरेको छ। 'नेकपा एमालेले राजनीतिक पार्टीको चरित्र गुमाउँदै आफ्ना लेबी बुझाउने सक्रिय नेता र कार्यकर्ताका भ्रातृ संगठनको माध्यमबाट अस्पताल, मेडिकल कलेज, एनजीओ सञ्चालन, सहकारी संस्था, उद्योग, जलविद्युत्, आवास र बैंकिङ क्षेत्रमा लगानी र स्वार्थ भएको व्यावसायिक घरानाको भूमिकामा आफूलाई परिवर्तन गरेको छ', घोषणापत्रमा भनिएको छ- 'चिकित्सा शिक्षा विधेयक २०७४ लाई एमाले र माओवादी केन्द्रले पारित गर्न नदिनु यसको पछिल्लो उदाहरण हो।'

राजनीतिक दलहरूले सत्ताका निम्ति मात्र दलीय प्रतिस्पर्धा गर्नुको साटो लोकतन्त्र र आर्थिक समृद्धिको मुद्दालाई केन्द्र भागमा राखेर राजनीतिक सहकार्य गर्ने तत्परता देखाउनु जरुरी भएको भन्दै कांग्रेसले राष्ट्रिय राजनीतिमा पुनः उठ्न थालेको अतिवादी र एक दलीय कम्युनिस्ट वर्चस्वको शासनको सोच र प्रवृत्ति राष्ट्र र लोकतन्त्रका लागि जोखिमपूर्ण हुने जनाएको छ।

कांग्रेसले चुनावी घोषणापत्रमा राष्ट्रिय पुनर्जागरणको नयाँ युग प्रारम्भ गर्ने घोषणा गर्दै समावेशी लोकतन्त्र र मानवअधिकारका सवाल, आर्थिक समृद्धिको अभियानका सवाल, आध्यात्मिक सांस्कृतिक वैभवका सवाललाई पनि विस्तृतमा उल्लेख गरेको छ। कांग्रेसले आगामी ५ वर्षभित्र औद्योगिक लगानी र उत्पादनमा व्यापक विस्तार गर्दै नेपाललाई प्रमुख खाद्यान्न, फलफूल, तरकारी दुग्ध उत्पादन, अन्डा र मासु उत्पादन, जलविद्युत्, ऊर्जा, वन सम्पदामा आधारित प्रमुख वस्तुहरूमा आत्मनिर्भर बनाउने जनाएको छ।

नेपाल आध्यात्मिक सांस्कृतिक वैभवको अन्तर्राष्ट्रिय केन्द्र र नेतृत्व प्रदान गर्न सक्ने गुरु राष्ट्र भएको भन्दै कांग्रेसले हजारौं वर्षदेखि हिमालको काखमा बसेको नेपालले सनातन वैदिक संस्कृति र सभ्यताको संरक्षण र पोषण गर्दै आएको बारेमा पनि विस्तृत उल्लेख गरेको छ। युवा जनशक्तिका बारेमा कांग्रेसले आधुनिक र वैज्ञानिक सोच भएको नेपाल निर्माण गर्ने अभियानका साथ युवालाई नयाँ काम गर्ने जाँगर, नयाँ प्रविधि सिक्ने उत्साह, जोखिम मोल्ने साहस र इमानदारिताको लागि उपयोग गरिनेछ। जल, जमिन र जैविक विविधताई पनि प्राथमिकता दिँदै कांग्रेसले नेपालको वन सम्पदा जडीबुटी आयुर्वेदका लागि मात्र नभई आधुनिक चिकित्साको विविध औषधिको स्रोत पनि रहेको जनाएको छ।

कांग्रेसले घोषणापत्रमा अबको १० वर्षको विकास दृष्टि र लक्ष्य पनि सार्वजनिक गरेको छ। अबको १० वर्षमा कांग्रेसले १ सय खर्बको अर्थतन्त्र बनाउने र लाखौंको रोजगारी सिर्जना गर्ने जनाएको छ भने अर्थतन्त्रमा नेपाली उत्पादनमूलक उद्योगको अंश ५ बाट १५ प्रतिशत पुर्‍याई अन्तर्राष्ट्रिय उत्पादन सञ्जालमा गाँसिनेछ। कांग्रेसले गरिबीको रेखामुनि रहेका जनताको हिस्सा ३ प्रतिशतभन्दा कम बनाउने प्रतिबद्धता गरेको छ भने कुपोषण र भोकमरी निर्मूल पारिने जनाएको छ। सामाजिक सुरक्षा अवधारणालाई समेत प्राथमिकता दिँदै कांग्रेसले मानिस गर्भमा रहेदेखि मृत्युपछिको संस्कारमा समेत राज्यको सेवासुविधा हुने जनाएको छ।

आगामी निर्वाचनमा कांग्रेसले अतिवादको प्रतिवाद, रोजगारमूलक वृद्धि, कल्याणकारी राज्य, देश जोड्ने संघीयता, सार्वभौम समानता, संक्रमणकालीन न्याय र सामाजिक धार्मिक सद्भाव गरी प्रमुख ७ वटा मुद्दालाई अघि सार्दै मतदाताको घरदैलो जाने जनाएको छ।

घोषणापत्र सार्वजनिक गर्दै कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले भन्नुभयो- 'लोकतन्त्रका विरोधी शक्तिहरू एक भएका छन्, कम्युनिस्टहरूले मुलुकलाई अधिनायकवादतर्फ लैजाने डर छ।' अहिले संविधान कार्यान्वयन र मुलुकलाई समृद्धिको दिशातर्फ लैजाने बेला भएकाले कम्युनिस्ट शासन आए डर र त्रासको शासन हुने प्रधानमन्त्री देउवाको भनाइ थियो। कम्युनिस्ट शासन आए हामीहरूले न्याय माग्न जाने ठाउँ पनि नरहने उहाँको भनाइ थियो।

आगामी निर्वाचनमा कम्युनिस्ट एक ठाउँमा उभिएका छन् यो कांग्रेसलाई ठूलो चुनौती हो भन्दै कांग्रेस महामन्त्री डा. शशांक कोइरालाले कांग्रेस पनि एक ढिक्का भएर यो चुनौतीको डटेर सामना गर्ने बताउनुभएको थियो। कम्युनिस्ट गठबन्धनले संविधानको मौलिक कुरामै प्रश्न उब्जाएको भन्दै वरिष्ठ नेता रामचन्द्र पौडेलले वाम गठबन्धनले देशलाई निरंकुशतातर्फ लैजाने उद्घोष गरेको बताउनुभएको थियो।

# माओवादीका राज्यमन्त्री श्रेष्ठ कांग्रेसमा

काठमाडौं, (नेस)

बिनाविभागीय राज्यमन्त्री शम्भुलाल श्रेष्ठ नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। माओवादी केन्द्रबाट राज्यमन्त्री बनेका उनीसँग एमालेका दुई पूर्वसांसद पनि कांग्रेसमा प्रवेश गरेका छन्। मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित एक कार्यक्रमकाबीच उनीहरू कांग्रेसमा प्रवेश गरेका हुन्।

राज्यमन्त्री श्रेष्ठसँगै कैलालीका प्रभावशाली एमाले नेता तथा पूर्वसांसद मोहनसिंह राठौर र रवनी चौधरी पनि कांग्रेस प्रवेश गरेका छन्। प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाले तीनै जनालाई पार्टी प्रवेश गराएका थिए।

२०७० सालको संविधानसभा निर्वाचनमा एमाले नेता झलनाथ खनाललाई सर्लाही-१ मा पराजित गरेका विनाविभागीय राज्यमन्त्री श्रेष्ठ यसअघि उनी स्वास्थ्य राज्यमन्त्री थिए। एमाले कैलालीमा प्रभावशाली मानिएका मोहनसिंह राठौरले २०७० को संविधानसभा चुनावमा कैलाली क्षेत्र नम्बर-२ बाट विजय हासिल गरेका थिए। त्यस्तै रवनी चौधरी २०७० सालको संविधानसभाको चुनावमा एमालेको समानुपातिक कोटामा सांसद रहेकी थिइन्।

# मनोनयनका लागि फाराम वितरण

**नेपाल समाचारपत्र**

काभ्रे

मसिंर २१ गते हुने निर्वाचनका लागि कात्तिक १६ गते बिहीबार हुने उम्मेदवारी दर्ताका लागि मुख्य निर्वाचन कार्यालय, काभ्रेले दलहरूलाई समय बाँडफाँड गरेको छ।

एकै पटक उम्मेदवारी दर्ताका लागि दलका उम्मेदवारहरू निर्वाचन कार्यालयमा आउँदा भीड व्यवस्थापन गर्न कठिन हुने भएकाले समयको बाँडफाँड गरिएको मुख्य निर्वाचन अधिकृत अर्जुन अधिकारीले जानकारी दिए।

समय तालिकाअनुसार सबैभन्दा पहिला संघीय समाजवादी दलले १२ बजे उम्मेदवारी दर्ता गर्ने छ भने दोस्रो साढे १२ बजे नेपाली कांग्रेसको दर्ता हुनेछ। त्यसलगत्तै नेमकिपा र वाम गठबन्धनले साढे २ मा उम्मेदवारी दर्ता गर्नेछ। अन्य दलहरूलेसमेत समय र मनोनयन फाराम लगिसकेको निर्वाचन अधिकृत अधिकारीले जानकारी दिए।

उम्मेदवारी दर्ताका लागि प्रतिनिधिसभातर्फ १० हजार र प्रदेशसभाका लागि ५ हजार रुपियाँ धरौटी राख्नुपर्नेछ। महिला, दलित, अपांग, आर्थिक अवस्था कमजोर भएकाहरूलाई धरौटी रकमको आधार छुट हुनेछ। प्रदेशसभाका लागि प्रदेशसभाभित्र मतदाता भएको र प्रतिनिधिसभाका लागि देशभर जुनसुकै स्थानबाट उम्मेदवारी दिनसक्ने ब्यवस्था गरेको छ। आयोगले फौजदारी अभियोग लागेका तथा कानुनले बन्देज गरेका व्यक्तिहरूलाई उम्मेदवारी दिनबाट वञ्चित गरेको छ।

विशेषगरी प्रमुख दलहरूले उम्मेदवारी दर्ताको दिन गाउँ-गाउँबाट कार्यकर्ताहरू सहभागी गराई भव्य रूपले जुलुससहित जाने तयारी गरेका छन्।

नेपाली कांग्रेस र वाम गठबन्धनले छुट्टाछुट्टै जुलुसको तयारी गरेका छन्। निर्वाचन आयोगले मतदाता शिक्षालगायतको तयारी गरेको छ। काभ्रेपलाञ्चोक जिल्लामा २ वटा प्रतिनिधिसभा र ४ वटा प्रदेश सभाको निर्वाचन क्षेत्र रहेका छन्। निर्वाचनका लागि १ सय ८९ वटा स्थल, ३ सय ५० वटा मतदान केन्द्रमा झन्डै ४२ सय कर्मचारी सहभागी हुनेछन्।

## पूर्वसभासद...

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'ढुंगेललाई पक्राउ गर्नु शान्ति प्रक्रिया बिथोल्ने काम हो, सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत् नै द्वन्द्वकालीन घटनाको टुंगो लगाउने सहमति भएको हो।' उहाँले ढुंगेललाई तत्काल रिहा नगरे आन्दोलनमा उत्रने चेतावनी दिनुभयो।

ढुंगेललाई पक्राउ गरेपछि विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले पनि बिनासर्त रिहाइ र मुद्दा खारेजी गर्न माग गरेको छ। महासचिव नेत्रविक्रम चन्द (विप्लव) ले विज्ञप्ति जारी गर्दै जनयुद्धका योजनाकारलाई सरकारमा सहभागी गराएर मोजमस्तीमा सहकार्य गर्ने अनि कार्यकर्तालाई चाहिँ दोषी बनाएर जेलमा कोच्ने कार्य भएको भन्दै आपत्ति जनाउनुभएको छ। जनयुद्धका क्रममा भएका घटनालाई आन्दोलनबाट अलग गर्ने र आन्दोलनमा विशेष योगदान गर्ने व्यक्तिलाई अलग गरेर आन्दोलनका विषयलाई व्यक्ति विशेषको अपराध बनाएर क्रान्तिकारी आन्दोलनलाई नै कमजोर बनाउने कार्य भएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

ढुंगेल पक्राउ परेपछि माओवादी केन्द्रको भ्रातृ संगठन योङ कम्युनिस्ट लिग (वाईसीएल) ले ढुंगेललाई तत्काल रिहा गर्न माग गरेको छ। वाईसीएलले एक विज्ञप्ति जारी गरी ढुंगेललाई तत्काल रिहाइ नगरिए देशभरका ७७ वटै जिल्लामा कांग्रेसका र राप्रपाका नेताहरूमाथि मुद्दा दायर गरेर द्वन्द्वकालीन मुद्दाहरू ब्युँताउने चेतावनीसमेत दिएको छ। विज्ञप्तिमा भनिएको छ- 'ढुंगेललाई तत्काल रिहाइ नगरिए देशभरका ७७ वटै जिल्लामा द्वन्द्वकालीन मुद्दाहरू ब्युँताएर घटनामा संलग्न नेपाली कांग्रेसका र राप्रपाका नेताहरूमाथि मुद्दा दायर गर्ने पहलकदमी लिन वाईसीएलका मातहतका जिल्ला समितिहरूलाई निर्देशित गर्दछ।'

संगठनले द्वन्दकालका गम्भीर घटनामा 'सत्य निरूपण तथा मेलमिलाप आयोग' मार्फत् हेरिने भन्ने विस्तृत शान्ति सम्झौताको उलंघनमात्रै होइन देश निर्वाचनमा होमिइरहँदा निर्वाचन भाड्ने षड्यन्त्र स्वरूप गरिएको गिरफ्तारीप्रति आपत्ति व्यक्त गरेको छ।

**पक्राउको स्वागत**

पूर्व सांसद ढुंगेललाई पक्राउ गरेर जेल चलान गरेकोमा इन्सेकले स्वागत गरेको छ। इन्सेकले एक विज्ञप्ति जारी गर्दै ढुंगेलको गिरफ्तारीपछि पीडित परिवारले न्याय पाएको उल्लेख गरेको छ। 'सरकारको यो कदमको समर्थन गर्दछौं, कानुनी शासनको सम्मान गर्दै सबै न्यायिक निर्णय र प्रक्रियाको परिकल्पना गर्न जोडदार माग गर्दछौं' -विज्ञप्तिमा भनिएको छ।

## सुरक्षा...

उहाँले जिल्ला तहमा मतदान कार्यमा खटिने कर्मचारीहरूको खटनपटनमा मुख्य/निर्वाचन अधिकृत, निर्वाचन अधिकारी र प्रमुख जिल्ला अधिकारीबीचमा सहयोग र समझदारी कायम गरी कार्य सञ्चालन गर्न आयोगले निर्देशन दिइसकेको उल्लेख गर्नुभयो।

गृह मन्त्रालयका सचिव मोहनकृष्ण सापकोटाले निर्वाचन आयोगको निर्देशनअनुसार आगामी निर्वाचनलाई शान्तिपूर्णरूपमा सम्पन्न गर्नका लागि आवश्यक सुरक्षा प्रबन्ध मिलाइएको र आयोगको सुझाव अनुसार सुरक्षा योजनालाई आवश्यक परिमार्जन गरी निर्वाचनमा उच्चस्तरको सुरक्षा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। रक्षा मन्त्रालयका सचिव श्रीधर सापकोटाले नेपाल सरकारले दिएको जिम्मेवारीअनुसार अन्य सुरक्षा निकायहरूसँग मिलेर निर्वाचनमा सुरक्षा प्रदान गर्न नेपाली सेना तयार रहेको बताउनुभयो।

## बागदरबार...

२०७४ वैशाखमा सम्पन्न स्थानीय निर्वाचनबाट निर्वाचित मेयर र उपमेयरले त्यही भाडाको कार्यालयमा पदबहाली गर्नुभएको थियो भने नगरकार्यपालिकाको पहिलो बैठक पनि त्यही कम्प्लेक्सबाट सञ्चालन भएको थियो।

जननिर्वाचित पदाधिकारीले भाडाको घरमा पदबहाली गर्नुपरेको थियो। यो विषयले नवनिर्वाचितको पदाधिकारीको मन छोएपछि नयाँ भवन निर्माणको तयारी गरिएको हो। त्यही कारण २०७४ जेठ १७ गते पदबहाली गरेका दिन बसेको पहिलो कार्यपालिका बैठकले दरबार पुनर्निर्माण गर्ने निर्णय गरिएको थियो।

काठमाडौं महानगरपालिका बसेको दरबार पुनर्निर्माणका विषयमा विषयगत निकायबीच मतान्तर भएपछि भवनको जोखिम मूल्यांकन र सबलीकरण सम्भावनाका विषयमा नियुक्त गरिएको परामर्शदाताले महानगरमा पेस गरेको प्रतिवेदनमा हालको बागदरबार विसं १९९२ सालमा पुनर्निर्माण भएको विषय उल्लेख गरेको छ।

भवन भत्काउन लागेको विषयमा विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशित हुन थालेपछि मेयर शाक्यले पत्रकार सम्मेलन गरी पुरानै ढाँचामा संरचना निर्माण गर्न लागेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'हामी सधैं भाडामा बस्ने अवस्था हटाउन नयाँ डिजाइनमा भवन बनाउन लागेका हौं।' विसं २०६० पुस २८ गते तत्कालीन श्री ५ को सरकारले काठमाडौं महानगरपालिकाको स्वामित्त्वमा रहने गरी वागदरबार हस्तान्तरण गरेको थियो। त्यसलगत्तै चैत्र २७ गतेदेखि महानगरका कामकाज त्यसै दरबारबाट नियमित शुरू गरिएको थियो।

काठमाडौं महानगरको निर्माण विभागका सिभिल इन्जिनियर प्रेमबहादुर श्रेष्ठले अहिलेको भवनको ढाँचा तयार पार्नुभएको हो। ढाँचामा मल्लकालीन शैली, तत्कालीन बागदरबारको स्वरूपमा नेपाल मण्डलका सांस्कृतिक पक्षको संयोजन र आधुनिक तीनै प्रकारका शैली राखिएका छन्। यसमा पाटी, ढुंगेधारा, परम्परागत चोक निर्माण गरिने छ। साविकको भवन मोहडाको पहिलो भागलाई ३ तला, लिच्छविकालीन शैलीको दोस्रो भागलाई साढे ६ तलामा र आधुनिक शैलीको तेस्रो मोहडालाई १५ तलामा प्रस्ताव गरिएको छ।

आधुनिक शैलीको मोहडाबाट हिमालयको दृश्यावलोकन गर्न सकिने, भ्यु टावरका रूपमा विकास गरिने ढाँचामा उल्लेख छ। प्रचलित मापदण्डको परिधिमा रही भूमिगत तलासहित २ लाख वर्गफुटमा निर्माण हुने भवनमा संग्रहालय र पार्किङ व्यवस्थालाई पनि समेटिएको छ। यस भवनको लागत १ अर्ब ५० करोड रुपियाँमा निर्माण गरिने प्रस्ताव अघि बढाइएको छ। सो भवन निर्माण अवधि ४२ महिना अनुमान गरिएको कामपाले जनाएको छ।

## मौसमविद्...

यसै गरी जुम्लामा सबैभन्दा कम १ दशमलव ५, जोमसोम ३, जिरी ८ दशमलव ४, ओखलढुंगा र ताप्लेजुङमा समान ९ दशमलव ३ र डडेलधुरा ९ दशमलव ९ डिग्री रेकर्ड भएको तथ्यांक छ।

महाशाखाकी मौसमविद् विभूति पोखरेल सबैतिर तापक्रम घट्दा चिसो केही बढी महसुस गरिएको बताउनुहुन्छ। मंगलबार अपराह्नसम्ममा उपत्यकाको अधिकतम् तापक्रम १८ डिग्री सेल्सियस रेकर्ड भएको छ। त्यसै गरी लुम्लेमा १६, जिरीमा १७ दशमलव ५, ओखलढुंगामा १७ दशमलव ९ र जोमसोम र डडेलधुरा समान १९ दशमलव ५ डिग्री रेकर्ड भएको महाशाखाको तथ्यांक छ।

नेपाल सरकार
खानेपानी तथा सरसफाइ मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
**खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय**
मार्तडी, बाजुरा

**एच.डि.पि पाइप आपूर्ति र प्लेन सेडिमेण्टेशन ट्याङ्क निर्माण सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७४/०७/१५ गते ।)

यस कार्यालयद्वारा संचालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरूको लागि चालु आर्थिक वर्ष ०७४/०७५ को वार्षिक विकास कार्यक्रम अनुसार विभिन्न साईज तथा सिरिजका नेपाल गुणस्तर प्राप्त र स्पेसिफिकेशनमा उल्लेख भए अनुसारका एच.डि.पि.ई. पाईपको आपूर्ति तथा बृहत मार्तडी गुणस्तर सुधार खानेपानी आयोजनाको प्लेन सेडिमेण्टेशन टैंकी को निर्माणकार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले आपूर्ति कार्यको हकमा इजाजत प्राप्त निर्माता कम्पनी/आपूर्तिकर्ता र निर्माण कार्यको हकमा इजाजत प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरूको अधिनमा प्रत्येक प्याकेजको लागी छुट्टाछुट्टै शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. पाईप सप्लाई र निर्माण सम्बन्धी बोलपत्र, खरिद गर्ने अन्तिम मिति २०७४ मंसिर १४ गतेसम्म तपशिल अनुरूपको दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्र दाताहरूले बुझाई लिखित निवेदनको साथमा बोलपत्र दाताको फर्म दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धिकर कार्यालयमा दर्ता गरिएको प्रमाण-पत्र, गुणस्तर चिन्ह प्राप्त गरेको प्रमाण-पत्र (पाईपको हकमा) तथा अघिल्लो आ.व. ०७३/०७४ को कर तिरेको प्रमाण-पत्रहरूको प्रमाणित प्रंतिलिपिहरू यस कार्यालयमा पेश गरी बोलपत्र खरिद गर्न सकिने छ ।
२. क्र.सं. १ को हकमा बोलपत्रदाता आफै पाइप उत्पादक कर्ता भएमा आफैले बोलपत्र खरिद गर्न पाउने र बोलपत्रदाता आफैले उक्त पाइप नबनाउने वा उत्पादन नगर्ने भएमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम २५ को उप-नियम ३ बमोजिम पाईप आपूर्ति गर्ने सम्बन्धी सम्पूर्ण अधिकार आफुलाई एकलौटी रूपमा रितपूर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात बोलपत्र दाताले बोलपत्र खरिद गर्दा पेश गर्नु पर्ने छ ।
३. बोलपत्र पेश गर्दा माथि उल्लेखित प्रमाण-पत्रहरूको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी कार्यालयबाट विक्री भएको बोलपत्र फाराममा दररेट महलको अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गरी जमानत वापतको धरौटी रकम तपशिल बमोजिमको खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको बैंक जमानी पत्र (बिडबण्ड) साथै उल्लेखित सम्पूर्ण कागजात संलग्न गरी २०७४ मंसिर १४ गतेभित्र बोलपत्र खरिद गरी २०७४ मंसिर १५ गते दिनको १२:०० बजे सम्म शिलबन्दी खाम यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ ।
४. दर्ता हुन आएका बोलपत्रहरू दर्ता हुने अन्तिम दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाताहरूको प्रतिनिधिहरू उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा त्यस पछि लगतै कार्यालय खुलेका दिनमा क्रमश खरिद गर्ने तथा दर्ता गर्ने कार्य गरिने छ ।
६. म्याद भित्र दर्ता हुन नआएको तथा अन्य कुनै रीत नपुगेको बोलपत्रहरू उपर कुनै किसिमको कारवाही हुने छैन ।
७. पेश भएको बोलपत्र स्विकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रूपमा स्विकृत गर्ने अधिकार खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालय, बाजुरामा निहित रहने छ ।
८. यस सूचनामा नपरेका अन्य कुराहरू प्रचलित कानून बमोजिम हुने छ ।
९. कुनै किसिमको अन्य जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

तपसिल

| क्र.सं. | ठेक्का न. | कार्यको बिबरण | लागत ईष्टिमेट रकम (भ्याट बाहेक) | बोलपत्र दस्तुर | धरौटी खाता नं. | जमानत वापतको धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७४/७५ | एच.डि.पि. पाईप आपूर्ति कार्य | ४९,४४,९७१।८७ | ३,०००।०० | ४०७०२०३०००००० | १,५०,०००।०० |
| २. | ०२/०७४/७५ | प्लेन सेडिमेण्टेशन टंकी निर्माण कार्य | ३१,८८,६४१।१५ | ३,०००।०० | ४०७०२०३०००००० | १,००,०००।०० |

सब-डिभिजन प्रमुख



# अर्थ

2017, NOV
Wednesday
1

आसन्न गहुँ बालीको समयमा हुनसक्ने रासायनिक मलको अभावका बारेमा जानकारी गराउनुका साथै भारत सरकार बाट हुनसक्ने सहयोगका बारे छलफल भएको छ

## ३० प्रतिशत सहकारीको मात्रै साधारणसभा

हेटौंडा, (नेस)

मकवानपुरका ३० प्रतिशत सहकारी संस्थाले मात्रै असोज मसान्तभित्र साधारणसभा सम्पन्न गरेका छन्। जिल्लामा ५ सय ६३ वटा सहकारी सञ्चालित रहेकामा १ सय ७० ले मात्र वार्षिक साधारणसभा सम्पन्न गरेका हुन्।

सहकारी ऐनमा असोज मसान्तभित्र लेखापरीक्षणसहित वार्षिक साधारणसभा सम्पन्न गरिसक्नुपर्ने प्रावधान भए पनि जिल्लाका ७० प्रतिशत सहकारीले साधारणसभा गरेका छैनन्।

साधारणसभाका लागि ३ सय ५९ सहकारी संस्थाले डिभिजन सहकारी कार्यालयबाट लेखापरीक्षण स्वीकृति प्राप्त गरेका छन्। समयमा साधारणसभा नगर्ने कामले सहकारी संस्थालाई नै घाटा हुने डिभिजन सहकारी प्रमुख तिलकराम पोखरेलले बताउनुभयो।


हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।







# मलको अभावमा हिउँदेबाली प्रभावित

हेमन्त जोशी, काठमाडौं

हिउँदे बाली लगाउनुभन्दा अघि खेतमा छरिने डीएपी रासायनिक मलको अभाव देखिएको छ। हरेक वर्षजसो देखिने मलको समस्या यस वर्ष पनि दोहोरिएपछि किसान मर्कामा परेका छन्। बाढीका कारण धानबालीमा क्षति भए पनि हिउँदे बाली राम्रो गर्ने आशा राखेका कृषकलाई मल अभावले थप मर्कामा पारेको हो।

कलकत्ता बन्दरगाहमा देखिएको समस्याले लोड हुन नसकेका कारण असोज अन्तिम साता नेपाल भित्रिसक्नु पर्ने मल केही ढिलो भएको र अन्तराष्ट्रिय बजारमा मुल्य बढेका कारण केही समस्या देखिएको कृषि विकास मन्त्रालयले जनाएको छ। कोलकत्ता बन्दरगाहमा उत्पन्न समस्याका कारण समयमै मल आपूर्ति हुन नसकेको तथा अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य बढेकाले नेपालमा पनि असर गरेको जनाएको हो।

कृषि विकास मन्त्रालय, कृषि सामग्री खरीद शाखा प्रमुख इश्वरीप्रसाद पाण्डेले गहुँ बाली लगाउनुभन्दा अघि छरिने डीएपी मल नेपाल भित्रिन नसकेको बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्नुहुँदै पाण्डेले भन्नुभयो-'कलकत्ताबाट मल आउन ढिलाई भएका कारण अहिले चाहिने डीएपी मलको अभाव हुनसक्छ। तर, उक्त समस्या हटेका कारण मंगलबारबाट मल नेपाल भित्रिन थालिसकेको छ। यसले गर्दा अभाव हुँदैन।' पाण्डेका अनुसार मंगलबार मात्र २५ हजार मेट्रिक टन नेपाल भित्रिएको छ।

अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य बढेकाले पनि अप्ठेरो परेको मन्त्रालयले जनाएको छ। एक महिना अन्तरालमा मात्र प्रति मेट्रिक टन सय अमेरिकी डलर बराबर मूल्य बढेकाले कम मात्रामा मल आयात खरीद गरिएको हो। चालू आर्थिक वर्षमा मल खरिदका लागि मन्त्रालयले छुट्याएको ४ अर्ब ५१ करोड रुपियाँ छुट्याएको छ। अन्तर्राष्ट्रिय बजारमा युरिया मलको वार्षिक ४ लाख मेट्रिक टनभन्दा बढी रासायनिक मलको माग रहे पनि कृषि विकास मन्त्रालय यसवर्ष ३ लाख मेट्रिक टन मात्र खरिद गर्ने योजना बनाएको छ।

> छलफलमा आसन्न गहुँ बालीको समयमा हुनसक्ने रासायनिक मलको अभावका बारेमा जानकारी गराउनुका साथै भारत सरकारबाट हुनसक्ने सहयोगका बारे छलफल भएको छ।

योजना अनुसारको मल आयात गर्न पनि समयमा मन्त्रालयले चाँसो नदेखाउँदा किसानले मल अभावको मसस्या भोग्नुपरेको हो। कृषि विकास मन्त्रालयका सहप्रवक्ता शंकरप्रसाद सापकोटाले केही ठाउँबाट मल अभावको समस्या रहेको जानकारी आएको बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्नुहुँदै सापकोटाले भन्नुभयो-'केही जिल्लाहरूमा मल अभाव रहेको भन्ने कुरा जानकारीमा आएको छ। तर, हिउँदेबाली लगाउन अझै समय बाँकी रहेकाले किसानहरूले आत्तिनुपर्ने अवस्था छैन।' सापकोटाका अनुसार मल खरीदको काम गर्दै आएका कृषि सामाग्री केन्द्र लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनसँग हिउँदे बालीका लागि केही परिमाणमा मौज्दात रहेको छ। मल खरीदको काम वर्षभरी नै गरिरहने हुँदा माग भए बमोजिम खरिद गर्ने गरिएको उहाँले बताउनुभयो।

हाल कृषि सामग्री केन्द्र र साल्ट ट्रेडिङले सार्वजनिक खरिद ऐन अनुसार मल खरिदको काम गर्दै आएका छन्। टेण्डर आह्वान, ढुवानी लगायतका कार्यमा ढिलाई हुने भएकाले पनि किसानले समयमा मल नपाउने समस्या खेप्दै आएका छन्। धान काटेर हिउँदे बाली लगाउनु अघि नै डीएपी खेतमा हाल्नुपर्ने भएकाले यसको अभावमा कृषकले समयमै बाली लगाउन सकेका छैनन्। गहुँ छर्न ढिलाइ भएपछि उत्पादनमा पनि कमी आउने भन्दै कृषकहरू चिन्तित छन्। बाली लगाउने बेला कृषकले मल नपाउँदा पनि सरकार गम्भीर हुन नसकेको र सोही कारण हिउँदे बालीको उत्पादन घट्न सक्ने सम्भावना समेत देखिएको छ देखिएको छ।

### भारतीय राजदूतसँग छलफल

कृषि विकास मन्त्री रामकृष्ण यादवले भारतीय राजदूत मन्जिम सिंह पूरीसँग नेपाल-भारतबीच भइरहेको र हुनसक्ने कृषि विकासका आयामहरूको बारेमा छलफल गर्नुभएको छ। छलफलमा आसन्न गहुँ बालीको समयमा हुनसक्ने रासायनिक मलको अभावका बारेमा जानकारी गराउनुका साथै भारत सरकारबाट हुनसक्ने सहयोगका बारे छलफल भएको छ।

### छानविन समिति गठन

भारतको सरकारी कम्पनी ब्रह्मपुत्र भ्याली फर्टिलाईजर कर्पोरेसन लिमिटेडबाट विराटनगरमा प्राप्त युरिया मलमा तौल कम रहेको भेटिएपछि उक्त विषयमा छानविन गर्न तीन सदस्यीय समिति गठन गरिएको छ। युरिया मलका बोरामा तौल कम रहेको भन्ने भन्ने विषयमा तत्काल छानविन गरी ५ दिनभित्र कृषि विकास मन्त्रालयमा लिखित प्रतिवेदन बुझाउन मन्त्रालयले निर्देशन दिएको हो। छानविन समितिमा पूर्वाञ्चल क्षेत्रीय कृषि निर्देशनालयका निर्देशक हस्तबहादुर विष्टको संयोजकत्वमा कृषि विकास मन्त्रालय कृषि सामग्री व्यवस्थापन शाखा प्रमुख र कृषि सामाग्री कम्पनी लिमिटेडका अधिकृत सदस्य रहेका छन्। उक्त समितिलाई छानविनका लागि बुधबार नै सो क्षेत्रमा पठाउने निर्णय समेत गरिएको मन्त्रालयले जनाएको छ।





# "मलाई बाल"

| DATE | ASSOCIATES | PROGRAM | DAY / TIME |
|---|---|---|---|
| 4th November | Kramasha Nepal [Vocal, Music, Lyrics & Arrange] | Band Profile | Sat [11-1 PM] |
| 10th November | Phiroj Bajracharya [Recordist] | U Say We Play | Fri [2-3 PM] |

FROM 1ST NOV 2017
TODAY (2-3pm) in U Say We Play
@ TIMES FM 90. 6 MHz
for exclusive talks with the entire team.
times FM 90.6 MHz
u deserve better
FM 90.6 MHz Only tune on


# ओभरलोडसम्बन्धी कानुन कार्यान्वयन गर्न माग

यमलाल भुसाल, बुटवल

मालवाहक सवारी साधनको ओभरलोड समस्या समाधानका लागि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले भारबहन नियमन सम्बन्धी कार्यविधि २०७१ लागू गरे पनि सम्बन्धित सरकारी निकायबाट कार्यान्वयन नहुँदा ओभरलोड समस्या समाधान हुन सकेको छैन।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले २०७१ भदौ १ गतेदेखि लागू हुने गरी मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी कार्यविधि लागू गरेको थियो। उक्त कार्यविधि कार्यान्वयन गराउने सरकारी निकाय भन्सार कार्यालय, प्रहरी, यातायात व्यवस्था कार्यालय र जिल्ला प्रशासन कार्यालयले कार्यविधि कार्यान्वयनमा उदासिनता देखाउँदा भारवहन नियन्त्रणका लागि बनेको कार्यविधि अलपत्रजस्तै भएको हो।

भारबहन नियमन सम्बन्धी कार्यविधि २०७१ मा ६ चक्के मालवाहक ट्रकले ९ दशमलव ६ टन, १० चक्केले १६ दशमलव ५ टन, १२ चक्केले २१ टन र १४ चक्केले २५ टनभन्दा बढी भार बहन गर्न नपाइने उल्लेख छ। तोकिएको भारबहन क्षमताभन्दा बढी बहन गरेमा मालवाहक सवारी साधनले कार्यविधिले तोकअनुसारको जरिवाना तिरेर ओभर लोडको सामान अनलोड गर्ने र उक्त सामानको आफैंले जिम्मा लिनुपर्ने उल्लेख छ।

त्यस्तै आयात भएको सामानको भार बहन क्षमता मिलान गरेर मात्रै ढुवानीका लागि सम्बन्धित भन्सार कार्यालयले इजाजत दिनुपर्ने र तोकिएबमोजिम भन्दा बढी भारबहन गर्नुपर्ने सामग्रीको हकमा सम्बन्धित यातायात व्यवस्था कार्यालयको स्वीकृतिमा मात्रै भन्सार कार्यालयले ढुवानी इजाजत दिन पाउने कार्यविधिमा छ। तर, ओभरलोड भएर आएका भारतीय मालवाहक सवारी साधनलाई भने यो व्यवस्थाले छुन नसकेको नेपाली मालवाहक यातायात व्यवसायी बताउँछन्। लागू भएको कार्यविधि कार्यान्वयन गर्नका लागि पटक पटक सम्बन्धित कार्यालयमा आग्रह गरि पनि ती कार्यालयका अधिकारीले वेवास्ता गरेको मालवाहक यातायात व्यवसायीले मंगलबार बुटबलमा पत्रकार सम्मेलन गरी गुनासो गरेका छन्।

पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवल, बाणगंगा यातायात व्यवसायी समिति कपिलवस्तु र लुम्बिनी ट्रक यातायात व्यवसायी संघ भैरहवाले मंगलबार बुटवलमा संयुक्त रूपमा पत्रकार सम्मेलन गरी अब पनि ओभरलोड समस्या समाधान नभए बाध्य भएर आन्दोलनमा जाने चेतावनी दिएका हुन्।

भारतीय गाडीको ओभरलोडका कारण नेपाली व्यवसायीहरू आफ्ना सवारी साधन थन्काएर बस्नुपर्ने स्थिति विकास हुँदै गएको बताउँदै पश्चिमाञ्चल यातायात व्यवसायी समितिका पूर्वअध्यक्ष अर्जुन रानाभाटले आन्दोलन बाहेक अरू केही विकल्प नभएको बताउनुभयो।

भारतबाट वेलहीया तथा कृष्णनगर नाका हुँदै दैनिक १८० वटासम्म भारतीय ट्रक नेपाल भित्रिने त्यसमध्ये ५० प्रतिशत सवारी साधन अत्याधिक ओभरलोडका हुने पश्चिमाञ्चल यातायात व्यवसायी समितिका अध्यक्ष टीकाराम गौतमले बताउनुभयो।

'जति पनि भारतीय गाडी नेपाल प्रवेश गर्दछन्। ती ट्रकमा अत्याधिक भारवहन हुन्छ जसले गर्दा नेपालका सडकको क्षमताले ति लोड धान्न सक्दैनन र सडक क्षतविक्षत हुनुका साथै अधिक लोडका कारण पुल पुलेसासमेत जोखिममा परेका छन्।' पत्रकार सम्मेलनमा पश्चिमाञ्चल यातायात व्यवसायी समितिका निवर्तमान अध्यक्ष लोकराज पोखरेलले भन्नुभयो।

नेपालमा मात्रै ६२ हजार ट्रक रहेको र ती ट्रकमा प्रत्यक्ष रूपमा सवालाख श्रमिकले रोजगारी पाए पनि सरकारले नेपाली व्यवसायीलाई वेवास्ता गरी भारतीय व्यवसायीलाई काखी च्यापेको लुम्बिनी ट्रक यातायात व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद खरेलले बताउनुभयो।

ओभरलोडको समस्या ट्रक व्यवसायीका मात्र नभई सार्वजनिक महत्वका विषय भएकाले कानुनले निर्दिष्ट गरेका कुरा कानुनको परिपालना गर्ने गराउने निकायले नगरी कानुनकै बर्खिलाप भएको बाणगंगा यातायात व्यवसायी समितिका अध्यक्ष विष्णुप्रसाद न्यौपानेले बताउनुभयो।

ओभरलोड समस्या समाधान नभए आन्दोलनको चेतावनी दिएका व्यावसायिक संस्थाले लोड बहिस्कार गरी सवारी साधनका चाबी प्रशासनलाई बुझाउने पश्चिमाञ्चल यातायात व्यवसायी समितिका महासचिव हरिप्रसाद कँडेलले बताउनुभयो। नारायणी पश्चिमका मालवाहक सवारी साधनका व्यवसायी समितिले ओभरलोड नियन्त्रणका लागि केही समययता अभियान सञ्चालन गरेका छन्।

## SHARE MARKET

31 OCTOBER TUESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 8889.00 | 440.00 | 433.00 | 437.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 3613.00 | 540.00 | 527.00 | 530.00 | -10.00 |
| 3 | Arun Kabeli Power Ltd. | 1710.00 | 335.00 | 327.00 | 334.00 | 2.00 |
| 4 | Arun Valley Hydropower Dev.Co. Ltd. | 1344.00 | 212.00 | 211.00 | 212.00 | 0.00 |
| 5 | Asian Life Insurance Co. Limited | 478.00 | 1515.00 | 1480.00 | 1480.00 | -10.00 |
| 6 | Bank of Kathmandu Ltd. | 7396.00 | 442.00 | 438.00 | 438.00 | -2.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 243.00 | 211.00 | 207.00 | 207.00 | -4.00 |
| 8 | Best Finance Company Ltd. | 31150.00 | 141.00 | 141.00 | 141.00 | 2.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 13183.00 | 277.00 | 265.00 | 266.00 | -9.00 |
| 10 | Bishal Bazar Company Limited | 150.00 | 2140.00 | 2100.00 | 2100.00 | 0.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 220.00 | 6600.00 | 6500.00 | 6600.00 | 51.00 |
| 12 | Butwal Power Company Limited | 2120.00 | 625.00 | 615.00 | 615.00 | -13.00 |
| 13 | Central Finance Co. Ltd. | 3122.00 | 191.00 | 188.00 | 188.00 | -1.00 |
| 14 | Century Commercial Bank Ltd. | 21305.00 | 227.00 | 221.00 | 222.00 | -2.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 400.00 | 1140.00 | 1126.00 | 1126.00 | -14.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 351.00 | 195.00 | 190.00 | 195.00 | -1.00 |
| 17 | Chilime Hydropower Company Limited | 10707.00 | 765.00 | 757.00 | 760.00 | 3.00 |
| 18 | Citizen Bank International Limited | 8941.00 | 300.00 | 297.00 | 298.00 | -2.00 |
| 19 | Citizen Investment Trust | 1480.00 | 3685.00 | 3661.00 | 3661.00 | 0.00 |
| 20 | Civil Bank Ltd | 14653.00 | 238.00 | 233.00 | 233.00 | -2.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 1597.00 | 1224.00 | 1208.00 | 1210.00 | 10.00 |
| 22 | Deprosc Development Bank Limited | 426.00 | 1209.00 | 1200.00 | 1209.00 | -9.00 |
| 23 | Deva Bikas Bank Limited | 4474.00 | 255.00 | 250.00 | 253.00 | -1.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 11.00 | 156.00 | 156.00 | 156.00 | -3.00 |
| 25 | Everest Bank Limited | 6353.00 | 1231.00 | 1191.00 | 1200.00 | -8.00 |
| 26 | Everest Insurance Co. Ltd. | 10.00 | 2635.00 | 2635.00 | 2635.00 | 0.00 |
| 27 | Excel Development Bank Ltd. | 770.00 | 489.00 | 485.00 | 489.00 | -1.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 1877.00 | 832.00 | 823.00 | 823.00 | -11.00 |
| 29 | Forward Community Mic. Bittiya San. Ltd. | 2753.00 | 3500.00 | 3465.00 | 3480.00 | -20.00 |
| 30 | Gandaki Bikas Bank Limited | 3056.00 | 358.00 | 353.00 | 356.00 | 3.00 |
| 31 | Garima Bikas Bank Limited | 1950.00 | 253.00 | 250.00 | 250.00 | -1.00 |
| 32 | Global IME Bank Limited | 18935.00 | 338.00 | 330.00 | 330.00 | -6.00 |
| 33 | Global IME Samunnat Scheme-1 | 4000.00 | 9.95 | 9.95 | 9.95 | 0.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 200.00 | 185.00 | 182.00 | 185.00 | 0.00 |
| 35 | Green Development Bank Ltd. | 305.00 | 521.00 | 511.00 | 512.00 | -19.00 |
| 36 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 222.00 | 202.00 | 198.00 | 200.00 | -6.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 2971.00 | 1025.00 | 986.00 | 986.00 | -39.00 |
| 38 | Gurkhas Finance Ltd. Pro. Share | 246474.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 39 | Gurkhas Finance Ltd. | 7263.00 | 190.00 | 182.00 | 189.00 | 8.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 40.00 | 198.00 | 198.00 | 198.00 | 3.00 |
| 41 | Himalayan Bank Limited | 1559.00 | 870.00 | 851.00 | 857.00 | -3.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 940.00 | 724.00 | 716.00 | 722.00 | 2.00 |
| 43 | Himalayan Power Partner Ltd. | 2930.00 | 366.00 | 360.00 | 363.00 | -2.00 |
| 44 | ICFC Finance Limited | 782.00 | 230.00 | 230.00 | 230.00 | -4.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 25164.00 | 187.00 | 183.00 | 186.00 | 4.00 |
| 46 | Janata Bank Nepal Ltd. | 27213.00 | 254.00 | 251.00 | 253.00 | -1.00 |
| 47 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 66.00 | 3500.00 | 3450.00 | 3500.00 | -5.00 |
| 48 | Jebils Finance Ltd. | 1125.00 | 143.00 | 143.00 | 143.00 | 0.00 |
| 49 | Jyoti Bikas Bank Limited | 3504.00 | 186.00 | 180.00 | 184.00 | 0.00 |
| 50 | Jyoti Bikash Bank Ltd. Promoter Share | 120000.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 8303.00 | 283.00 | 279.00 | 280.00 | -4.00 |
| 52 | Kalika Microcredit Development Bank Ltd. | 413.00 | 1907.00 | 1870.00 | 1880.00 | -10.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 1228.00 | 212.00 | 209.00 | 210.00 | -1.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 338.00 | 216.00 | 212.00 | 212.00 | 0.00 |
| 55 | Karnali Development Bank Limited | 500.00 | 260.00 | 260.00 | 260.00 | 0.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 154.00 | 168.00 | 161.00 | 161.00 | -6.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 1486.00 | 2450.00 | 2353.00 | 2360.00 | -140.00 |
| 58 | Kumari Bank Limited | 18128.00 | 308.00 | 305.00 | 305.00 | -3.00 |
| 59 | Lalitpur Finance Ltd. | 220.00 | 170.00 | 167.00 | 167.00 | -4.00 |
| 60 | Laxmi Bank Limited | 2704.00 | 322.00 | 316.00 | 316.00 | -4.00 |
| 61 | Laxmi Equity Fund | 2000.00 | 10.15 | 10.00 | 10.15 | 0.20 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1904.00 | 1551.00 | 1500.00 | 1502.00 | -49.00 |
| 63 | Laxmi Value Fund-1 | 5500.00 | 11.63 | 11.44 | 11.50 | -0.03 |
| 64 | Life Insurance Co. Nepal | 402.00 | 2070.00 | 2031.00 | 2070.00 | 10.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 9957.00 | 212.00 | 208.00 | 212.00 | 4.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 4921.00 | 849.00 | 840.00 | 847.00 | -7.00 |
| 67 | Machhapuchhre Bank Limited | 5598.00 | 320.00 | 310.00 | 317.00 | 1.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 5081.00 | 226.00 | 221.00 | 222.00 | -1.00 |
| 69 | Mahila Sahayatra Mic.Bittiya San. Ltd. | 379.00 | 1038.00 | 1001.00 | 1020.00 | -39.00 |
| 70 | Manjushree Finance Ltd. | 5638.00 | 149.00 | 145.00 | 149.00 | 0.00 |
| 71 | Mero Microfinance Bittiya Sanstha Ltd. | 55.00 | 1600.00 | 1580.00 | 1581.00 | -12.00 |
| 72 | Mirmire Microfinance Dev. Bank Ltd. | 138.00 | 2880.00 | 2840.00 | 2840.00 | -21.00 |
| 73 | Mission Development Bank Ltd. | 490.00 | 312.00 | 294.00 | 294.00 | -6.00 |
| 74 | Miteri Development Bank Limited | 449.00 | 511.00 | 505.00 | 511.00 | 0.00 |
| 75 | Mithila LaghuBitta Bikas Bank Ltd. | 60.00 | 1200.00 | 1195.00 | 1200.00 | 0.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 8667.00 | 610.00 | 598.00 | 598.00 | -11.00 |
| 77 | Muktinath Bikas Bank Ltd. Pro. Share | 29000.00 | 463.00 | 463.00 | 463.00 | 0.00 |
| 78 | Multipurpose Finance Company Limited | 216.00 | 245.00 | 227.00 | 245.00 | 22.00 |
| 79 | Nabil Balance Fund 1 | 12000.00 | 18.00 | 18.00 | 18.00 | 0.00 |
| 80 | Nabil Bank Limited | 4315.00 | 1225.00 | 1210.00 | 1219.00 | -6.00 |
| 81 | NABIL Bank Limited Promotor Share | 1923.00 | 885.00 | 875.00 | 882.00 | -3.00 |
| 82 | Nabil Equity Fund | 21304.00 | 11.00 | 10.66 | 10.66 | -0.34 |
| 83 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 188.00 | 3755.00 | 3715.00 | 3715.00 | -75.00 |
| 84 | NagBeli Lag. Bikas Bank Ltd. Pro. Share | 1000.00 | 1830.00 | 1830.00 | 1830.00 | -35.00 |
| 85 | National Hydro Power Company Ltd | 34810.00 | 128.00 | 125.00 | 126.00 | 0.00 |
| 86 | National Life Insurance Co. Ltd. | 734.00 | 1820.00 | 1785.00 | 1794.00 | -26.00 |
| 87 | National Microfinance Bittiya Sanstha Ltd. | 141.00 | 3110.00 | 3000.00 | 3110.00 | 69.00 |
| 88 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 610.00 | 2610.00 | 2600.00 | 2600.00 | -10.00 |
| 89 | NB Insurance Co. Ltd. | 1885.00 | 1130.00 | 1100.00 | 1112.00 | -20.00 |
| 90 | Neco Insurance Co. Ltd. | 7399.00 | 947.00 | 935.00 | 940.00 | -10.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 24284.00 | 295.00 | 290.00 | 293.00 | 0.00 |
| 92 | Nepal Bank Limited | 17452.00 | 346.00 | 341.00 | 342.00 | -7.00 |
| 93 | Nepal Community Dev. Bank Ltd. | 521.00 | 175.00 | 172.00 | 175.00 | 3.00 |
| 94 | Nepal Credit And Com.Bank Limited | 13652.00 | 360.00 | 356.00 | 360.00 | -3.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 17003.00 | 840.00 | 826.00 | 840.00 | 4.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 3240.00 | 705.00 | 677.00 | 703.00 | -1.00 |
| 97 | Nepal Insurance Co. Ltd. | 10520.00 | 1529.00 | 1510.00 | 1510.00 | -8.00 |
| 98 | Nepal Investment Bank Limited | 11747.00 | 638.00 | 631.00 | 635.00 | -1.00 |
| 99 | Nepal Investment Bank Ltd. Pro. Share | 16350.00 | 573.00 | 569.00 | 569.00 | -6.00 |
| 100 | Nepal Life Insurance Co. Ltd. | 6825.00 | 1960.00 | 1940.00 | 1960.00 | 5.00 |
| 101 | Nepal SBI Bank Limited | 3487.00 | 800.00 | 792.00 | 799.00 | 2.00 |
| 102 | Nerude Laghubita Bikas Bank Limited | 385.00 | 1135.00 | 1130.00 | 1135.00 | 5.00 |
| 103 | Ngadi Group Power Ltd. | 140.00 | 243.00 | 230.00 | 243.00 | 7.00 |
| 104 | NIBL Pragati Fund | 3516.00 | 10.20 | 10.00 | 10.02 | 0.01 |
| 105 | NIBL Samriddhi Fund 1 | 10000.00 | 12.10 | 12.01 | 12.10 | 0.00 |
| 106 | NIC Asia Bank Ltd. | 3442.00 | 364.00 | 362.00 | 363.00 | 0.00 |
| 107 | Nirdhan Utthan Bank Limited | 1153.00 | 2320.00 | 2305.00 | 2318.00 | 13.00 |
| 108 | NLG Insurance Company Ltd. | 7324.00 | 1571.00 | 1550.00 | 1571.00 | 1.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 324.00 | 2662.00 | 2620.00 | 2620.00 | 10.00 |
| 110 | NMB Bank Limited | 6232.00 | 482.00 | 478.00 | 480.00 | -4.00 |
| 111 | NMB Hybrid Fund L-1 | 7736.00 | 10.27 | 10.00 | 10.27 | 0.15 |
| 112 | NMB Sulav Investment Fund-1 | 34130.00 | 13.57 | 13.45 | 13.57 | 0.02 |
| 113 | Om Development Bank Ltd. | 2249.00 | 296.00 | 290.00 | 295.00 | 4.00 |
| 114 | Pokhara Finance Ltd. | 1080.00 | 226.00 | 218.00 | 224.00 | 2.00 |
| 115 | Prabhu Bank Limited | 15714.00 | 377.00 | 366.00 | 370.00 | -2.00 |
| 116 | Prabhu Insurance Ltd. | 3319.00 | 919.00 | 902.00 | 906.00 | -10.00 |
| 117 | Premier Insurance Co. Ltd. | 878.00 | 1589.00 | 1580.00 | 1580.00 | -6.00 |
| 118 | Prime Commercial Bank Ltd. | 13127.00 | 451.00 | 439.00 | 451.00 | 10.00 |
| 119 | Prime Life Insurance Company Limited | 233.00 | 1820.00 | 1811.00 | 1811.00 | 0.00 |
| 120 | ProgressiveFinance Limited | 734.00 | 236.00 | 230.00 | 235.00 | -5.00 |
| 121 | Prudential Insurance Co. Ltd. | 1830.00 | 1461.00 | 1450.00 | 1450.00 | -12.00 |
| 122 | Purnima Bikas Bank Ltd. | 446.00 | 299.00 | 296.00 | 298.00 | -3.00 |
| 123 | Rastriya Beema Company Limited | 555.00 | 17850.00 | 16751.00 | 17248.00 | 548.00 |
| 124 | Rastriya Beema Co. Limited Pro. Share | 1465.00 | 16500.00 | 15500.00 | 16000.00 | 610.00 |
| 125 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 1930.00 | 1930.00 | 1930.00 | -39.00 |
| 126 | Reliance Finance Ltd. | 16551.00 | 210.00 | 201.00 | 210.00 | 0.00 |
| 127 | Ridi Hydropower Dev. Company Ltd. | 1993.00 | 160.00 | 152.00 | 154.00 | 0.00 |
| 128 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 182.00 | 1305.00 | 1250.00 | 1305.00 | 50.00 |
| 129 | Rural Microfinance Dev. Centre Ltd. | 177.00 | 690.00 | 685.00 | 690.00 | -8.00 |
| 130 | Sagarmatha Insurance Co. Ltd. | 1560.00 | 1650.00 | 1620.00 | 1630.00 | -5.00 |
| 131 | Sahayogi Bikas Bank Limited | 150.00 | 327.00 | 321.00 | 327.00 | 3.00 |
| 132 | Sana Kisan Bikas Bank Ltd | 345.00 | 1524.00 | 1502.00 | 1524.00 | 9.00 |
| 133 | Sanima Bank Limited | 16816.00 | 352.00 | 342.00 | 344.00 | -3.00 |
| 134 | Sanima Mai Hydropower Ltd. | 628.00 | 515.00 | 513.00 | 513.00 | 2.00 |
| 135 | Saptakoshi Development Bank Ltd. | 1068.00 | 180.00 | 176.00 | 176.00 | -6.00 |
| 136 | Shangrila Development Bank Ltd. | 1960.00 | 375.00 | 370.00 | 370.00 | -5.00 |
| 137 | Shikhar Insurance Co. Ltd. | 7997.00 | 1970.00 | 1892.00 | 1900.00 | -29.00 |
| 138 | Shine Resunga Development Bank Ltd. | 500.00 | 410.00 | 410.00 | 410.00 | 1.00 |
| 139 | Shree Investment Finance Co. Ltd. | 500.00 | 447.00 | 447.00 | 447.00 | -9.00 |
| 140 | Shrijana Finance (Bittaya Sanstha) | 60.00 | 545.00 | 545.00 | 545.00 | 10.00 |
| 141 | Siddhartha Bank Limited | 4300.00 | 410.00 | 407.00 | 409.00 | -3.00 |
| 142 | Siddhartha Equity Orineted Scheme | 89000.00 | 12.60 | 12.30 | 12.60 | 0.10 |

Total Amount Rs. 418,140,252 Total Quantity 1,248,375 Total No of Transactions 3,790

{ सम्मेलनले द्विपक्षीय व्यापार, लगानीका अवसर तथा औद्योगिक सहकार्य र प्रविधिमा सहकार्य विस्तारका लागि तेस्रो मुलुकसँग पनि सहकार्य गरी लगानी भित्र्याउनुपर्नेमा सहभागीले आग्रह गरेका छन्।

# राष्ट्रिय पुनर्जागरणका लागि नेपाली कांग्रेसका आर्थिक एजेन्डा

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसले प्रदेशसभा र प्रतिनिधिसभाका लागि जारी गरेको घोषणापत्रमा आर्थिक मुद्दाहरूले पनि पर्याप्त स्थान पाएका छन्। घोषणापत्रमा आर्थिक समृद्धिको अभियानमा समृद्ध, आधुनिक र न्यायपूर्ण समाज निर्माण गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन र संरक्षण गर्दै तीव्र आर्थिक विकासको बाटोमा डोहोऱ्याउने राष्ट्रिय संकल्प, नीति र कानूनको आधारभूमि तयार पार्ने उल्लेख गरिएको छ।

तीव्र र दिगो आर्थिक विकासको माध्यमबाट राष्ट्रिय पुनर्जागरणको संकल्पले आगामी पाँच वर्षभित्र औद्योगिक लगानी र उत्पादनमा व्यापक विस्तार गर्दै नेपाललाई प्रमुख खाद्यान्न, फलफूल, तरकारी, दुग्ध उत्पादन, अण्डा र मासुउत्पादन, जलविद्युत्, ऊर्जा, वन सम्पदामा आधारित प्रमुख वस्तुहरूमा आत्मनिर्भर बनाउने उल्लेख गरिएको छ। त्यसैगरी तुलनात्मक लाभ भएका र उच्च मूल्य भएका नेपाली वस्तुहरूको निर्यात व्यापारसमेत व्यापक रूपमा विस्तार गरिने उल्लेख गरेको छ।

'नेपाल जल, जडीबुटी र जैविक विविधतासँगै समृद्ध पर्यावरण र सम्पदाका कारण संसारभरिको आकर्षणको केन्द्र बन्ने क्षमता राख्छ। नेपालको वन सम्पदा र जडीबुटी आर्युर्वेदका निम्ति मात्र होइन आधुनिक चिकित्साको विविध औषधिको स्रोत पनि हो। नेपाली कांग्रेस यी बहुमूल्य जडीबुटीको उपयोग बढाउँदै आर्युर्वेद र प्राकृतिक चिकित्सा पद्धतिको अध्ययन, अनुसन्धान र प्रयोगलाई राष्ट्रिय पुनर्जागरण र पहिचानको माध्यम बनाउनेसंकल्प गर्दछ।' -घोषणापत्रमा लेखिएको छ।

नेपालका नदीनालाहरू नवीकरणीय ऊर्जाका अनन्त स्रोत भएको र यिनीहरूको चाँडो उपयोगद्वारा पुनर्जागरणको युग चाँडो प्रारम्भ हुने घोषणापत्रमा उल्लेख छ। नदीनाला ऊर्जाका स्रोत मात्र नभई सांस्कृतिक सम्पदाका र सभ्यताका मुहान पनि रहेकाले नदीहरूलगायत ताल तलैयाको संरक्षण, तथा वन सम्पदा र जैविक विविधताको विवेकपूर्ण उपयोग र संरक्षण राष्ट्रिय पुनर्जागरणको आधारका रूपमा संकेत गरिएको छ।

पर्यटनको माध्यमबाट अन्तर्राष्ट्रिय परिचय स्थापना गर्न पनि आवश्यक पहल गरिने घोषणापत्रमा जनाइएको छ। नेपालको पर्यटन क्षेत्रको तीव्र विकासद्वारा नेपालको समृद्धि र अन्तर्राष्ट्रिय पहिचानको बाटोमा अघि बढाउन आगामी दश वर्षमा ३२ लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको छ।

मर्यादित रोजगारी, सामाजिक सुरक्षा र समृद्ध परिवार निर्माणका लागि पनि जोड दिइएको छ। मुलुकमा बेरोजगारीको समस्या कहाली लाग्दो अवस्थामा आन्तरिक रोजगारी प्रवर्द्धन र वैदेशिक रोजगारी व्यवस्थापनमा सरकारले गम्भीर पहल गर्नुपर्ने अवस्था आएको नेपाली कांग्रेसको निष्कर्ष छ। कृषि, पर्यटन र सम्पदा संरक्षण, उद्योग, सहकारी, प्रविधिजस्ता क्षेत्रका उद्यमीलाई नीतिगत प्रोत्साहनसँगै निश्चित मात्राको अनुदान उपलब्ध गराउने र लगानी वृद्धि गरी गाउँमा रहेका युवाहरूलाई स्थानीय तहमा रोजगारी सृजना गर्ने कुरा उल्लेख गरिएको छ।

उत्पादनमूलक कार्यमा युवाहरूलाई संलग्न गराउन स्थानीय सरकारलाई प्रोत्साहित गरिनेछ। रोजगारी प्रवर्द्धनका निम्ति प्राविधिक शिक्षा र सीप विकासको व्यापक अवसर स्थानीय सरकारले सृजना गर्न आवश्यक सहयोग पुऱ्याइनेछ। 'उपयुक्त रोजगारी उपलब्ध नहुँदासम्म सामुदायिक सेवा र विकास कार्यमा संलग्न गराई बेराजगार भत्ता उपलब्ध गराइनेछ। आयमूलक कार्यमा संलग्न हुन असमर्थ जेष्ठ नागरिक, एकल र अशक्त महिला, अपाङ्गता भएका व्यक्ति, असहाय र बालबालिकाहरूलाई सामाजिक सुरक्षाको व्यवस्था गर्न नेपाली कांग्रेस प्रतिबद्ध रहेको छ।' -घोषणापत्रमा भनिएको छ।

आर्थिक उन्नतिको महत्तवपूर्ण आधार शिक्षा, सूचना प्रविधिमा पहुँच र रोजगारीको सुनिश्चितता पनि हो। त्यसैले बदलिँदो परिवेशमा एक परिवार-एक रोजगारको प्रत्याभूति गरिएको छ। 'युवाको लक्ष्य : सीप र दक्ष'जस्ता नीति र कार्यक्रमलाई अभियानका रूपमा नेपाली कांग्रेसले स्थानीय सरकारका माध्यमबाट सञ्चालन गरिने जनाएको छ। यसले स्थानीय तहदेखि नै नेपाली युवालाई आत्मनिर्भर र समाजलाई आधुनिक र प्रविधियुक्त विश्व प्रणालीमा आबद्ध गर्नेछ।

घोषणापत्रमा कांग्रेसले आफूलाई लोकतान्त्रिक समाजवाद र आर्थिक विकासको अभियन्ताका रूपमा पनि प्रस्टयाएको छ। २०१५ सालमा निर्वाचित बीपी कोइराला नेतृत्वको नेपाली कांग्रेसको सरकारले सामन्ती अर्थव्यवस्थाका संरचनालाई समाप्त पार्ने क्रान्तिकारी कामको प्रारम्भ गरेको थियो। जमिनदारी र बिर्ता प्रथाको उन्मूलन, वन-जंगलको राष्ट्रियकरण, मोहियानी हक र भूमि व्यवस्थामा सुधार जस्ता कार्यले आर्थिक विकास र आधुनिकताको जग बसालेको थियो। नेपालमा व्यापक औद्योगिकीकरण, सिँचाइ र हवाई पर्यटनका प्रारम्भिक पहलहरू गरेको उदाहरण पनि घोषणापत्रमा राखिएको छ।

नेपाली कांग्रेसले उदार आर्थिक नीतिअनुरूप प्रतिस्पर्धात्मक, आधुनिक र सामाजिक न्याय-उन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ। निजी क्षेत्रको भूमिका, बजार संयन्त्र र लगानीमैत्री नीति सम्मिलित यो फरक आर्थिक दर्शन साँघुरो अर्थमा निजी क्षेत्रतर्फ मात्र केन्द्रित नभएको समेत जनाइएको छ। विगतमा ठूलो संख्यामा जनता सक्रिय हुने गैरसरकारी संस्था, सहकारी, स्थानीय तह र सामुदायिक क्षेत्रलाई समेत यसले आर्थिक तथा सामाजिक विकासका गतिविधिहरूमा प्रोत्साहित गरेको थियो। अर्थतन्त्रको खुलापन र प्रतिस्पर्धात्मक रूपले सम्पूर्ण क्षेत्रकोसाधन, स्रोत, सीप, क्षमता तथा सृजनात्मक शक्तिलाई समेत सदुपयोग गर्ने नीति लिइएको छ। उद्योग, व्यापार, पर्यटन, विदेशी विनिमय, बैंकिङ, पुँजीबजार, कर-राजस्व, ऊर्जा-जलविद्युत्, सञ्चार, हवाई यातायातलगायत अर्थतन्त्रका हरेक क्षेत्रमा खुला आर्थिक नीति अपनाई स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने नीति प्रारम्भ गरेको जस पनि कांग्रेसले लिन खोजेको छ।

कांग्रेसको सरकारको पालामा वैज्ञानिक कर प्रणाली मूल्य अभिवृद्धि कर (भ्याट)को कार्यान्वयन गरिएको, आयकर ऐन तथा भन्सार ऐन र प्रशासनमा व्यापक सुधार गरिएको, राजस्व क्षेत्रमा गरिएको साहसिक निर्णयका कारण सरकारको ढुकुटी बढेको कुरा पनि घोषणापत्रमा छ। २०४८ सालमा करिब १२ अर्ब रुपियाँको हाराहारीमा रहेको राजस्व असूली यो वर्ष प्रचलित मूल्यमा करिब ७ सय अर्ब रुपियाँ नाँघ्ने अनुमान छ। यो स्रोतलाई भौतिक पूर्वाधारको विकास, सामाजिक क्षेत्र र ग्रामीण विकासतर्फ उन्मुख गराई विकास बजेटको ७० प्रतिशत रकम ग्रामीण क्षेत्रमा खर्च गर्ने नीति अपनाइएको हो।

यसरी नेपाली कांग्रेसले जनताको आर्थिक विकास र समृद्धिको चाहना पूरा गर्न निरन्तर क्रियाशील र प्रतिबद्ध रहने जनाएको छ। सामाजिक न्याय र लोककल्याणकारी आर्थिक-सामाजिक कार्यक्रमसहितको राज्य, सामाजिक जिम्मेवारी बोधसहितको निजी क्षेत्रको उद्यमशीलता र नेतृत्व तथा सहकारी, गैरसरकारी संस्था र सामुदायिक जन परिचालनको ऊर्जालाई व्यापक रूपमा उपयोग गर्दै समृद्ध र आधुनिक राष्ट्र एवं लोकतान्त्रिक समाजवादको बलियो आधार निर्माण गरिनेमा जोड दिएको छ।

## एनएमबी बैंकको ३५ वर्षे घरकर्जा योजना

काठमाडौं, (नेस)

एनएमबी बैंकले घर बनाउन अथवा नयाँ घरजग्गा किन्नका लागि ३५ वर्ष लामो समय अवधि भएको घरकर्जा योजना ल्याएको छ।

यस घरकर्जाको मुख्य बिशषता निम्न तथा मध्यआय भएका ग्राहकलाई लक्षित रहेको बैंकले जनाएको छ। अतुलनिय ब्याज दर, न्यूनतम मासिक किस्ता तथा लामो समय अवधि भएकाले समग्र ग्राहकवर्गलाई समेट्ने बैंकको विश्वास रहेको छ। ३५ वर्षे लामो समय अवधि भएको यो योजना नेपाली बैंकिङ क्षेत्रमै पहिलो तथा नौलो रहेको बैंको दाबी छ।

## सिजीका विद्युतीय सामग्री बजारमा

काठमाडौं, (नेस)

जाडो मौसमलाई मध्यनजर गरी सिजी ब्रान्डले विभिन्न किसिमका विद्युतीय घरायसी सामग्री बजारमा ल्याएको छ।

सिजीले विभिन्न मोडलका ग्यास गिजर, रुम हिटर, हट पट, इलेक्ट्रिक किट्ली, वाटर हिटर, वाटर डिस्पेन्स, फ्यान हिटरजस्ता सामग्री नेपाली बजारमा ल्याएको कम्पनीले जनाएको छ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**बालाजु शाखाको ३५ दिने सार्वजनिक सूचना**

अम्बर बहादुर अधिकारीको नाति, इन्द्र बहादुर अधिकारीको छोरा ललीतपुर जिल्ला, ललीतपूर उप.म.न.पा. वडा नं. १० बस्ने बर्ष ४५ को राजु कुमार अधिकारीको नाममा यस बैंकको बालाजु शाखामा खाता नं. ०३२१००००२९३५२४ र ०१२१०००६०१९८५२४ को बचत खाता रहेकोमा खाताबाला राजु कुमार अधिकारीको मिति २०७२/०४/०७ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, कार्यविनायक नगरपालिका, ललीतपूरको मिति २०७४/०४/२४ गतेको मृत्यु दर्ता प्रमाण पत्र लगायतका कागजातहरु पेश गरी स्व. राजु कुमार अधिकारीको पिता श्री इन्द्र बहादुर अधिकारले उक्त रकमको भुक्तानी पाउं भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएकोछ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको बालाजु शाखामा आफ्नो लिखित प्रमाण कागजहरु सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**कमलपोखरी शाखाको ३५ दिने सार्वजनिक सूचना**

दुर्गादत्त ढकालको बुहारी, बद्रिनाथ ढकालको पत्नी, स्याङ्जा जिल्ला, फापरथुम गा.वि.स. वडा नं. ८ बस्ने बर्ष ४१ की श्रीमति रमला शर्मा ढकालको नाममा यस बैंकको कमलपोखरी शाखामा खाता नं. ०५००००१४४४०५२४ को बचत खाता रहेकोमा खाताबाला रमला शर्मा ढकालको मिति २०६५/०४/२२ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, फापरथुम गा.वि.स. स्याङ्जाको, मिति २०६५/०६/१२ गतेको मृत्युदर्ता प्रमाण पत्र लगायतका कागजातहरु पेश गरी स्व. रमला शर्मा ढकालको पति बद्रिनाथ ढकालले उक्त रकमको भुक्तानी पाउं भनि निवेदन गर्नआउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको कमलपोखरी शाखामा आफ्नो लिखित प्रमाण कागजहरु सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## प्रतिवेदन बुझाउन धितोपत्र बोर्डको निर्देशन

काठमाडौं, (नेस)

नेपाल धितोपत्र बोर्डले नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सीडीएस एन्ड क्लियरिङ लिमिटेड र धितोपत्र दलाल व्यवसायी मर्चेन्ट बैंकरलाई अर्ध वार्षिक रूपमा लेखापरीक्षकबाट प्रमाणित नियम परिपालना प्रतिवेदन बोर्डमा पेस गर्नुपर्ने व्यवस्था गरेको छ।

धितोपत्र बजारको विकास र विस्तारमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सीडिएस एन्ड क्लियरिङ लिमिटेडको साथै अन्य धितोपत्र व्यवसायीहरूको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ।

सोही कारण धितोपत्र सम्बन्धी ऐन र सोअन्तर्गत बनेका नियम, विनियम र निर्देशनहरूमा उल्लेखित संस्थाको काम कारबाहीलाई व्यवस्थित तथा पारदर्शी बनाउन उक्त व्यवस्था गरिएको बोर्डले जनाएको छ।

संस्थागत सुशासन कायम गर्न गरिएका विभिन्न व्यवस्थाहरूलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न पनि बोर्डले निर्देशन दिएको छ।

संस्थागत सुशासन कायम गर्न र यसलाईं अझ प्रभावकारी बनाउने उद्देश्यले नियम परिपालनाको अवस्थालाई थप सुदृढ बनाउन ती संस्थालाई अर्धवार्षिक रूपमा लेखापरीक्षकबाट प्रमाणित नियम पालना प्रतिवेदन बोर्डमा बुझाउनु पर्ने व्यवस्था गरिएको हो।

यस व्यवस्थाबाट धितोपत्र बजार, धितोपत्र दलाल व्यवसायी तथा मर्चेन्ट बैंकरको नियम परिपालनाको अवस्थामा सुधार भई उक्त संस्थाहरूको सेवा प्रवाह व्यवस्थित, अनुशासित एवं पारदर्शी हुनु गई समग्र धितोपत्र बजार थप सुदृढ हुने अपेक्षा राखिएको धितोपत्र बोर्डले जनाएको छ।

## अष्ट्रियाको लगानी भित्र्याउने सम्झौता

**नेपाल समाचारपत्र**

काठमाडौंस

नेपाल उघोग बाणिज्य महासंघ र अष्ट्रियाको फेडेरल इकोनोमिक चेम्बरबीच द्विपक्षीय सम्झौता भएको छ। काठमाडौंमा प्रथम नेपाल अष्ट्रिया आर्थिक मञ्चको पहिलो सम्मेलनमा सो सम्झौता भएको हो। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणा र अष्ट्रियन फेडेरल इकोनोमिक चेम्बरका उपाध्यक्ष रिचार्ड सेन्चले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो।

सम्झौताले नेपाल र अष्ट्रियाको आर्थिक सम्बन्धको विकास गरी दुई देशबीच लगानीमैत्री वातावरण बनाउनेमा विश्वास गरिएको छ। नेपाल र अष्ट्रियाको आर्थिक सम्बन्धको सवलीकरण तथा विकासलाई महत्त्व दिन उक्त सम्झौतापत्रमा हस्ताक्षर गरिएको बताइएको छ । कार्यक्रममा उद्योगमन्त्री सुनीलबहादुर थापाले नेपालमा लगानीका गर्न आग्रह गर्दै नेपाल र अष्ट्रियाबीच भएको औद्योगिक ज्ञान, सीप तथा प्रविधिलाई आदानप्रदान गर्नुपर्नेमा जोड दिँदै दुई देशबीचको सम्बन्धलाई विस्तार गर्न द्विपक्षीय उच्च भ्रमण हुनुपर्नेमा जोड दिनुभयो। मन्त्री थापाले काठमाडौंभित्र मात्र लगानी केन्द्रित नगरेर बाहिर पनि उचित लगानीमैत्री क्षेत्र रहेकाले नेपालका सबै सम्भाव्यता क्षेत्रमा लगानी गरे सफल हुने बताउनुभयो।

उहाँले जलविद्युत् र पर्यटन क्षेत्रमा लगानीका लागि कर्णाली क्षेत्रमा पनि विशिष्ट सम्भावना भएको भन्दै लगानी बढाउन आग्रह गर्नुभयो। राष्ट्रिय योजना आयोगका सदस्य डा. चन्द्रकान्त पौडेलले राजनीतिक तथा नीतिगतरूपमा पनि नेपालमा लगानीका लागि उपयुक्त वातावरण सिर्जना भएको बताउँदै कृषि, ऊर्जा तथा सेवा क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो। कार्यक्रममा उद्योग सचिव यामकुमारी खतिवडा, व्यापार विस्तार गर्नको लागि उद्योग र कम्पनी दर्ता लगायत कागजी प्रक्रिया सहज भएको भन्दै सजह लगानी भित्र्याउन मन्त्रालय तयार रहेको बताउनुभयो।

उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले नेपालमा राजनीतिक अवस्था सुधार हुँदै गएकाले विकसित राजनीतिक अवस्थाले नेपाली लगानीकर्ताको मनोबल वृद्धि हुँदै गएकाले नेपालमा लगानी बढाउन आग्रह गर्नुभयो। नेपालमा लगानी गरेका बहुराष्ट्रिय कम्पनी स्थापित भएर सफल भएको भन्दै अध्यक्ष राणाले नेपाल सरकारले निजी क्षेत्रको विकासलाई विशेष महत्त्व दिँदै दोस्रो चरणको आर्थिक सुधार कार्यान्वयन गरिरहेको र नेपालमा लगानीको उच्चतम् प्रतिफल आउने हुँदा नेपालमा जुनसुकै क्षेत्रमा लगानी गर्न सकिने बताउनुभयो।

अष्ट्रियन फेडेरल इकोनोमिक चेम्बरका उपाध्यक्ष रिचार्ड सेन्चले लगानीका लागि नेपाल उपयुक्त स्थान भएकाले आफ्नो देशका उद्योगीहरू लगानी गर्न आतुर रहेको उल्लेख गर्दै लगानीलाई आगामी दिनमा थप विस्तार गर्ने बताउनुभयो। नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको सम्मेलनमा सहभागी अष्ट्रियन टोलीलाई नेपाल राष्ट्र बैंक, नेपाल पर्यटन बोर्ड, राष्ट्रिय योजना आयोग, नेपाल लगानी बोर्ड र कानुन व्यवसायीले अष्ट्रियाका लगानीकर्तालाई नेपालमा लगानीका लागि रहेका आर्थिक, राजनीतिक तथा कानुनी प्रावधानका बारेमा जानकारी गराएका थिए।

पर्यटन, रेलमार्ग, कृषि, जलविद्युत, ऊर्जा, केवलकार र निर्माण क्षेत्रमा सम्झौता नयाँ आयम ल्याउने र लगानी भित्र्याउनको लागि बाटो खुल्ला गर्नुनै सम्मेलनको मुल उद्देश्य रहेको महासंघका कोषध्यक्ष ज्ञानेन्द्रलाल प्रधानले बताउनुभयो।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ कात्तिक १५ नोभेम्बर १ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।३० | १०३।९० |
| युरो १ का रु. | १२०।१९ | १२०।८९ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३६।५२ | १३७।३१ |
| स्विस फ्रन्क १ का रु. | १०३।४६ | १०४।०६ |
| अस्ट्रलियन डलर १ का रु. | ७९।१५ | ७९।६१ |
| क्यानाडियन डलर १ का रु. | ८०।४० | ८०।८६ |
| सिङ्गापुर डलर १ का रु. | ७५।८४ | ७६।२८ |
| जापानी यन १० का रु. | ९।११ | ९।१७ |
| चिनियाँ युआन १ का रु. | १५।५८ | १५।६७ |
| साउदी अरब रियाल १ का रु. | २७।५५ | २७।७१ |
| कतारी रियाल १ का रु. | २८।३७ | २८।५३ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।११ | ३।१३ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।१३ | २८।२९ |
| मलसियन रिङ्गिट १ का रु. | २४।४१ | २४।५५ |
| दक्षिण कारियन वन १०० का रु. | ९।२३ | ९।२९ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।३४ |
| डनिस क्रानर १ का रु. | १६।१५ |
| हङकङ डलर १ का रु. | १३।२४ |

**नोटः** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।



# पहिलो खेलमा नेपाल पराजित

**एएफसी यू-१९ च्याम्पियनसिप छनोट**

नेपाल समाचारपत्र

काठमाडौं

एएफसी यू-१९ फुटबल च्याम्पियनसिपअन्तर्गत छनोट चरणको पहिलो खेलमा नेपाललाई निराशा हात परेको छ।

किर्गिस्तानको बिस्केकस्थित डोलेन ओमुरजाकोभ रंगशालामा मंगलबार भएको खेलमा नेपाल किर्गिस्तानसँग पराजित भएको हो। नेपाली युवाले आयोजक राष्ट्रविरुद्ध राम्रो प्रदर्शन गरे पनि २-० को नतिजा सुम्पँदै हार बेहोर्न बाध्य हुनुपर्‍यो। किर्गिस्तानले जित हात पार्न पनि निकै संघर्ष गर्नुपरेको थियो। घरेलु टोलीका बोरुबाएभ गुल्जिगिटीले पहिलो हाफमा र शुकुरोभ अलीमार्दोभले दोस्रो हाफमा गोल गरेका थिए।

२२औं मिनेटमा पहिलो गोल बेहोरेको नेपालले ६०औं मिनेटमा गोल गर्ने सुन्दर अवसर गुमाएको थियो। रेजीन सुब्बाले किर्गिस्तानका गोलकिपर बिट भइसकेको स्थितिमा पनि गोल गर्न सकेनन्। उनको प्रहारलाई डिफेन्डरले क्लियर गरिदिएपछि नेपालको खेलमा बराबरी हुने मौका खेर गएको थियो। यसपछि इन्जुरी समयमा शुकुरोभले अर्को गोल थप्दा नेपालको हार पक्का भएको थियो। समूह 'ए'मा रहेको नेपालले दोस्रो खेल भोलि बिहीबार बहराइनविरुद्ध खेल्नेछ। नेपाललाई इन्डोनेसियामा २०१८ मा हुने एएफसी च्याम्पियनसिपमा छनोट हुन बाँकी खेलमा जित्नै पर्ने दबाब भएको छ। नेपालको समूहमा यूएई र ओमान पनि रहेका छन्।

यसअघि नेपालले एक महिनाअगाडि भुटानमा भएको साफ यू-१८ च्याम्पियनसिप जितेको थियो। यही विजेता टोलीका प्रायः खेलाडी यू-१९ टोलीबाट खेलिरहेका छन्। छनोटमा समूहका शीर्ष टोली फाइनल चरणका लागि छानिनेछ। त्यस्तै दोस्रो उत्कृष्ट पाँच टोली पनि आगामी च्याम्पियनसिपका लागि छनोट हुनेछन्। विभाजित १० समूहका खेलहरू विभिन्न राष्ट्रमा आयोजना भइरहेको छ।

# नेपालका खेलाडी सेमिफाइनलमा

नेपाल समाचारपत्र

काठमाडौं



तस्वीर : उज्जोल डंगोल

ललितपुरमा जारी केशा ग्रुप एनएलटीए एसियन यू-१४ रेन्किङ टेनिस प्रतियोगिताअन्तर्गत मंगलबार भएका खेलमा नेपालका खेलाडीहरू सेमिफाइनलमा पुगेका छन्।

सातदोबाटोस्थित टेनिस कोर्टमा सम्पन्न क्वार्टरफाइनल खेल जित्दै ब्वाइज सिंगल्सतर्फ आर्यन गिरी, आदित सुवेदी अन्तिम चारमा प्रवेश गरे। त्यस्तै गर्ल्स सिंगल्सतर्फ प्रेरणा कोइराला, सलोनी तामाङ र रायना शाहले अन्तिम चारमा स्थान सुरक्षित गरेका थिए। तर नेपालका आदित्य सुवेदी भारतका गर्व बहलसँग पराजित हुँदै क्वार्टरफाइनलबाट बाहिरिएका थिए।

प्रतियोगिताअन्तर्गत दोस्रो दिन आर्यनले नेपालकै चिराग तिमिल्सिनालाई ६-०, ६-० ले ह्वाइटवास गर्दै अन्तिम चार सुरक्षित गरेका थिए। त्यस्तै आदितले नेपालकै आरभ हाडालाई हराउन तीन सेट खेल्नुपरेको थियो। उनले सो खेल ६-४, २-६, ६-० ले जितेका थिए।

यसैगरी प्रेरणाले आफ्नै राष्ट्रकी ईशा श्री शाहलाई ६-१, ६-० ले हराउँदा सलोनीले नेपालकी शर्बानी श्रेष्ठलाई ६-१, ४-६, ६-४ ले पन्छाएकी थिइन्। त्यस्तै रायनाले पनि नेपालकी लुमु लामालाई ६-०, ६-१ ले पराजित गरिन्। गर्ल्सतर्फ स्नेहा यादव भने भारतकी रिया मथारूसँग सहजै पराजित भइन्।

## धरहरा

### डरपोक आयोग



सरकार अहिले अराजक अवस्थामा छ। उसले जे मन लाग्यो त्यही गर्दै आएको पनि छ किनकि अहिले सरकारलाई अंकुश लगाउने संसद् पनि छैन। निर्वाचनको मिति घोषणा गरेपछि कर्मचारी सरुवा गर्न नपाइने नियम कता कता लेखेको पनि देखेको धरहराले यो सरकारलाई चाहिँ त्यो नियम लागू नभएको देखेर तीन छक्क परेको छ।

सरकारले ३ सय २ प्रहरी निरीक्षकको एकैपटक सरुवा गरेर आफ्नो असली रूप देखाएको छ। त्यो निर्वाचन आयोग भन्ने प्राणी पनि अचम्मकै रहेछ। सरकारले जे जे भने पनि हुन्छ हुन्छ भने पाइटमा सु सु गरिरहने हैन के भाका हुन आयोगका माननीयहरू पनि धरहराले केही बुझ्न सकेको छैन। तपाईंले केही बुझेको भए जानकारी पाऊँ है पाठकवृन्द।

# बालाजुमा मिनी पिच निर्माण हुने

काठमाडौं, (नेस)

एसियाली फुटबल महासंघ (एएफसी)का अध्यक्षको सहयोगमा नेपालका तीन जिल्लामा मिनी पिच निर्माण हुने भएको छ।

मंगलबार यसै क्रममा बालाजु बाइपासमा सेक्रेड हार्ट उमाविमा पिच निर्माणको लागि शिलान्यास गरियो। अन्य दुई पीच काठमाडौंबाहिर मकवानपुर र नवलपरासीमा बन्ने अखिल नेपाल फुटबल संघ (एन्फा)ले जनायो। एन्फाले सबै जिल्ला फुटबल संघका लागि पिच उपलब्ध गराउने क्रममा बालाजुमा न्युरोड टिम (एनआरटी)ले जग्गा भाडामा लिएको हो। यो अभियानका लागि कमसेकम १० वर्षका लागि उनीहरूकै खर्चमा जग्गा भाडामा लिनुपर्ने हुन्छ।

एएफसीले हाललाई तीनवटा पिच निर्माण गर्न ३ लाख डलर (लगभग नेपाली ३ करोड रुपियाँ) सहयोग गरेको छ। हरेक पिचका लागि १ लाख डलरको लागत राखिएको छ। पिच कृत्रिम र २० गुणा ४० वर्गको हुनुपर्छ।

# निसाना गर्धनमा परेपछि

नयाँ दिल्ली, (एजेन्सी)



आर्चरीको अभ्यास गर्ने क्रममा आर्चरीकी महिला खेलाडीले आफ्नै साथी खेलाडीको गर्दनमा निसाना लगाएकी छन्। १४ वर्षीया खेलाडी फजिला खातुनलाई तत्कालै अस्पतालमा लगेर वाण निकालिएको थियो। उनी घर फर्किसकेको र खतरामुक्त भएको पनि भारतीय सञ्चारमाध्यमले जनाएको छ।

सूत्रले जनाएअनुसार वीरभुम जिल्लाको बोलपुर स्पोर्टस् सेन्टरमा सोमबार बेहान आर्चरीको अभ्यास खेल चलिरहेको थियो। जियाउल शेख नामक खेलाडीले कोर्टमा टाँगिएको बोर्डमा निसाना लगाएकी थिइन्। त्यसै बखत फजिला उनको सामु आइपुगिन् र वाणले उनको दाहिने गर्धनमा घुसेर आरपार भएको थियो। यो घटनापछि खेलाडीहरू सहयोगका लागि यताउता दौडिन थाले।

गम्भीर अवस्थामा महिला खेलाडीलाई बोलपुरको प्राथमिक स्वास्थ्य केन्द्रमा पुर्‍याएको थियो। त्यहाँबाट उनलाई अस्पतालमा रिफर गरिएको थियो। आठ कक्षाकी छात्र फजिलाकी आमाले यसलाई दुर्घटनाको संज्ञा दिएकी थिइन्। तर घटनापछि वीरभुम जिल्ला स्पोर्टस बोर्ड छानविनमा परेको छ।

भारतीय खेल प्राधिकरणका क्षेत्रीय निर्देशक एमएस गोयन्दीले पनि यसलाई दुर्घटना नै बताए। उनले खातुनको गर्धनको छेउमा लागेको भाग्यवश उनको श्वास नलीमा नपरेकोमा भगवान्‌लाई धन्यवाद दिएका थिए। घटनाको प्रतिवेदन माागिएको छ। फजिला जुलाईमा जिल्लास्तरीय आर्चरी प्रतियोगितामा छनोट भइसकेकी छिन्। परीक्षणमा रहेकी उनले भनिन्- 'प्रशिक्षणमा कोच उपस्थित छैनन्।'

# २२ स्वर्णका लागि ३ सय खेलाडी

काठमाडौं, (नेस)

तेक्वान्दो आईटीएफ नेपालको आयोजनामा आजदेखि हुने च्याम्पियनसिपमा २२ स्वर्णका लागि ३ सय खेलाडीले प्रतिस्पर्धा गर्ने भएको छ। दुई दिनसम्म लैनचौरस्थित टेबल टेनिस प्रशिक्षण केन्द्रको हलमा हुने च्याम्पियनसिपमा महिलाको ७ तौल, पुरुषमा ८ तौल र जुनियरतर्फ ७ गरी २२ तौलसमूहमा प्रतिस्पर्धा हुने संघका अध्यक्ष चेतनराज गिरीले जानकारी दिए। पुरुषतर्फ ४० केजीमुनि, ४५ केजीमुनि, ५० केजीमुनि, ५५ केजीमुनि, ६० केजीमुनि, ६५ केजीमुनि, ७० केजीमुनि र ७५ केजीमुनि तथा महिलामा ४० केजीदेखि ७० केजीमुनी तौलसमूहमा प्रतिस्पर्धा हुने संघका प्रमुख प्रशिक्षक विश्व श्रेष्ठले जानकारी दिए।

जुनियरतर्फ महिला तथा पुरुषमा २० केजीदेखि ४५ केजीतौल समूहमा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ। काठमाडौं जिल्ला खेलकुद विकास समिति र नेपाल खेलकुद महासंघअन्तर्गतको राष्ट्रिय आईटीएफ तेक्वान्दो संघको सह-आयोजनामा हुने च्याम्पियनसिपका लागि अनुमानित लागत ४ लाख लाग्ने आयोजकले जनाएको छ। च्याम्पियनसिपमा करिब ३ सय खेलाडीले कुल २२ स्वर्ण, २२ रजत र ४४ कांस्य पदकका लागि प्रतिस्पर्धा गर्नेछन्। च्याम्पियनसिपका लागि भारतका ४ राज्यका खेलाडीको सहभागिता रहनेछन्। मंगलबार संघकै आयोजनामा एकदिने अन्तर्राष्ट्रियस्तरको प्राविधक तथा प्रशिक्षक प्रशिक्षण कोर्स पनि सम्पन्न भएको छ। सेमिनारमा नेपाल र भारत गरी कुल १ सय ५० खेलाडीको सहभागिता रहेको थियो।


# जग्गा बिक्रीमा




स्कूल, कलेज, डिपार्टमेन्टल स्टोर, नर्सिङ होम, सिनेमाहल, गाडी सर्भिसिङ सेन्टर आदिका लागि अत्यन्त उपयोगी काठमाडौंको मध्यभागमा रहेको नक्सांकनअनुसार जग्गाको दुईतर्फी बाटो भएको ५ रोपनी जग्गा बिक्रीमा छ । आवश्यक र खरीदगर्न इच्छुक व्यक्तिले मात्र सीधै सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८४१३१४७८१


# आईएसको अर्को चेतावनी तस्वीर

लन्डन, (एजेन्सी)




आगामी विश्वकपमाथि आतंककारी समूह इस्लामिक स्टेट (आईएस)को आँखा परिरहेको छ।

रसियामा हुने विश्वकपलाई बिथोल्ने चेतावनीका साथ अर्को एउटा तस्वीर आईएसले सार्वजनिक गरिएपछि रसिया विश्वकप आतंकवाद भुमरीमा रहने हो कि भन्ने सबैतिर डर फैलिएको छ।

हाल सार्वजनिक गरिएको तस्वीरमा रियल मेड्रिड र पोर्चुगलका स्टार खेलाडी क्रिस्टियानो रोनाल्डोलाई घुँडाले टेकाएर धारिलो हतियार देखाइएको छ। उक्त तस्वीरमा लेखिएको थियो- 'हाम्रो चुनौती सुन्ने होइन, हेर्ने हो। त्यसैले प्रतीक्षा गर्नु, हामी पनि प्रतिक्षा गर्दछौं।'

अघिल्लो दिन मात्रै पनि आईएसले अर्का दुई स्टार खेलाडी अर्जेन्टिनाका लियोनल मेसी र ब्राजिलका नेयमारको यस्तै तस्वीर सार्वजनिक गरिएको थियो। उक्त तस्वीरमा मेसीको टाउको काटिएको र आईएसको झन्डा छेउमा लडिरहेको देखाइएको छ भने घुँडा टेकाएर नेयमारलाई बन्धक बनाइएको छ।

उक्त विषयमा चिन्ता व्यक्त गर्दै अर्जेन्टिनी फुटबल संघका अध्यक्ष क्लाउडियो टापियाले रसियासँग सुरक्षासम्बन्धी छलफल पनि गरेका छन्। यसअघि आईएसले मेसीलाई जेलभित्र राखिएको तथा फ्रेन्च प्रशिक्षक डिडियर डेसक्याम्पमाथि बन्दुक तेर्साइएको तस्वीर सार्वजनिक गरेको थियो। २०१८ को विश्वकप प्रतियोगितास्थल रहेको भोल्गोग्राड एरिनामा एक आईएस लडाकू बमसहित उभिएको तस्वीर पनि विश्वकपलाई लक्षित गरेर आईएसले सार्वजनिक गरेको थियो।

संसारकै सबैभन्दा ठूलो प्रतियोगिता विश्वकप आगामी वर्ष जुन १४ देखि शुरू भएर जुलाई १५ सम्म चल्नेछ। फाइनल खेल मास्कोको लुजनीकी रंगशालामा खेलाइनेछ। रसियाका १० शहरमा हुने प्रतियोगितामा खेलहरू १२ विभिन्न रंगशालामा आयोजना हुनेछ।




नेपाल समाचारपत्र कामना साधना

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं सम्पर्क : ०१-४२६११७९, एक्सटेन्सनः २१३ (९ बजेदेखि ६ बजेसम्म)


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ